चन्द्रागिरि
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"
बचत तथा ऋण सहकारी संस्था लि.

# ANNUAL REPORT
2080/81





"दिगो साकोस
सुखी र समृद्ध सदस्य"





## २३औं वार्षिक साधारण सभा

वार्षिक प्रतिवेदन आ.व. २०८०/८१
१२-१५ मंसिर, २०८१


चन्द्रागिरि न.पा.-७, थानकोट, महादेवस्थान, काठमाण्डौं
०१-४३१३०५८, ०१-४३१३०५९, ०१-४३१६७७७, ०१-४३१२७७७
info@chandragiri.coop.np
saccoschandragiri@gmail.com
www.chandragiri.coop.np

## सञ्चालक समिति



योगेन्द्रकुमार कुँवर
अध्यक्ष



हरिहर सिग्देल
उपाध्यक्ष



अच्युतकुमार कार्की
सचिव



मीनाकुमारी पाठक
कोषाध्यक्ष



शरद कुँवर
सहसचिव



शिवशंकर मानन्धर
सदस्य



ऋषिराम घिमिरे
सदस्य



लक्ष्मीबहादुर महर्जन
सदस्य



दीलकुमारी महर्जन
सदस्य



गोविन्द बस्नेत
सदस्य



रविना महर्जन
सदस्य



सुबास श्रेष्ठ
सदस्य

## लेखा सुपरिवेक्षण समिति



भानुप्रकाश ढकाल
संयोजक



इन्द्रबहादुर महर्जन
सदस्य



सुष्मा कुँवर
सदस्य



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ।।
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मुल्यहरूलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरू हुन् ।

१. स्वेच्छिक तथा खुल्ला सदस्यता । (Voluntary and Open Membership)
२. सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण । (Democratic Member Control)
३. सदस्यहरूको आर्थिक सहभागिता । (Member Economic Participation)
४. स्वायत्तता तथा स्वतन्त्रता । (Autonomy and Independence)
५. शिक्षा, तालिम र सूचना । (Education, Training and Information)
६. सहकारी संस्थाहरूका बीच सहयोग । (Co-operation Among Co-operatives)
७. समुदायप्रति चासो । (Concern for Community)

## विश्व ऋण परिषदको अन्तर्राष्ट्रिय ऋण संघ सञ्चालनका सिद्धान्तहरूः

१ **सहकारी संरचना (Cooperative Structure)**
- १.१ सदस्यहरूको स्वामित्व (Member Owned)
- १.२ सदस्यहरूको नियन्त्रण (Member Controlled)
- १.३ लोकतान्त्रिक नियन्त्रण (Democratic Control)

२. **सदस्यलाई सेवा (Service to Members)**
- २.१ वित्तीय समावेशीकरण (Financial Inclusion)
- २.२ वित्तीय स्थिरता (Financial Sustainability)
- २.३ सदस्यहरूको आर्थिक लाभ वृद्धि (Maximizing Member Economic Benefit)

३ **सामाजिक दायित्व (Social Responsibility)**
- ३.१ वित्तीय साक्षरता (Financial Literacy)
- ३.२ सञ्जाल सहकार्य (Network Cooperation)
- ३.३ सामाजिक उत्तरदायित्व (Community Responsibility)
- ३.४ विश्वव्यापी दृष्टिकोण ( Global Vision)

# संस्थाका गतिविधिहरूका झलक:




नेफ्स्कूनबाट अभियानको "उत्कृष्ट व्यवस्थापक पुरस्कार-२०८०" ग्रहण गर्ने क्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ र साथमा अध्यक्ष योगेन्द्रकुमार कुँवर



२२ औं वार्षिक साधारण सभाको निर्णय प्रमाणित गर्ने सभा उद्घाटन गर्नुहुँदै बागमती प्रदेश संस्कृतिक पर्यटन तथा सहकारी मन्त्रालयका मा. मन्त्री पुकार महर्जन




आ.व. २०८१/८२ को संस्थाद्वारा आयोजित प्रस्तावित कार्यक्रम तथा बजेट कार्यशालाको उद्घाटन गर्नुहुँदै संघीय सहकारी विभागका उप-रजिष्टार टेकराज अर्याल




संस्थाका सदस्यहरूलाई वित्तीय तथा ऋण परामर्शका लागि आयोजित कार्यक्रममा सम्बोधन गर्नुहुँदै संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवर

# संस्थाका गतिविधिहरूका झलकः




इन्डोनेसियाको वालीमा आयोजित ACCU Forum 2024 मा Microfinance and Small lending business विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ




२२ औं वार्षिक साधारण सभाको निर्णय प्रमाणित गर्ने सभामा चन्द्रागिरि न.पा. का प्रमुख घनश्याम गिरी लगायत विभिन्न संघ/संस्थाबाट प्रतिनिधित्व गर्नुहुने अतिथिहरु



अन्तर्राष्ट्रिय स्तरको एक्सेस ब्राण्ड प्राप्त गरेको जनउत्थान साकोस रुपन्देहीबाट चन्द्रागिरि साकोसको अध्ययन अवलोकन भ्रमणका क्रममा सहभागी व्यवस्थापनका प्रतिनिधिहरु




भगिनी संस्था पोखरा रोयल साकोस पोखरामा चन्द्रागिरि साकोसका समिति, उपसमिति, सल्लाहकार र व्यवस्थापनका प्रतिनिधिहरु अध्ययन अवलोकन भ्रमणको क्रममा

# संस्थाका गतिविधिहरूका झलकः




राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित सहकारीका सवाल सम्बन्धी नीति सम्वाद कार्यक्रममा प्यानलिस्टको रूपमा प्रमुख कार्यकारी अधिकृत र विभिन्न साकोसका व्यवस्थापन प्रमुखहरु




६७ औं राष्ट्रिय सहकारी दिवसमा सहभागीता जनाउने क्रममा संस्थाका समिति उपसमिति कर्मचारी व्यवस्थापन तथा लघुवित्त समुहका सदस्यहरु



आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक समीक्षा गोष्ठिमा सहभागीता जनाउनु हुँदै निवर्तमान् अध्यक्ष शिवशंकर मानन्धर लगायत समिति उपसमिति र व्यवस्थापनका प्रतिनिधिहरु



संचालक समिति र लेखा सुपरिवेक्षण समितिलाई Fit and Proper सम्बन्धमा सहजीकरण गर्नुहुँदै संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवर साथमा नेफ्स्कूनका बरिष्ठ अधिकृत प्रेमनाथ वाग्ले

# संस्थाका गतिविधिहरूका झलक:




आ.व. २०८१/८२ को कार्यसम्पादन लक्ष्य व्यवस्थापनलाई हस्तान्तरण गर्नुहुँदै संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवर र साथमा समितिका पदाधिकारीहरु




ग्लोबल मनीवीक २०२४ का अवसरमा ओमन्स क्रियशन सेवा केन्द्र बुढानिलकण्ठद्वारा आयोजित मनी म्यानेजमेन्ट मन्त्र कार्यक्रममा सहभागी विद्यार्थी तथा संस्थाका व्यवस्थापन प्रतिनिधीहरु




संस्थाका सदस्य सिता श्रेष्ठद्वारा संचालित सिता बुटिकमा कार्यरत उद्यमीहरु




चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कोषका मुख्य दाता सुरेन्द्र खड्काका साथमा छात्रवृत्ति प्राप्त गर्नुहुने विभिन्न विद्यालयका छात्र-छात्राहरु

# संस्थाका गतिविधिहरूका झलक:




सहकारी विभागद्वारा आयोजित सहकारीका व्यवस्थापन प्रमुखहरूसंग अन्तक्रिया कार्यक्रममा सहकारीका समसामयिक विषयहरु प्रस्तुत गर्नुहुँदै संस्थाका प्रमुख कार्यकारी अधिकृत



पाटन सेवाकेन्द्र व्यवस्थापन उपसमिति गठन तथा उपसमिति सदस्यहरूलाई कार्यविवरण हस्तान्तरण कार्यक्रम पश्चात तस्विरमा सम्बन्धित सदस्य तथा व्यवस्थापन प्रतिनिधिहरु




१७ बुँदे भगिनी सम्बन्ध सम्बन्धी सहमति पत्र आदान प्रदानको क्रममा चन्द्रागिरि साकोस र पोखरा रोयल साकोसका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरु




नवोदित ग्रामीण साकोसको सहकारी विस्तारित भेलामा अनुभव आदान-प्रदान पश्चात मायाँको चिनो प्रदान गर्नुहुँदै उक्त संस्थाका अध्यक्ष रामशरण पाठक

# संस्थाका गतिविधिहरूका झलक:




डी.एस.आई.के. जर्मनी र नेफ्स्कूनको सहकार्यमा आयोजित व्यवसाय विकास कार्यक्रममा सहभागीता जनाउने क्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत




ओमन्स क्रियशन सेवाकेन्द्र बुढानिलकण्ठमा आयोजित उद्यमीमेलामा आफ्नो उत्पादन विक्रि वितरणका लागि स्टल राख्नु हुँदै उद्यमी सदस्यहरु




संस्थाद्वारा आयोजित सदस्य विस्तारित मञ्च तथा शिक्षा कार्यक्रममा सहभागीता जनाउनुहुँदै संस्थाका सदस्य, उपसमिति तथा व्यवस्थापनका प्रतिनिधिहरु




सेवा प्रवेश सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागीता जनाउनुहुँदै नव नियुक्त कर्मचारीहरु


“बनाउनुहोस् अब आफ्नै
पौरखले आफ्नो सपनाको घर”
चन्द्रागिरि
आवास कर्जा
ब्याजदर ९.९९% | अवधि १५ वर्ष
१२ महिनासम्म ब्याजदर नबढ्ने ग्यारेन्टी
विस्तृत जानकारीको लागि ९८०१०४२९४१
चन्द्रागिरि
“दिगो साकोस, सुखी र समृद्ध सदस्य”
बचत तथा ऋण सहकारी संस्था लि.

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट महादेवस्थान, काठमाण्डौं

२३ औं बार्षिक साधारण सभा

१२-१५ मंसिर २०८१

## विषय सूची


| | |
|---|---|
| २३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १० |
| निर्वाचन कार्यक्रम प्रकाशन सम्बन्धी सूचना | ११ |
| संस्थाको संक्षिप्त परिचय | १२ |
| सञ्चालक समितिको वार्षिक प्रतिवेदन | २० |
| आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेट | ३२ |
| लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन | ४२ |
| स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | ४८ |
| वित्तीय स्थितिको विवरण पत्र (वासलात) | ५० |
| नाफा नोक्सान (आय व्यय) विवरण | ५१ |
| बचत (नाफा नोक्सान) बाँडफाँड हिसाब | ५३ |
| नगद प्रवाह विवरण | ५४ |
| इक्विटीमा भएको परिवर्तन | ५६ |
| वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरू | ५९ |
| वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू | ८३ |
| आ.व. २०८०/८१ मा दिवंगत सदस्यहरूको श्रद्धाञ्जली | १०९ |
| सल्लाहकार तथा उपसमितिहरूको सूची | ११० |

दर्ता नं.: ७२४/०५७/५८
पान नं.: ३०१९५२८०४

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"दिगो सहकारी, सुखी र समृद्ध सदस्य"

मितिः २०८१/०७/१२

## २३ औं वार्षिक साधारण सभा हुने बारे सूचना !

यस संस्थाको मिति २०८१/०६/१५ र मिति २०८१/०७/०७ को निर्णय अनुसार संस्थाको २३ औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएकोले तोकिएको मिति, समय र स्थानमा तोकिएका ईकाइहरूमा उपस्थित भई साधारण सभामा सहभागी भईदिनु हुन सम्पूर्ण सदस्यहरूमा अनुरोध छ ।

**तपसिलः**

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरूः**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।
६. शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. सहकारी एकीकरण सम्बन्धमा ।
८. आन्तरिक नीति तथा कार्यविधिहरु संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
१०. कानूनी प्रकृयामा रहेका संस्थाको लेना रकमहरु असुल उपर सम्बन्धमा ।
११. स्थीर सम्पत्ति खरिद सम्बन्धमा ।
१२. संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१३. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१४. सदस्यहरुबाट प्राप्त सुझाव सम्बन्धमा ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| मिति | ईकाई | क्षेत्र | समय | स्थान |
|---|---|---|---|---|
| २०८१/०८/१२ | १ | ओमन्स क्रियशन सेवाकेन्द्र अन्तर्गत रहनु भएका र काठमाण्डौं महानगरपालिका क्षेत्रमा बसोबास गर्ने सदस्यहरु सहभागी हुने । | विहान ११ बजेदेखी २ बजेसम्म | नेपाली चुलो प्रा.लि. लाजिम्पाट, काठमाण्डौं |
| २०८१/०८/१३ | २ | शुभतारा सेवाकेन्द्र, पाटन सेवाकेन्द्र र ललितपुर जिल्लामा बसोबास गर्ने सदस्यहरु सहभागी हुने । | विहान ११ बजेदेखी २ बजेसम्म | डिलाईट पार्टी भेन्यू महालक्ष्मीस्थान ललितपुर |
| २०८१/०८/१५ | ३ | मुख्य कार्यालय र दहचोक सेवा केन्द्र अन्तर्गत रहनुभएका र अन्य क्षेत्रमा छुट भएका सदस्यहरु सहभागी हुने । | विहान १० बजेदेखी १ बजेसम्म | शहिद स्मृती प्रकृति प्रतिष्ठान (त्रिभुवन पार्क थानकोट) |
| २०८१/०८/१८ | निर्णय प्रमाणीकरण गर्ने सभा | | विहान ८ बजे | संस्थाको मुख्य कार्यालय |

**पुनश्चः**

१. वार्षिक प्रतिवेदनको विद्युतीय प्रति संस्थाको वेबसाईट र फेसबुकबाट साधारण सभा हुनु भन्दा अगावै डाउनलोड गरी अध्ययन गर्न सकिने छ भने उपस्थिति दर्ता स्थलबाट प्रतिवेदनको छपाई संस्करण प्राप्त गर्न सकिनेछ ।
२. उपस्थित सदस्यहरूलाई यातायात तथा खाजा खर्च वापत रु ४००।- उपलब्ध गराईनेछ ।
३. उपस्थिति दर्ता गराउन आउँदा सदस्यता परिचय पत्र वा सदस्यता खुल्ने कागजातहरु सहित सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

अच्युतकुमार कार्की
सचिव

(निर्देशिकाको दफा ४ सँग सम्बन्धित अनुसूची १)

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट महादेवस्थान, काठमाण्डौं

## निर्वाचन उपसमितिको कार्यालय

मिति २०८१/०७/१२

### निर्वाचन कार्यक्रम प्रकाशन सम्बन्धी सूचना !

यस संस्थाको विनियम २०५७ तथा निर्वाचन निर्देशिका २०७२ (संशोधन सहित) दफा ४ बमोजिम संस्थाको यही मिति २०८१ मंसिर १२ देखि १५ गतेसम्म हुन गईरहेको २३ औं वार्षिक साधारण सभाबाट निर्वाचन हुने संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न देहाय बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

| क्र.स. | कार्यक्रम | मिति | समय (देखि-सम्म) |
|---|---|---|---|
| १. | मतदाताको पहिलो नामावली प्रकाशन | २०८१/०८/०६ | ११:०० |
| २. | मतदाता नामावली उपर दावी विरोध, छुट नाम दर्ता, सच्याउने वा हटाउने | २०८१/०८/०६ | ०२:०० |
| ३. | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८१/०८/०६ | ०३:०० |
| ४. | उम्मेद्वारको मनोनयन पत्र वितरण | २०८१/०८/०७ | ११:००-१२:०० |
| ५. | उम्मेदवारी पत्र दर्ता | २०८१/०८/०७ | १२:००-०३:०० |
| ६. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८१/०८/०७ | ०४:०० |
| ७. | उम्मेदवारी उपर दावी बिरोध | २०८१/०८/०८ | १२:०० |
| ८. | दावी बिरोध उपर छानबिन र नामावली प्रकाशन | २०८१/०८/०८ | ०२:०० |
| ९. | उम्मेदवारी फिर्ता लिने | २०८१/०८/०८ | ०४:३० |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/०८/०९ | ११:३० |
| ११. | मतदान | २०८१/०८/१२ देखि २०८१/०८/१५ सम्म सम्बन्धित ईकाई साधारण सभाहरुमा | तोकिए बमोजिम |
| १२ | मतगणना | २०८१/०८/१५ | मतदान सकिएपछि |
| १३ | निर्वाचन परिणाम घोषणा | २०८१/०८/१५ | मतगणना सकिएपछि |
| १४. | प्रमाण पत्र वितरण र सपथ ग्रहण | २०८१/०८/१८ | निर्णय प्रमाणित गर्ने सभाका अन्य कार्यसूचीहरुमा निर्णय भएपछि |

केशब बहादुर थापा
संयोजक
निर्वाचन उपसमिति

# संक्षिप्त परिचय

चन्द्रागिरि
"दिगो साकोस, सुखी र समृद्ध सदस्य"
बचत तथा ऋण सहकारी संस्था लि.

**संक्षिप्त पृष्ठभूमि :**

काठमाण्डौंको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.को वि.स. २०५७ साल पौष २२ गते तत्कालीन महादेवस्थान गा.वि.स तथा यसका आसपासका २५ जना किसान, बिभिन्न पेशासंग आवद्ध तथा सामाजिक अभियन्ताहरु मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । वि.स. २०५८ साल बैशाख ६ गते डिभिजन सहकारी कार्यालय काठमाण्डौंमा दर्ता भएपछि यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक कारोवार प्रारम्भ गरेको थियो । सुरुदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने काठमाण्डौं जिल्लामा चन्द्रागिरि न.पा. १२, सृजनाचोकमा दहचोक सेवा केन्द्र, बुढानिलकण्ठ न.पा. वडा नं ६, गणेशचोकमा ओमन्स क्रियशन सेवा केन्द्र, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १४, खुमलटामा शुभतारा सेवा केन्द्र, ललितपुर महानगरपालिका वडा नं. ३, पुल्चोकमा पाटन सेवा केन्द्र र गोदावरी नगरपालिका वडा नं १४, ठैवमा गोदावारी सेवा केन्द्र गरी १ मुख्य कार्यालय र अन्य ५ वटा सेवा केन्द्र सञ्चालनमा रहेका छन् ।

**कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र काठमाण्डौं तथा ललितपुर जिल्ला र धादिङ जिल्लाको धुनीबेसी नगरपालिका तथा थाक्रे गाउँपालिकाभित्र सीमित रहेको छ ।

**परिकल्पना :**

दिगो साकोस, सुखी र समृद्ध सदस्य ।

**ध्येय :**

बचत तथा ऋण सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तहरुलाई आत्मसात गर्दै नवीन विधि र




अत्याधुनिक प्रविधिको समुचित प्रयोग गरी उत्कृष्ट वित्तीय सेवा एवं सामाजिक सुरक्षा सहित अन्य सेवाहरु मार्फत सदस्यहरुको जीवनस्तर अभिबृद्धि गर्ने ।

**अन्तर निहित मूल्य :**

यस संस्था देहायका कुराहरुमा आफ्नो प्रतिवद्धता जाहेर गर्दछ ।

क) यस संस्था सहकारीका सर्वमान्य अन्तर्राष्ट्रिय सिद्धान्तहरु र मूल्य मान्यताहरुलाई आत्मसात गर्दै आफ्नो कार्य संचालन प्रकृयामा तिनीहरुलाई

अनुसरण गर्न प्रतिवद्ध छ ।

ख) सदस्यता प्रदान गर्दा वा सदस्यहरूलाई सेवा प्रदान गर्दा जाती, लिङ्ग, धर्म, आस्था र आर्थिक स्तरको आधारमा कुनै किसिमको भेदभाव र पक्षपात गर्ने छैन ।

ग) संस्थामा सुशासन कायम गरी संस्थालाई दिगो रूपमा संचालन गर्न र सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्न प्रतिवद्ध छ ।

घ) सदस्यहरूको नि:स्वार्थ सेवा आफ्नो धर्मको रूपमा लिइनेछ । साथै इमान्दारिता, पारदर्शिता र खुल्लापन मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्नेछ ।

ङ) सदस्यहरूवाट प्राप्त सल्लाह र सुझावहरु संस्था संचालनका आधारहरु बन्नेछन् ।

च) संचालक एवं कर्मचारीहरु संस्थाप्रति स्वउत्तरदायी र जवाफदेही हुनेछन् र सदस्यहरूको काममा कुनै किसिमको ढिला सुस्ती हुन दिने छैनन् ।

छ) संस्थाले सदस्यलाई सेवा प्रदान गर्ने सिलसिलामा कुनै किसिमको नाजायज फाईदा उठाईने छैन र कसैलाई पनि उठाउन दिने छैन ।

ज) सदस्यहरूको आर्थिक कारोवारको गोपनीयता राख्न संस्था प्रतिवद्ध छ ।

झ) गोपनीयता राख्नैपर्ने बाहेक संस्थाका हरेक कारोवार र क्रियाकलापहरु सवै सदस्य तथा

**आवद्धता :**

यस संस्था देहायका राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ/संस्थाहरूमा आवद्ध रहेको छ ।

| क्र.स. | आवद्ध रहेको संघरसंस्था |
|---|---|
| १ | एशियाली ऋण महासंघ (ACCU) |
| २ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. |
| ४ | बागमती प्रदेश सहकारी संघ लि. |
| ५ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कुन) |
| ६ | जिल्ला सहकारी संघ लि., काठमाण्डौ |
| ७ | काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि. |
| ८ | समृद्धि आवास विशिष्टीकृत सहकारी संघ लि. |
| ९ | महामञ्जूश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि. |

**विशेषता :**

- समुदायमा आधारित
- ३६५ दिन काउन्टर सेवा
- मुख्य कार्यालयमा विहान ८ बजेदेखि साँझ ७ बजेसम्म सेवा (हिउँदको समयमा बेलुका ६ बजेसम्म)
- सामाजिक सुरक्षा, एम्बुलेन्स तथा शव बाहन सुविधा
- डिजिटल सहकारी सेवा
- स्मार्ट सापटी
- लघुवित्त कार्यक्रम सञ्चालन

**संस्थाले प्राप्त गरेका महत्वपूर्ण पुरस्कार तथा सम्मान :**

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ/संस्था/निकाय |
|---|---|---|
| १ | सहकारी अभियानको उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार, २०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| २ | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३ | नेफ्स्कून प्रशंसा पुरस्कार, २०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ४ | उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कुन) |
| ५ | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |

## संस्थाको बचत प्रोडक्टहरूको विवरण

### नियमित बचत

| क्र.स. | बचतको प्रकार |
|---|---|
| १ | नियमित बचत |
| २ | मासिक बचत |
| ३ | दैनिक बचत |
| ४ | सञ्चय कोष बचत |

### ऐच्छिक बचत

| क्र.स. | बचतको प्रकार |
|---|---|
| १ | साधारण बचत |
| २ | खुत्रुके बचत |
| ३ | रेमिट्यान्स बचत |
| ४ | सदस्य उन्नति बचत |
| ५ | विशेष बचत |
| ६ | ज्येष्ठ सदस्य बचत |
| ७ | शेयर लाभांस बचत |
| ८ | संरक्षित पुँजी फिर्ता कोष बचत |
| ९ | तलब बचत खाता |

### वाल वालिका बचत

| क्र.स. | बचतको प्रकार |
|---|---|
| १ | वाल बचत |
| २ | छुनुमुनु नियमित बचत |
| ३ | छुनुमुनु सरल बचत |
| ४ | छुनुमुनु आवधिक बचत |

### आवधिक बचत

| क्र.स. | बचतको प्रकार |
|---|---|
| १ | छोटो अवधिको आवधिक बचत |
| २ | आवधिक बचत १ वर्षे |
| ३ | आवधिक बचत २ वर्षे |
| ४ | आवधिक बचत ३ वर्षे |
| ५ | रेमिट्यान्स आवधिक बचत |

## संस्थाको ऋण प्रोडक्टहरूको विवरणः

### व्यवसायिक ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | व्यापार तथा व्यवसाय ऋण |
| २ | सदस्य उत्थान ऋण |
| ३ | समुह जमानी लघुवीत्त ऋण |
| ४ | चालु पुँजी ऋण |

### उद्यमशीलता विकास ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | उद्यमी पुनरुत्थान ऋण |
| २ | उद्यमी ऋण |
| ३ | युवा उद्यमशीलता ऋण |
| ४ | प्रोफेशनल ऋण |
| ५ | बैदेशिक रोजगार ऋण |
| ६ | लघुवीत्त शेयर जमानी ऋण |

### कृषिमा आधारित ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | कृषि व्यवसाय ऋण |
| २ | पशुपंक्षी पालन व्यवसाय ऋण |

### घर जग्गा ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | आवास ऋण |
| २ | जग्गा खरिद ऋण |
| ३ | घरघडेरी ऋण |

### शैक्षिक ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | शैक्षिक ऋण |

### हायर पर्चेज ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | हायर पर्चेज ऋण |
| २ | बैकल्पिक उर्जा ऋण |
| ३ | हरित सवारी ऋण |

### अन्य ऋण

| क्र.स. | ऋणको प्रकार |
|---|---|
| १ | सामाजिक कर्म ऋण |
| २ | नियमित बचत जमानी ऋण |
| ३ | आकस्मिक ऋण |
| ४ | चन्द्रागिरि सरल ऋण |
| ५ | धारा जडान ऋण |
| ६ | बचत जमानी ऋण |
| ७ | स्मार्ट सापटी |
| ८ | आवधिक बचत ऋण |

### सदस्यहरूले प्राप्त गर्ने सेवा सुविधा :

| क्र.स. | सेवा सुविधा | बिवरण |
|---|---|---|
| १. | आहतमा राहत | २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाको कारण आएकोबाढी पहिरोबाट धनजनको क्षति भएकोमा मृत्यु भएमा २ लाख सम्म, औषधि उपचारमा रु ३० हजारसम्म, सहुलियत ऋण रू. १५ लाखसम्मको सुविधा। |
| २. | काजक्रिया राहत | सदस्यको मृत्य भएमा ५ देखि रू. १५ हजार र सदस्यको परिवारको मृत्यु भएमा रू. ५ हजारसम्म । |
| ३. | स्वास्थ्य उपचार राहत | अस्पतालमा भर्ना भई उपचार गराउँदा वर्षको ३० हजारसम्म । शल्यक्रिया गर्नु पर्ने भएमा भर्ना नभएतापनि सुविधा प्राप्त हुने । |
| ४. | घातक रोग उपचार राहत | घातक रोग लागेमा कारोवारको आधारमा वर्षमा बढिमा रू. ५ लाख सम्मको घातक रोग उपचार राहत सुविधा प्राप्त हुने । हाल १८ घातक रोगहरुमा यो सुविधा उपलब्ध छ । |
| ५. | सुरक्षित मातृत्व कार्यक्रम | अस्पताल भर्ना भई सुत्केरी भएमा रू. ५ हजारदेखि ७ हजारसम्मको सुरक्षित मातृत्व सुविधा उपलब्ध हुने । |
| ६. | एम्बुलेन्स सुविधा | सदस्यहरूले सहुलियत दरमा एम्बुलेन्स सुविधा लिन पाउने । |
| ७. | शव वाहन सुविधा | सदस्य र सदस्यको परिवारले सहुलियत दरमा शव वाहन सुविधा लिन सक्ने । |

| | | |
|---|---|---|
| ८. | आकस्मिक सापटी सुविधा | सदस्यहरूले स्वास्थ्य उपचार, दुर्घना, दैवीप्रकोप, महामारी, आगलागी, भुकम्प आदि जस्ता आकस्मिक घटनाहरूमा धनजमानी राखी रू. १५ हजारसम्म ९० दिनको लागि निर्ब्याजी आकस्मिक सापटी सुविधा पाउने । |
| ९. | तीर्थाटन | वार्षिक कारोवारको आधारमा सदस्यहरूको योगदान रहने गरी देश भित्र, देश बाहिरका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको भ्रमणमा सहभागी हुन पाउने । |
| १०. | छात्रवृत्ति | कार्यक्षेत्रका सामुदायिक विद्यालय तथा क्याम्पसहरूमा अध्ययन गर्ने आर्थिक रूपले बिपन्न र जेहेन्दार विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति प्राप्त गर्न सक्ने । |
| ११. | विभिन्न तालिम तथा परामर्श | वित्त व्यवस्थापन, पारिवारिक योजना र बजेट, उद्यमशीलता विकास, व्यवसाय प्रवर्द्धन, बजारीकरण, व्यक्तित्व विकास, सिप विकास आदिको लागि विभिन्न तालिम तथा परामर्श सेवा तथा सुविधा लिन सक्ने । |
| १२. | दुर भुक्तानी सेवा | सदस्यहरूले सहकारीमा रहेको आफ्नो खाताको रकम दुर भुक्तानी पूर्जाको माध्यमबाट सहकारीमा उपस्थित नभई आफ्नो बैंक खातामा भुक्तानी प्राप्त गर्न सक्ने । |

**प्रविधिमा आधारित डिजिटल सेवाहरू :**

| क्र.स. | सेवाको प्रकार | बिवरण |
|---|---|---|
| १. | चन्द्रागिरि एम. सर्भिस. | बैंकिङ सेवा,<br>बैंकबाट चन्द्रागिरि र चन्द्रागिरिबाट बैंकमा फण्ड ट्रान्स्फर सेवा,<br>स्मार्ट सापटी सेवा<br>वालेटहरूमा रकम लोड सेवा,<br>रेमिट्यान्स सेवा,<br>QR भुक्तानी सेवा,<br>क्रेडिट कार्ड भुक्तानी सेवा,<br>बिल र युटिलिटी बिल भुक्तानी सेवा,<br>टिकेटिङ र बुकिङ सेवा,<br>मोबाईल टपअप, टेलिफोन महशुल, ईन्टरनेट, टि.भी. टुटल पठाओ, ट्राफिक जरिवाना, शेयर र ब्रोकर आदिको भुक्तानी सेवा,<br>विमाशुल्क, विद्युत महशुल, खानेपानी आदिको भुक्तानी सेवा,<br>एनसेल Ncell Voice/Data Pack खरिद |
| २. | ए.टि.एम.सेवा: | चन्द्रागिरि साकोसको एटिएम कार्डबाट रकम निकाल्न सकिने ए.टि.एम. धारक बैंक वित्तीय संस्था<br>१. चन्द्रागिरि साकोसको आफ्नै एटिएम ।<br>२. नेपालमा एटिएम सेवा सञ्चालन गर्ने सबै सहकारी संस्थाहरू ।<br>३. विभिन्न बाणिज्य बैंक, विकास बैंक तथा फाईनान्स कम्पनी । |

**संस्थाले सञ्चालन गरेका महत्वपूर्ण क्रियाकलापहरू :**

- सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई कक्षा ११ देखी स्नातकोत्तर तह सम्म अध्ययनको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको ।
- संस्थाको सदस्यहरूको सवारी साधनको ब्लुबुक नवीकरण र कर्मचारी सञ्चयकोषको ऋण सापटीको किस्ता भुक्तानीको लागि स्मार्ट काउन्टर सेवा ।
- कोभिड १९ को महामारीको समयमा नि:शुल्क पिपिई वितरण तथा भ्यान्टीलेटर निर्माण, स्वावटेस्ट बुथ निर्माणमा हौसला प्रदान गर्ने उद्देश्यले राष्ट्रिय आविस्कार केन्द्रलाई आर्थिक सहयोग ।
- मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालले स्थापना गरिएको कोरोनाभाईरस नियन्त्रण सहकारी केन्द्रलाई आर्थिक सहयोग ।
- कोभिड १९ को महामारीबाट प्रभावित ऋणहरूको भाखा सार्ने सुविधा उपलब्ध गराउनुको साथै ५ देखि १५ प्रतिशत ब्याज रिबेट उपलब्ध गराईएको ।
- लकडाउन अवधिमा अस्पतालमा उपचार गराईरहेका सदस्यहरूलाई उपचार खर्चको अभाव भएमा रु २५ हजारसम्मको अस्पतालको बिल संस्थाकै तर्फबाट भुक्तानी गर्ने व्यवस्था गरिएको ।
- कोभिड १९ को महामारी तथा लकडाउनको कारण प्रभावित साना स्वरोजगार सञ्चालन गरीरहेका, अनौपचारिक क्षेत्रमा श्रमिक सदस्यहरूलाई रु १५ हजार सम्म ९० दिनको लागि निशुल्क सापटी उपलब्ध गराईएको ।
- वि.स. २०७२ इन्धन अभावको कारण सार्वजनिक यातायात सहज नहुदाँ नि:शुल्क यातायात सञ्चालन ।
- मितव्ययी सामाजिक जागरणका लागि नियमित सामुहिक ब्रतबन्धको कार्यक्रम सञ्चालन ।
- युवाहरु सशक्तिकरणका लागि खेलकुद कार्यक्रम सञ्चालन ।
- स्थानीयस्तरमा बाताबरण संरक्षणको लागि प्लाष्टिक झोला मुक्त गर्ने अभियान सफल पार्न सदस्यहरूलाई पुन: प्रयोग गर्न सकिने झोला नियमित बितरण ।
- बिगत १० बर्षदेखि सदस्य, असक्त, असहाय, बिपन्न बर्गलाई नि:शुल्क शवबाहन तथा एम्बुलेन्स सेवा प्रदान गर्दै आएको ।
- आर्थिक रूपमा कमजोर तथा जेहेन्दार बिद्यार्थीहरूलाई कक्षा १० सम्म छात्रबृत्ति प्रदान ।
- सहकारी, शैक्षिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेका ब्यक्ति तथा संस्थाहरूलाई निरन्तर सम्मान तथा सहयोग ।
- नियमित सदस्य तथा समुदायका अन्य सदस्यहरूलाई स्वास्थ्य परीक्षणको लागि स्वास्थ्य शिविर र बिशेष गरी महिलाहरूको प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनात्मक कार्यक्रमको निरन्तरता ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी दिवसमा आयोजित कार्यक्रम तथा सार्वजनिक यातायात, सडक ट्राफिक ब्यवस्थापन सरसफाई लगायत बिभिन्न स्थानीयस्तरमा रहेका समस्याहरु समाधानमा सक्रिय सहभागिता ।

**संस्थाको स्थापनाकाल देखि वर्तमान समयसम्म संस्थाको कारोवारको झलक:**

| आ.ब. | शेयर पुँजी रू. | बचत रू. | ऋण रू. | कुल सम्पत्ति रू. |
|---|---|---|---|---|
| ०५७/५८ | ३,५८,००० | ३६,१२९ | ३४,१२५ | ३,९६,६८४ |
| ०५८/५९ | ७,२९,००० | ३,०६,०२२ | ८,९१,२०० | ११,१२,७२८ |
| ०५९/६० | १२,३३,००० | १३,२२,६०१ | १८,५९,९७३ | २६,३७,५५३ |
| ०६०/६१ | १५,००,००० | ३४,९०,३२० | ३२,२८,६९६ | ५३,५०,३७१ |
| ०६१/६२ | २३,४३,००० | १,०३,५१,६३६ | १,०८,५३,४७३ | १,३८,५३,३४० |
| ०६२/६३ | ३०,००,००० | १,६३,२६,८९९ | १,४२,३१,८२३ | २,१०,४७,३८३ |
| ०६३/६४ | ४०,००,००० | २,६०,१३,६४३ | २,५५,६०,५१४ | ३,२४,५७,६१४ |
| ०६४/६५ | ६०,००,००० | ४,१५,०९,२०३ | ३,९६,१२,१४८ | ५,१६,३२,०५३ |
| ०६५/६६ | १,०२,००,००० | ८,३८,९१,५९२ | ८,५४,४०,०४३ | १०,३७,४३,२९३ |

| | | | | |
|---|---|---|---|---|
| ०६६/६७ | २,०७,००,००० | १४,४४,४८,८४२ | १२,२२,५६,०४९ | १७,८८,५६,८३० |
| ०६७/६८ | ३,१३,००,००० | २३,९७,५०,०२० | २१,३०,७८,४६४ | २९,४४,८४,२८४ |
| ०६८/६९ | ४,१३,००,००० | ३९,४४,२१,८६८ | २८,०८,३९,५१० | ४७,२६,७९,५६५ |
| ०६९/७० | ४,५५,७२,८०० | ४४,२३,४०,४५० | ४८,०३,३५,६३९ | ६२,०२,९०,३९३ |
| ०७०/७१ | ५,२७,३७,९०० | ५३,९४,६८,३०२ | ४९,२७,४२,१६१ | ७०,४१,०३,१७३ |
| ०७१/७२ | ६,७६,००,००० | ६५,८०,९५,६३७ | ६०,९६,४०,७५५ | ९५,२४,१८,५९१ |
| ०७२/७३ | ७,४२,०२,३०० | ८८,३८,११,२९८ | ७३,३८,६३,२५३ | १,२०,४९,६४,३१० |
| ०७३/७४ | ८,४९,९३,७०० | ९५,०३,१४,२५२ | ८७,४१,३१,६०६ | १,४०,५२,८७,३९४ |
| ०७४/७५ | ९,२६,९२,८०० | १,१०,०३,८४,६७५ | ८१,०७,५८,७१२ | १,४५,२६,७२,७०८ |
| ०७५/७६ | १०,२०,००,००० | १,४०,२६,७२,९३९ | १,१०,६६,१६,३७२ | १,७२,८५,०२,६७० |
| ०७६/७७ | १०,६४,००,००० | १,७४,८४,६७,८०० | १,२८,३९,०४,६८७ | २,१०,९३,६१,८९५ |
| ०७७/७८ | १६,१३,८०,००० | २,२१,२४,८१,७०० | १,७३,८५,४७,७८२ | २,७२,६९,८१,६७८ |
| ०७८/७९ | १७,४०,४९,५०० | २,४१,६९,५८,६९१ | २,००,६७,७६,४९८ | २,९४,२५,५१,२२३ |
| ०७९/८० | १९,१२,२५,४०० | २,६७,६०,३१,८५४ | २,१२,१८,५७,७६१ | ३,०५,०५,९०,२७० |
| ०८०/८१ | २१,१६,३५,४०० | २,९७,७८,३५,६५१ | २,२७,७६,४८,८०४ | ३,३८,१७,१९,६५८ |

**आ.व. २०६४/०६५ देखि सदस्यहरूले प्राप्त गरेको सुविधा रकमको बिवरण:**

| आ.ब. | सेवा सुविधाको विवरण | | | | | | | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|
| | काजकिरिया सुविधा रू. | स्वाथ्य उपचार सुविधा रू. | घातक रोग उपचार सुविधा रू. | दुर्घटना क्षति सुविधा रू. | सुरक्षित मातृत्व सुविधा रू. | एम्बुलेन्स सुविधा रू. | शव बाहन सुविधा रू. | |
| ६४/६५ | ९१,००० | १,३५,६८० | | ४०,००० | ३०,१६० | | | २,९६,८४० |
| ६५/६६ | १,१६,००० | २,७९,०५५ | | | ३१,१७३ | ६,९५० | | ४,३३,१७८ |
| ६६/६७ | १,२३,००० | ४,४४,२०० | | | ३३,६३७ | ९,२३० | | ६,१०,०६७ |
| ६७/६८ | १,८५,००० | ४,७९,५५५ | | २०,००० | ३६,५८९ | ७,२५० | | ७,२८,३९४ |
| ६८/६९ | १,६४,००० | ६,०६,०१७ | | | १,३१,५५९ | २३,४३० | | ९,२५,००६ |
| ६९/७० | १,६८,००० | १०,३७,११८ | | | १,७५,९१३ | १,०७,२५० | ११,००० | १४,९९,२८१ |
| ७०/७१ | २,२३,८०० | १६,६०,६१२ | | | ८७,४११ | १,१०,७६१ | १८,५०० | २१,०१,०८४ |
| ७१/७२ | २,१५,५०० | १३,२७,६६५ | | ९१,००० | १,६०,३५३ | ७१,९०२ | १९,७५० | १८,८६,१७० |
| ७२/७३ | १,७६,६०० | ११,५१,७३२ | | १,०४,००० | १,५२,८१८ | ८७,३१० | ११,२६० | १६,८३,७२० |
| ७३/७४ | १,६७,७०० | १५,४८,६५४ | | | १,०५,५०० | ८१,५८५ | १२,७६२ | १९,१६,२०१ |
| ७४/७५ | ४,०५,५५० | १७,७८,७९९ | | ९९,००० | २,५८,४५० | १,०५,४९५ | ९,०६० | २६,५६,३५४ |
| ०७५/७६ | ५,२१,७०० | ३४,२६,५४२ | | १,००,००० | ४,४४,५२६ | १,२८,७७५ | ३१,०९० | ४६,५२,६३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ०७६/७७ | ५,३५,६२५ | २६,१३,६७४ | ४८,००० | ९०,००० | ४,५३,३११ | १,२४,३१९ | २७,८८३ | ३८,९२,८१२ |
| ०७७/७८ | ५,५३,३७५ | २५,०९,५३४ | ५,९६,८२२ | | ४,२६,९०५ | ८३,८०५ | १५,९२० | ४१,८६,३६१ |
| ०७८/७९ | ७,५४,१२५ | ४०,७०,६७४ | ३,७६,४९० | | ४,९४,८५० | १,०९,५५५ | १४,७५० | ५८,२०,४४४ |
| ०७९/८० | ७,२३,२५० | ५५,४६,८०२ | १,०८,००७ | | ६,०२,९५० | १,५७,४७० | ३८,३३० | ७१,७६,८०९ |
| ०८०/८१ | ८,८४,२५० | ५०,८९,८४८ | - | - | ५,७२,६७० | -८१,५७५ | ४८,२९० | ६७,१३,४९३ |
| **जम्मा** | **६०,०८,४७५** | **३,३७,०६,१६१** | **११,२९,३१९** | **५,४४,०००** | **४१,९८,७७५** | **११,३३,५१२** | **२,५८,५९५** | **४,७१,७८,८४७** |

**आ.व. २०६४/०६५ देखि सदस्य सेवा सुविधा रकम प्राप्त गर्ने सदस्यहरूको संख्यात्मक बिवरण:**

| आ.ब. | सेवा सुविधाको विवरण | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आपत कालिन सापटी | काज किरिया | घातक रोग उपचार | स्वास्थ्य उपचार | दुर्घटना क्षति | सुरक्षित मातृत्व | एम्बुलेन्स सुविधा | शव वाहन सुविधा | |
| ०६४/६५ | २३ | २५ | | २४ | १ | १४ | | | ८७ |
| ०६५/६६ | २७ | ३४ | | ३६ | | ११ | १५ | | १२३ |
| ०६६/६७ | ६१ | ४० | | ५८ | १ | १५ | २० | | १९५ |
| ०६७/६८ | ८६ | ५१ | | ६६ | | १४ | १५ | | २३२ |
| ०६८/६९ | ४७ | ४८ | | ७७ | | ३४ | १४३ | | ३४९ |
| ०६९/७० | १६ | ४७ | | ११६ | | ४८ | १८० | ८ | ४१५ |
| ०७०/७१ | १७ | ६३ | | १७८ | | २४ | १७४ | ८ | ४६४ |
| ०७१/७२ | १० | ६० | | १३५ | ३ | ४५ | १५१ | ९ | ४१३ |
| ०७२/७३ | २२ | ५७ | | ११० | ३ | ५० | १४२ | ६ | ३९० |
| ०७३/७४ | ६ | ५१ | | १४६ | | ३५ | १२९ | ९ | ३७६ |
| ०७४/७५ | ११ | ८७ | | १६७ | ३ | ७६ | १६२ | ६ | ५१२ |
| ०७५/७६ | ६ | ९९ | | २९० | १ | ९२ | १७६ | २१ | ६८५ |
| ०७६/७७ | ४० | १०२ | १ | २१६ | २ | ८९ | १९३ | १८ | ६६१ |
| ०७७/७८ | ९ | ११४ | ७ | २१३ | | ८९ | १२५ | १२ | ५६९ |
| ०७८/७९ | ४ | १७४ | ४ | ३२१ | | १०५ | १६६ | ९ | ७८३ |
| ०७९/८० | ४ | १४८ | १ | ४१२ | ० | ११३ | १६८ | १७ | ८६३ |
| ०८०/८१ | ० | १५१ | ० | ३७८ | ० | १०२ | १२७ | २२ | ७८० |
| **जम्मा** | **३८९** | **१३५१** | **१३** | **२९४३** | **१४** | **९५६** | **२०८६** | **१४५** | **७८९७** |

# २३ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष योगेन्द्रकुमार कुँवरद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरू,**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्थाको यस गरीमामय २३ औं वार्षिक साधारण सभामा संस्थाको सञ्चालक समितिको तर्फबाट अध्यक्षको हैसियतले यस सभामा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यू र सदस्य महानुभावहरूमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सहकारीको मूल्य मान्यता भन्दा फरक ढंगले सञ्चालन भएका र सुशासन कायम हुन नसकेका सहकारी संस्थामा देखापरेका समस्या र राज्यका उच्च पदस्त व्यक्तिहरु समेत सहकारीको बचत दुरूपयोगसंग जोडिएको समाचार हरूले आ.व. २०८०/८१ मा आम जनमानसको नजरमा सहकारीको तस्वीर नकारात्मक बन्दै गयो । नीति, विधि र प्रविधिमा सञ्चालन नभएको केही सहकारी संस्थाहरूमा देखिएको समस्याहरूले सबै सहकारी संस्थाहरु उस्तै हुन की भन्ने प्रश्न खडा हुन पुग्यो । तथापी बजारमा देखिएका यस प्रकारका चुनौतीहरूका बावजुद यस संस्थाले आफ्नो उत्कृष्ट वित्तीय कार्यसम्पादन र सदस्य सेवाहरूमा नवीनताका साथ निरन्तर सदस्यहरूकै विचमा रही सफलतापूर्वक सदस्यहरूलाई सेवा दिईरह्यो । यसै सन्दर्भमा सहकारी संस्था बचत दुरूपयोग सम्बन्धमा संसदीय छानविन विशेष विशेष समितिले तयार पारेको प्रतिवेदनको परिच्देद १० को पृष्ठ ३१९ मा राम्रा र अनुकरणीय अभ्यास गरेका समुदायमा आधारित र सदस्य केन्द्रित भई चलेका सहकारी संस्थाको सूचीमा यस संस्था समेत समावेश हुनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय छाता संघ संस्थाहरूबाट र सहकारी अभियानबाट उत्कृष्ट संस्था र व्यवस्थापनको पुरस्कार र प्रशंसाहरु प्राप्त भएबाट यो संस्था सदस्य प्रति समर्पित र सहकारी मूल्य मान्यता अनुसार सञ्चालन भईरहेको व्यहोरा थप पुष्टी हुन्छ ।

समग्र अर्थतन्त्रको संक्षिप्तमा समीक्षा गर्नु पर्दा नेपाल राष्ट्र बैंकले जारी गरेको आ.व. २०८१/८२ को मौद्रिक नीति र सहकारीका विभिन्न सरोकारवाला निकायहरूद्धारा प्रकाशित प्रतिवेदन अनुसार आ.व. २०८०/८१ मा विश्व अर्थतन्त्रले लिएको कसिलो मौद्रिक नीतिका बाबजुद अर्थतन्त्रमा अनुमान गरिए भन्दा सुधार देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले २०२५ सम्म सामान्य खालको आर्थिक सुधारको प्रक्षेपण गरेको पाईन्छ । विश्व अर्थतन्त्रको वृद्धिदर २०२३ मा ३.३% रहेकोमा २०२४ मा ३.२% र २०२५ मा पुनः ३.३% पुग्ने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि दर ३.८७% रहेको देखिएको छ । आवास, खाद्य सेवा, विद्युत, ग्यास, र यातायात क्षेत्रमा भएको विस्तारले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ, तर निर्माण र उत्पादन क्षेत्र ऋणात्मक देखिएको छ । नेपाल सरकारले २०८१/८२ मा ६% वृद्धिको लक्ष्य राखेको छ । कृषि क्षेत्रमा सुधार, विद्युत प्रसारणमा वृद्धि, पर्यटन प्रवर्द्धन, र जलविद्युतमा स्वदेशी/विदेशी लगानी आकर्षण गर्ने कार्यक्रमले अर्थतन्त्रलाई सहयोग पुर्‍याउने अनुमान गर्न सकिन्छ । आन्तरिक मागमा कमी भए पनि समयमै पुँजीगत खर्चले आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ । उपरोक्त पृष्ठभूमिको आधारमा यस संस्थाको लागि आ.व. २०८१/८२ थप सुधारात्मक र प्रगति उन्मुख रहने विश्वास गर्न सकिन्छ ।

**आदरणीय सदस्य महानुभावहरू,**

अब म यस यहाँहरु समक्ष आ.व. २०८०/८१ को मुख्य मुख्य प्रगति विवरण र संस्थाले सञ्चालन गरेका महत्वपूर्ण कार्यक्रमहरूको प्रतिवेदन प्रस्तुत गर्दछु ।

**१. सञ्चालक समितिको मान्यताः**

यस चन्द्रागिरि साकोसले संस्थागत सुशासन, सदस्यहरूको बचतको सुरक्षा, सुरक्षित लगानी र जोखिम न्यूनीकरण तथा सहकारीको सिद्धान्त र मूल्यहरूलाई प्राथमिकता दिई विकास गरिएको प्रणालीलाई सदैव अवलम्बन गरी आफ्नो जिम्मेवारीको पालना गर्ने र जवाफदेहिता वहन गर्ने मान्यता लिँदै आएको छ । साथै, संस्थाले रणनीतिक व्यवस्थापन पद्धति, व्यावसायिक कार्य पद्धतिको आधारमा निरन्तर परिष्कृत पद्धतिको अवलम्बन, कार्यसम्पादन, विकास, अनुसरण, व्यवस्थापन सदस्यहरूबीचको सुमधुर सम्बन्ध, सदस्यहरूमा भेदभाव रहित ढंगबाट सेवामा पूर्ण

रुपमा समर्पण जस्ता मूल्य र मान्यताको सम्बर्द्धन गरी अघि बढ्ने प्रण यहाँहरु माझ हामी गर्दछौं । त्यसैगरी संस्थागत सुशासनले परिकल्पना गरेको पदीय नैतिकताको परिपालना तथा स्वार्थ बाझिने अवस्थाको उचित व्यवस्थापन हुने गरी सञ्चालक समितिका सबै सदस्यहरूले संस्थासंग सरोकार राख्ने सबै प्रकारका गतिविधि तथा क्रियाकलापमा संयमता कायम गर्दै आउनु भएको छ र यस विषयमा सञ्चालक समिति सदैव संवेदनशील र सचेत रहेको छ ।

**२. सदस्य संख्याः २०,७७४**

मिति २०८१ असार मसान्त सम्ममा यस संस्थामा २०,७७४ जना सदस्य रहेका छन् । गत वर्ष १७,६४० जना सदस्य रहेकोमा यस वर्ष ३,१३४ जना नयाँ सदस्यहरु संस्थामा आवद्ध हुनु भएको छ । गत वर्षको तुलनामा १७.७६% ले बृद्धि भई उक्त संख्या कायम भएको हो । सदस्यहरूको विवरण देहाय अनुसार रहेको छ ।

| विवरण | सदस्य | वाल बचतकर्ता | जम्मा |
|---|---|---|---|
| महिला | १२,०७० | ६१२ | १२,६८२ |
| पुरुष | ७,२०९ | ७७४ | ७,९८३ |
| संस्थागत | १०९ | ० | १०९ |
| **जम्मा** | **१९,३८८** | **१,३८६** | **२०,७७४** |

**३. शेयर पुंजीः २१,१६,३५,४००।-**

गत आ.व. को शेयर पुंजी रु १९,१२,२५,४००।- मा आ.व. २०८०/८१ मा रु २,०४,१०,०००।- वृद्धि भई २०८१ असार मसान्तमा संस्थाको चुक्ता शेयर पुंजी रु २१,१६,३५,४००।- रहेको छ । सदस्यहरूको सहभागिताको आधारमा शेयर पुंजीलाई तपसिल अनुसार वर्गीकरण गरिएको छ ।

| क्र. सं. | विवरण | सदस्य संख्या | रकम रू. |
|---|---|---|---|
| १ | न्यूनतम् ५० कित्ता सम्म | ८,५४० | २,१५,३६,००० |
| २ | ५१ देखि १०० सम्म | ६,१२३ | ४,४१,७४,६०० |
| ३ | १०१ देखि ५०० सम्म | ४,१३४ | ८८,८८,२३०० |
| ४ | ५०१ देखि १,००० सम्म | ४०४ | २,८२,३४,५०० |
| ५ | १,००१ देखि माथि | १८७ | २,८८,०८,००० |
| | **जम्मा** | **१९,३८८** | **२१,१६,३५,४००** |

**४. सदस्यहरूको बचत/निक्षेप रकमः रू.२,९७,७८,३५,६५०.५०**

आ.व. २०८०/८१ को अन्तसम्ममा सदस्यहरूले जम्मा गर्नु भएको विभिन्न प्रकारको कुल बचत/निक्षेप रकम रु **२,९७,७८,३५,६५०.५०** रहेको छ । गत वर्षको कायम रहेको बचत/निक्षेप रकम रु २,६७,६०,३२,०००।- मा यस वर्ष रु ३०,१८,०३,६५०।३१ बृद्धि भई भएको हो । बचतको समिश्रणलाई विश्लेषण गर्दा संस्थामा वालवालिकाहरूको बचत २%, नियमित प्रकारको बचत १०%, ऐच्छिक प्रकारको बचत २२% र आवधिक प्रकारको बचत ६६% रहेको छ । आ.व. २०८०/८१ मा सदस्यहरूले रु ८,०४,२४,७८,४६५।- रकम जम्मा गर्नुभएको छ भने रु ७,७४,०६,७४,८१४।८२ रकम झिक्नु भएको छ । सोच अनुरुपको अनुकुल वित्तीय बजार नरहँदा समेत बचतमा ११.२८% को बृद्धिदर कायम हुनुले संस्थामा सदस्यहरूको सक्रियता, बचत परिचालनमा रहेको निरन्तरता र सदस्य समुदायको विस्वास रहेको यथार्थतालाई चित्रण गर्दछ ।

**५. ऋण लगानीः रू. २,२७,७१,९८,९३२।६०**

संस्थाले मुख्य कार्यालय र विभिन्न सेवाकेन्द्रहरूबाट आ.व. २०८०/८१ सदस्यहरूलाई रु १,९१,१८,५८,६२२।०७ ऋण लगानी गरेको छ भने सदस्यहरूबाट रु १,७५,६०,६७, ५६८।८९ ऋण असुली गरेको छ । गत वर्षको ऋण लगानीमा रहेको रकममा यस वर्ष जम्मा रु १५,५७,९१,०४३।१८ बृद्धि भई २०८१ असार मसान्तमा लगानीमा रहेको ऋण रकम रु २,२७,७१,९८,९३२।६० रहेको छ । यस वर्ष सदस्यहरूको आवश्यकतालाई सम्बोधन गर्नको लागि विद्युतीय सवारी साधन ऋण, सदस्य उन्नति कर्जा र हरित सवारी ऋण जस्ता ऋणको प्रोडक्टहरु विकास गरी लगानीको नयाँ क्षेत्रको पहिचान गरिएको थियो । लगानीमा रहेको ऋणलाई वर्गीकरण गर्दा असल ऋण रु २,१७,६२,०२,९१२।३९, १ देखी १२ महिना भाखा नाघेको ऋण रु ७७,७८,९२३।- र १२ महिनाभन्दा बढी भाखा नाघेको ऋण रु ९,३२,१७,०९७।२१

रहेको छ । संस्थाको भाखा नाघेको ऋण रकम कुल ऋण लगानीको ४.४३% रहेको छ । जुन पर्ल्स विश्लेषण विधिले तोकिएको मापदण्ड भित्र रहेको बुझ्न सकिन्छ ।

**६. रेमिट्यान्स कारोवार रू. ४७,६२,६९,४०६।–**

देश विदेशमा पठाएको रकम प्राप्त गर्न र देश भित्रका विभिन्न स्थानहरूमा रकमहरु पठाउन सदस्यहरूलाई सहज होस भन्ने उद्धेश्यले संस्थाले विगतका वर्षहरूदेखि मुख्य कार्यालय तथा सेवाकेन्द्रहरु मार्फत विभिन्न कम्पनीहरूको रेमिट्यान्स सेवा प्रवाह गदै आइरहेको छ । यसै क्रममा आ.व २०८०/८१ मा मुख्य कार्यालय तथा विभिन्न सेवाकेन्द्रहरूबाट गरी १३,७१२ वटा कारोवार मार्फत संकलन तर्फ रु ८,८४,६४,०८२।- र भुक्तानी तर्फ रु ३८,७८,०५,३२४।- गरी जम्मा रु ४७,६२,६९,४०६।- को रेमिट्यान्स कारोवार भएको छ । उक्त सेवाबाट आ.व. २०८०/८१ मा कमिशन वापत रु ७,९७,४३६।३२ प्राप्त भएको छ ।

**७. कर/राजश्व दाखिला रू ३,०८,२८,४६१।–**

आय कर तथा विभिन्न स्रोतहरूमा कर कट्टी गरी संस्थाले आ.व. २०८०/८१ मा नेपाल सरकारलाई रु ३,०८,२८,४६१ कर/राजश्व भुक्तानी गरेको छ । बचतमा ब्याजकर रु २,०२,२२,६१५।- अग्रिम आयकर रु ८६,५०,७१२।- शेयर लाभांश कर रु६०,४४८।- साधारण सभा यातायात तथा खाजा खर्चको कर रु ८,६०,७५८।-, भाडा कर रु २,१४,८३७।-, बैंठक भत्ता कर रु १,०८,१४९।- कर्मचारी तलब तथा पारिश्रमिक कर रु ४,३०,२१७।- लेखापरीक्षण शुल्क कर रु ३,७१७।- र अन्य कर रु २,७७,००८।- गरी जम्मा रु ३,०८,२८,४६१।- कर/राजश्व नेपाल सरकारलाई दाखिला गरेको हो ।

**८. तरलता रू. ६७,२२,९२,४५१।–**

यस संस्थाले विगतका वर्षहरूदेखि नै कायम गर्दै आईरहेको मजबुत तरलता सञ्चय हाम्रा सदस्यहरूको ऋणको माग र बचत फिर्ताको आवश्यकता पुरा गर्नको लागि सदैव पर्याप्त रहँदै आएको छ । बजारमा तरलता संकुचनको अवस्था या तरलता सञ्चयको अवस्था किन नहोस चन्द्रागिरि साकोसले सदस्यहरूको वित्तीय आवश्यकता पुरा गर्नको लागि पर्याप्त तरलता सञ्चयलाई प्राथमिकतामा नै राखेको छ । अधिक तरलता मौज्दातले संस्थाको प्रतिफल दरमा असर पार्ने कुरामा हामी सचेत रहँदै हामीले ऋणको माग सृजना, बचत समिश्रणको व्यवस्थापन र ब्याजदरद्वारा बचत अनुपातलाई व्यवस्थापन गर्दै हामीले तरलता व्यवस्थापन गरेका छौं । आ.व. २०८०/८१ अन्तमा संस्थाको तरलता सञ्चय रु ६७,२२,९२,४५१।- रहेको छ । यस बाहेक संस्थाले तरलतायोग्य कोषलाई बैंक वित्तीय संस्थाहरूमा मुद्दती खाताहरूमा लगानी समेत गरेको छ । संस्थाको कुल बचतको अनुपातमा तरलता २२.५८ प्रतिशत रहेको छ ।

**९. संस्थागत पुँजी रू. ११,४४,९२,३२५।९१**

साधारण जगेडाकोष, घाटापूर्ति कोष र अन्य संस्थागत पुँजीजन्य कोषको कुल रकम आ.व. २०८०/८१ मा रु ११,४४,९२,३२५।९१ रहेको छ । संस्थागत पुँजी वित्तीय सहकारी संस्थाहरूको स्थायीत्वको मुख्य आधारशीलाको रूपमा रहेको हुन्छ भन्ने यथार्थतालाई संस्थाले सदैव आत्मसाथ गरीरहेको छ । संस्थाको वित्तीय सबलतालाई सुदृढ पार्न, रणनीतिक योजनाहरु पछ्याउन र हाम्रा सदस्यहरूको विविध आवश्यकताहरु पुरा गर्न यस पुँजीले मद्दत गर्ने गर्दछ । उत्कृष्ट वित्तीय व्यवस्थापन र जिम्मेवार वित्तीय सहकारी संस्थाको रूपमा हाम्रो प्रतिवद्धताले हामीले सेवा प्रवाह गर्ने समुदायमा आर्थिक वृद्धि र वित्तीय समृद्धि प्रवर्द्धन गर्ने हाम्रो ध्येयलाई मद्दत पुऱ्याउने गर्दछ ।

**१०. कुल आम्दानी रू. ४१,३६,६६,४५७।७७**

ऋणबाट ब्याज आम्दानी, व्यवसायिक कृयाकलापहरूबाट आम्दानी, अन्य आम्दानी गरी संस्थाको विभिन्न शिर्षकका आम्दानीहरूलाई वर्गीकरण गरिएको छ । यसरी आ.व. २०८०/८१ मा संस्थाको कुल आम्दानी तर्फ रु रु ४१,३६,६६,४५७।७७ रकम आर्जन भएको छ । उक्त रकम गत वर्षको आम्दानीको तुलनामा ५.६६ प्रतिशतले बृद्धि भएको छ ।

**११. कुल खर्च रू. ३९,४३,१०,४१३।०२**

गत आ.व.को कुल खर्च रु ३७,६६,४५,५२५।८१ मा यस आ.व.मा सदस्यहरूको बचतमा ब्याज खर्च, कर्मचारी खर्च, समिति उपसमिति खर्च, अन्य प्रशासनिक खर्च, अन्य खर्च, बाह्य ऋणमा ब्याज खर्च र सम्भावित ऋण जोखिम खर्च गरी कुल खर्च रु ३९,४३,१०,४१३।०२ व्यय भएको छ । उक्त रकम गत वर्षको तुलनामा ४.६९% बृद्धि भई कायम भएको हो ।

**१२. साधारण सभाः**

संस्थाको २२ औं वार्षिक साधारण सभा मिति २०८० असोज १८ गते देखि २० गतेसम्म विभिन्न ५ वटा

ईकाई सभाहरु मार्फत सम्पन्न भएको थियो भने निर्णय प्रमाणीकरण सभा मिति २०८० असोज २७ गते सम्पन्न भएको थियो । साधारण सभाको निर्णय प्रमाणित गर्ने सभामा संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवरको अध्यक्षता र बागमती प्रदेश, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका माननीय मन्त्री पुकार महर्जनको प्रमुख आतिथ्यतामा विशेष अतिथि, संस्थाका शेयर सदस्यहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, कर्मचारी तथा शुभचिन्तकहरुको उपस्थितिमा सम्पन्न भएको थियो । सबै ईकाइ सभाहरुबाट गणपुरक संख्या पूर्ण भई पेश भएको कार्यसूचीहरु उपर निर्णयहरु भएको थियो भने कुल उपस्थितिलाई आधार मान्दा त्यसबखत कायम रहेको संस्थाको कुल सदस्य संख्या १७,६४० जना मध्ये ११,८५७ जना अर्थात ६८% सदस्यहरुको उपस्थिति रहेको थियो ।

**१३. मोबाईल बैंकिङ, एटिएम तथा अन्य विद्युतीय सेवाः**

आ.व. २०८०/८१ मा थप १,२६६ जना नयाँ मोबाईल बैंकिङ प्रयोगकर्ता सदस्य सहित हालसम्म ८,४६३ जना सदस्यहरु संस्थाको मोबाईल बैंकिङ सेवामा आवद्ध रहनु भएको छ । उक्त सेवा अन्तर्गत कुल १,२३,१७७ वटा कारोवार मार्फत आ.व. २०८०/८१ मा जम्मा रु ३३,८५,४७,२३६।६५ कारोबार भएको छ भने ए.टि.एम. सेवा प्रयोगकर्ता सदस्यहरु हालसम्म १३१२ जना र ३७२३ वटा कुल करोवार संख्या मार्फत कुल कारोवार रकम २,३१,६१,८४४।- रुपैयाँ भएको छ । साथै संस्थाबाट सञ्चालित ब्लुबुक नवीकरण तथा कर भुक्तानीको स्मार्ट काउन्टर सेवातर्फ ३६४ जना व्यक्तिहरुले सेवा लिनु भएको छ ।

**१४. सहकारी एकीकरण र नयाँ सेवाकेन्द्र सञ्चालन**

आ.व. २०८०/८१ मा यस संस्था र काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. ६ स्थित ओमन्स क्रियशन बचत तथा ऋण सहकारी संस्था लि. र ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ३, स्थित पाटन बहुउद्धेश्यीय सहकारी संस्था लि. बिच एकीकरण गर्ने सहमति पत्रमा हस्ताक्षर भई विधिवत रुपमा साधारण सभाबाट पारित भईसकेपछि बागमती प्रदेश, पर्यटन तथा सहकारी मन्त्रालय सहकारी महाशाखाबाट मिति २०८०/०९/२५ मा एकीकरण प्रकृया स्वीकृत भएको थियो । एकीकरण प्रकृया सम्पन्न भए पश्चात सञ्चालित ओमन्स क्रियशन र चन्द्रागिरिको २०८० माघ ६ गतेदेखि र चन्द्रागिरि र पाटन बहुउद्धेश्यीयको २०८० चैत्र १ गतेदेखि संयुक्त कारोवार शुभारम्भ भएको थियो । एकीकृत ओमन्स क्रियशन बचत तथा ऋण सहकारी संस्थाको ठेगाना रहेको स्थानमा यस संस्थाले आधुनिक ढंगबाट सेवाकेन्द्रको कार्यालय लेआउट निर्माण गरी मिति २०८१/१०/१३ गते उक्त स्थानमा ओमन्स क्रियशन सेवाकेन्द्रको रुपमा सेवा सञ्चालन गर्दै आईरहेको छ । त्यसैगरी संस्थासंग एकीकृत भएको पाटन बहुउद्धेश्यीय सहकारी संस्थाको कार्यालय रहेको साविक ठेगानाबाट नै हाल सम्म सेवा सुचारु गर्दै आईरहेको छ । यस संगै हाल काठमाण्डौं जिल्ला र ललितपुर जिल्लाको विभिन्न ६ स्थानहरुबाट मुख्य कार्यालय र सेवाकेन्द्रहरु गरी सदस्यहरुलाई सेवा प्रवाह गर्दै आईरहेको छ भने संस्थाले अन्य थप ४ स्थानहरु नयाँ सेवाकेन्द्रहरु सञ्चालन गर्ने अनुमति समेत प्राप्त गरेको छ ।

**१५. संसदीय विशेष समितिको प्रतिवेदनमा अनुकरणीय संस्था**

सहकारी संस्था बचत दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिद्वारा सहज रुपमा राम्रोसंग सञ्चालन भईरहेका संस्थाहरुमध्येबाट यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. लाई समेत मिति २०८१ श्रावण १५ गते आमन्त्रण गरी सहकारी संस्थाहरुमा वित्तीय परिचालनमा रहेका समस्या र समस्या समाधानका लागि अवलम्बन गरिएको विधि र प्रयास र समग्र वित्तीय अवस्थाको बारेमा जानकारी लिइएको थियो । उक्त विशेष समितिले मिति २०८१ भाद्र ३१ गते प्रतिनिधि सभामा आफ्नो प्रतिवेदन पेश गरी हाल कार्यान्वयको प्रकृयामा रहेको सर्वविदितै छ । सहकारीको बचत दुरुपयोग सम्बन्धी विस्तृत छानविन गरेको ११२४ पृष्ठ लामो उक्त प्रतिवेदनको परिच्छेद १० अन्तर्गत समुदायमा आधारित र सदस्य केन्द्रीत भई सञ्चालनमा रहेको अनुकरणीय संस्थाको सूचीमा यस संस्था पर्न सफल रहेको छ । सहकारीमा रहेको समस्या र बचत दुरुपयोग सम्बन्धी छानविनमा केन्द्रीत रहेको उक्त प्रतिवेदनले यस संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रीत र अनुकरणीय संस्थाको सूचीमा उल्लेख गर्नुले संस्थाको सदस्य र समुदाय प्रतिको समर्पणलाई पुष्टी गर्दछ ।

**१६. सहकारी विभागबाट सघन अनुगमन**

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वरबाट उपरजिष्ट्रारको संयोजकत्वमा नेपाल राष्ट्र बैंक सहितको टोलीले मिति २०८० फाल्गुण १७ गतेदेखि २१ गतेसम्म यस संस्थाको सघन

अनुगमन गरेको थियो । सघन अनुगमन पश्चात संस्थालाई प्राप्त विभिन्न निर्देशनहरु उपर यस संस्थाले कार्ययोजना बनाएर कार्यान्वयनमा लगिरहेको छ । समय समयमा नियामक निकायबाट हुने यस प्रकारका अनुगमनहरूले संस्थालाई थप सदस्य केन्द्रित हुन र दिगो र सुरक्षित सहकारी संस्था निर्माण गर्न मार्गदर्शन प्राप्त भएको संस्थाले महसुस गरेको छ ।

**१७. अन्तर्राष्ट्रिय श्रमसंगठन (ILO) मा प्रतिनिधित्वः**

यस संस्थाका अध्यक्ष योगेन्द्रकुमार कुँवर मिति २०८१ जेठ २१ देखि ३२ तदनुसार २०२४ जुन ३ देखि १४ सम्म स्विजरल्याण्डको जेनेभामा सम्पन्न अन्तराष्ट्रिय श्रम संगठन (ILO) ११२ औं International Labour Conference मा Governing Body को निर्वाचनबाट श्रमिकहरूको प्रतिनिधित्व गर्दै Substitute Member को रूपमा निर्वाचित हुनु भएको छ ।

**१८. उत्कृष्ट व्यवस्थापक पुरस्कार प्राप्तः**

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को ३६ औं स्थापना दिवसको अवसरमा नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) छनौट हुनुभएकोमा मिति २०८० पौष ७ मा सम्पन्न उक्त केन्द्रीय संघको ३२ औं वार्षिक साधारण सभामा नगद राशी सहित प्रशंसा पत्रद्वारा पुरस्कृत हुनु भएको छ । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठ यसअघि २०६८ सालमा पनि देशभरिको उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) को रूपमा पुरस्कृत हुनभएको थियो ।

**१९. सहकारी विभाग र सहकारीका व्यवस्थापन प्रमुखहरूसंग अन्तक्रियाः**

यस संस्थाका प्रमुख कार्यकारी अधिकृतले नेफ्स्कून साकोस म्यानेजर्स क्लबको अध्यक्षको हैसियतबाट देशभरिका विभिन्न २८ वटा सहकारी संस्थाहरूका व्यवस्थापन प्रमुखहरु सहित नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय सहकारी विभागद्वारा आयोजित सहकारीका समसामयिक विषयहरूमा केन्द्रित रहेको अन्तक्रिया कार्यक्रमको संयोजन गर्नुभएको थियो । उक्त कार्यक्रमा व्यवस्थापन प्रमुखहरूको तर्फबाट २६ बुँदे अनुरोध पत्र सहकारी विभागका रजिष्ट्रारज्यूलाई हस्तान्तरण समेत गरिएको थियो ।

**२०. बराह क्षेत्र भ्रमण कार्यक्रमः**

यस संस्थाले आ.व. २०८०/८१ मा सदस्यहरूको लागि बराह क्षेत्र भ्रमण कार्यक्रम सञ्चालन गरेको थियो । विगत वर्षहरूमा योगदानमा आधारित रहने गरी यो भ्रमण कार्यक्रम आयोजना भएको हो । उक्त भ्रमण कार्यक्रममा मिति २०८० फाल्गुण १५ देखि २०८० चैत्रसम्म ९ पटक गरी जम्मा २२४ जना सदस्यले सहभागिता जनाउनु भएको थियो ।

**२१. सामाजिक उत्तरदायित्व र दिगो विकासमा योगदानः**

यस संस्थाले आफ्ना कृयाकलापहरु सञ्चालन गर्दा पर्यावरणीय दिगोपन, दिगो विकास लक्ष्य तथा सामाजिक उत्तरदायित्व सम्बन्धमा संस्थागत भूमिकाबारे अवगत रही कार्यसम्पादन गर्ने गरेको छ । ऋण लगानी गर्दा ऋणी सदस्यको क्षमता पहिचानको लागि '5C' विधि अवलम्बन गर्दै आईरहेकोमा यसै आ.व.मा पर्यावरण सम्बन्धी चासो परीक्षण गर्नको लागि थप एक सूचकांक Climate Concern को विकास गरी '6C' विधि लागु गर्न सुरुवात गरिएको छ । त्यसै गरी संस्थाको कार्यालय सञ्चालनमा रहेको ठेगानाहरूमा स्थानीय तहहरूसंग सहकार्य गरी रोड डिभाईडरहरूमा हरियाली प्रवर्द्धन गर्ने कार्य गरिएको छ । हरित सवारी ऋण प्रोडक्ट विकास गरी सफा टेम्पोहरु प्रवर्द्धन र विपन्न वर्गको उत्थानमा प्राथमिकता दिने कार्य अगाडी बढिरहेको छ । त्यसैगरी संस्था विगत २ वर्षदेखि सञ्चालन गरीरहेको चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमले निरन्तरता पाउँदै हालसम्म ५४ जना विद्यार्थीहरूलाई कक्षा ११ देखि स्नातकोत्तर तहसम्म छात्रवृत्ति प्रदान गर्ने कार्य निरन्तर रूपमा अगाडि बढेको छ । सदस्यहरु सहित समुदायका बिपन्न, असाहाय, अपाङ्ग र आकस्मीकता परेका व्यक्तिहरूलाई निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा दिईरहेको छ भने हरेक वर्ष नियमित रूपमा रक्तदान कार्यक्रम सञ्चालन गरीरहेको छ । २०८१ आश्विन ११ र १२ गतेको अबिरल बर्षाको कारणबाट प्रभावित भई धनजनमा क्षति भएका सदस्यहरूलाई आहतमा राहत प्याकेज तयार पारी सदस्यहरूको घाउमा मलम लगाउने प्रयास समेत संस्थाले गरीरहेको छ ।

**२२. कार्यसम्पादन तथा लक्ष्य हस्तान्तरणः**

सदस्यलाई प्रदान गर्ने सेवाको गुणस्तर र सदस्यहरूले प्राप्त गर्ने सेवाको दायरा बृद्धि गर्नुलाई

यस संस्थाले नै सदस्य सन्तुष्टिको कडिको रूपमा लिएको छ । तसर्थ आ.व.का कुनै पनि दिन र समय संस्थाको सञ्चालक समिति र सेवा प्रवाह गर्ने कर्मचारीहरु लक्ष्यविहिन हुन नपरोस भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै आ.व. शुरु भएको पहिलो दिन नै सञ्चालक समितिबाट कर्मचारी व्यवस्थापनलाई कार्यसम्पादन लक्ष्य किटान गरी हस्तान्तरण गर्दै आईरहेका छौं । आ.व. २०८१/८२ को शुरुकै दिन २०८१ श्रावण १ गते संस्थाको अध्यक्षज्युबाट प्रमुख कार्यकारी अधिकृतलाई र प्रमुख कार्यकारी अधिकृतबाट मातहतका कर्मचारीहरुलाई आ.व. २०८१/८२ को वार्षिक लक्ष्य तथा कार्ययोजना सहितको कार्यविवरण तथा कार्यसम्पादन लक्ष्य हस्तान्तरण गरी सोही मुताबिक कार्यान्वयन प्रकृया अगाडि बढेको छ । उक्त कार्यविवरण र कार्यलक्ष्य संस्थाले यस सभामा निर्णयार्थ पेश गरेको आगामी वर्षको कार्यक्रम तथा बजेटको अभिन्न अंशको रूपमा रहेको छ ।

**२३. सदस्य शिक्षा तथा विस्तारित मञ्चः**

सदस्य केन्द्रीयता प्रति प्रतिवद्ध रहदै सदस्यहरु विच सहकारी शिक्षा, वित्तीय शिक्षा, प्रविधि र व्यवसायिक शिक्षाको साथै सदस्यहरुलाई जानकारी हुनु पर्ने विषय तथा नीति निर्माणको लागि आवश्यक सल्लाह र सुझाव संकलनका विषयहरु सहित समावेश रहने गरी आ.व. २०८०/८१ मा संस्थाले ११ वटा सदस्य शिक्षा तथा विस्तारित मञ्च कार्यक्रम सञ्चालन गरेको छ ।

**२४ कार्यपत्र प्रस्तुतीकरणः**

एशियाली ऋण महासंघ (ACCU) को आयोजनामा मिति २०८० भाद्र २५ देखि ३१ सम्म द सोल्टी काठमाण्डौंमा अयोजना भएको ACCU Forum 2023 मा विभिन्न १९ देशका ४२७ जना सहकारीकर्मी र सरोकारवालाहरुले सहभागिता जनाउनु भएको थियो । उक्त कार्यक्रममा यस संस्थाका प्रमुख कार्यकारी अधिकृतले वक्ताको भूमिका निर्वाह गर्दै Is Mission Drift a Challenge in the Credit Union Movement ? विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**२५. भाखा नाघेको ऋण असुली तथा कानुनी प्रकृयाः**

गत वर्षहरुमा झैं यस आ.व.मा पनि भाखा नाघेको ऋण न्यूनीकरण र जोखिम व्यवस्थापनमा सञ्चालक समितिको ध्यान केन्द्रित भएको छ । संस्थाको आग्रह, ताकेता र सूचनालाई वेवास्ता गर्ने ऋणीहरुलाई ऋण तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्ने, धितो लिलामीको सूचना जारी गर्ने, ऋण असुल उपरको लागि अदालतमा फिराद दर्ता गर्ने र फैसला भएका ऋणीहरुको फैसला कार्यान्वयनको पहल गर्ने कार्यहरु अगाडि बढाईएका छन् । अचल सम्पत्ति धितो नराखिएको सामुहिक/धन/व्यक्तिगत जमानीमा ऋण लिई समयमा भुक्तानी नगर्ने, संस्थाबाट पटक पटक विभिन्न माध्यमबाट गरिएको ताकेता तथा पत्राचारको समेत बेवास्ता गर्ने ऋणीहरु र उक्त ऋणमा धन/व्यक्तिगत जमानत दिने जमानीकर्ताहरुबाट देना रकम भराई पाउनको लागि यस आ.व.मा कानूनी प्रक्रिया सुरु गरी ऋण असुली कार्य अगाडि बढाईएको छ ।

**२६. मानव संसाधन क्षमता विकास कार्यक्रमः**

संस्थामा संलग्न मानव संसाधनको कार्य सम्पादन क्षमता बृद्धि गर्न निरन्तर उत्प्रेरणा र क्षमता विकासका कार्यक्रमहरुमा सहभागी गराउने संस्थाको नीति अनुसार आ.व. २०८०/८१ मा विभिन्न क्षमता विकासका कार्यक्रमहरुमा समिति/उपसमितिका पदाधिकारी र कर्मचारीको सहभागिता रहेको थियो । सहभागिता जनाईएका कार्यक्रमहरुमा Diploma in cooperative manangement, Training of Trainers on Business Development Services, Green Skills For Youth:Towards A Sustainable World, Document forgery and verification of counterfiet currency, Comprehensive Loan Manangement Training, सुशासन समृद्धिको आधार र व्यस्थापकहरुको क्षमता विकाश तालिम रहेका छन् ।

**२७. सञ्चालक तथा कर्मचारी व्यवस्थापनको सम्पति विवरण तथा पुलिस रिपोर्टः**

संस्थागत सुशासन र सार्वजनिक जवाफदेहीतालाई मध्यनजर गरी संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारी व्यवस्थापनको सम्पत्ति विवरण तथा पुलिस रिपोर्ट संकलन गरी संस्थामा सुरक्षित गरिएको छ । साथै विद्युतीय तथा नागरीक एपको माध्यमबाट सञ्चालक र कर्मचारी व्यवस्थापनको पुलिस रिपोर्ट संकलन गर्दा कुनै कैफियत देखिएको छैन ।

**२८. संस्थाको २३ औं स्थापना दिवसः**

हरेक वर्ष बैशाख ६ गते संस्थाको स्थापना दिवस पर्ने भएको हुँदा सोको अवसरमा विभिन्न कार्यक्रमहरु गरेर संस्थाले आफ्नो स्थापना दिवस मनाउँदै आईरहेको छ । मिति २०८१ साल बैशाख ५

गते बुधबार संस्थाको स्थापना दिवसका अवसरमा लायन्स क्लब अफ चन्द्रागिरिको सहकार्य तथा मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालको प्राविधिक सहयोगमा उक्त बृहत रक्तदान कार्यक्रम अयोजना गरिएको थियो । जुन कार्यक्रममा १३० जना रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो ।

### २९. ६७ औं राष्ट्रिय सहकारी दिवसः

आ.व. २०८०/८१ मा पनि गत वर्षहरूमा झैं संस्थाले २०८० चैत्र २० गते ६७ औं राष्ट्रिय सहकारी दिवस मनाएको छ । चन्द्रागिरि नगरपालिका सहकारी समन्वय समितिको समन्वयमा अयोजित सहकारी दिवसको कार्यक्रममा यस संस्थाबाट समिति तथा उपसमिति, कर्मचारी, सदस्यहरु र सदस्यहरूद्वारा प्रवर्द्धित बासुरी बाजा सहित सहभागिता जनाईएको थियो । यस वर्षको सहकारी दिवसमा चन्द्रागिरि नगरपालिका भित्रका सहकारी संस्थाहरूले आ-आफनो संस्थाको प्राङ्गणबाट ऱ्याली सुरु गरी बलम्बु स्थित चन्द्रागिरि नगरपालिकाको कार्यालय हुँदै चोकमा आएर उक्त ऱ्याली सभामा परिणत भएको थियो । संस्थाको तर्फबाट १०० जनाभन्दा बढीको सक्रिय सहभागिता रहेको थियो ।

### ३०. हरित सवारी ऋण प्रोडक्टः

पर्यावरण संरक्षणमा सचेत रहँदै नवीकरणीय वैकल्पिक उर्जामा प्राथमिकता दिने र विपन्न वर्गको पुहँच विस्तारलाई थप प्राथमिकता दिने उद्देश्यले संस्थाले आ.व. २०८०/८१ मा हरित सवारी ऋण प्रोडक्टको विकास गरेको छ । सहुलियत ब्याज र शुल्क तथा सहज भुक्तानी सुविधा उपलब्ध रहेको उक्त ऋण प्रोडक्ट खास गरी ३ पाङ्ग्रे सफा टेम्पो प्रवर्द्धन गर्न केन्द्रित रहेको छ । लिथियम आयन रिचार्जेवल ब्याट्रिको चार्जिङ स्टेशनहरु सञ्चालन गरेको कम्पनी वा फर्महरूसंग सहकार्य गरी लगानी गर्ने उद्देश्य रहेको उक्त ऋण स्किम लागु गर्न मिति २०८१ जेष्ठ २१ गते ललितपुर सातदोबाटो स्थित सफा चार्जिङ्ग एण्ड सर्भिस स्टेशन प्रा.लि. संग सम्झौता गरी सहकार्यको थालनी गरिएको छ ।

### ३१ समिति/उपसमिति/सल्लाहकार

संस्थामा साधारण सभाद्वारा निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति एवं सञ्चालक समितिद्वारा मनोनित गरिएको सल्लाहकार परिषद र विभिन्न उपसमितिहरु रहेका छन् । हाल संस्थामा विद्यमान रहेको समिति/उपसमिति/सल्लाहकारको संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | समिति/उपसमिति/सल्लाहकार | संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १३ |
| २ | लेखा सुपरिवेक्षण समिति | ३ |
| ३ | सल्लाहकार परिषद | ९ |
| ४ | सेवा विस्तार तथा सेवाकेन्द्र व्यवस्थापन उप समिति | ३ |
| ५ | ऋण उपसमिति | ३ |
| ६ | शिक्षा उपसमिति | ३ |
| ७ | लघुवित्त व्यवस्थापन उपसमिति | ३ |
| ८ | सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | ३ |
| ९ | एम्बुलेन्स तथा शववहान व्यवस्थापन उपसमिति | ३ |
| १० | सामाजिक सुरक्षा तथा सदस्य राहत उपसमिति | ३ |
| ११ | महिला सशक्तिकरण उपसमिति | ३ |
| १२ | युवा तथा उद्यमशीलता प्रवर्द्धन उपसमिति | ३ |
| १३ | पदपूर्ति उपसमिति | ३ |
| १४ | दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १५ | एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | ३ |
| १६ | शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| १७ | ओमन्स क्रियशन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ५ |
| १८ | पाटन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ३ |
| जम्मा | | ७२ |

### ३२ कर्मचारी प्रशासन र कार्यालय सञ्चालनः

संस्थाको दैनिक नियमित सेवामा समर्पित रहेको मानव संसाधनलाई मानव पुँजीको रूपमा लिने संस्थाको नीति तथा Right man in right place को मर्मलाई आत्मसाथ गरी संस्थामा कर्मचारीहरूको दरबन्दी व्यवस्थापन गरिएको छ । संस्थामा २०८१ असार मसान्तसम्म कायम रहेको तपसिल बमोजिमको मानव संशाधनबाट मुख्य कार्यालय र सेवाकेन्द्रहरूमा ३६५ दिन सेवा सञ्चालन

गर्न सफल रहेको छ । मुख्य कार्यालयबाट प्रभातकालीन र सन्ध्याकालीन काउन्टर सेवा सञ्चालन गरिएको छ भने मोबाईल बैंकिङ तथा एटिएम मार्फत २४ सै घण्टा सदस्यहरूलाई सेवा प्रवाह सुनिश्चित गरिएको छ । मुख्य कार्यालय सहित काठमाण्डौ र ललितपुर जिल्लाको विभिन्न ६ स्थानका सेवाकेन्द्रबाट सेवा प्रवाह गरीरहेको व्यवस्थापन समूहको सदस्य तर्फको उत्पादकत्व ४०० जना सदस्य प्रति-कर्मचारी रहेको छ । जुन अन्तरराष्ट्रिय एक्सेस ब्राण्डको मापदण्ड अनुसार राम्रो अनुपात हो ।

| क्र.सं | पद | तह | संख्या |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | १० | १ |
| २ | नायव प्रमुख कार्यकारी अधिकृत | ९ | १ |
| ३ | व्यवस्थापक | ८ | १ |
| ४ | वरिष्ठ अधिकृत | ७ | १ |
| ५ | शाखा अधिकृत | ६ | ३ |
| ६ | स.शाखा अधिकृत | ५ | ९ |
| ७ | सहायक | ४ | २ |
| ८ | चालक ईञ्चार्ज | ४ | १ |
| ९ | कनिष्ठ सहायक | ३ | १४ |
| १० | चालक | ३ | ३ |
| ११ | सुरक्षाकर्मी | ३ | २ |
| १२ | सहयोगी | २ | १ |
| १३ | सुरक्षा गार्ड | २ | २ |
| १४ | व्यवस्थापन प्रशिक्षार्थी | २ | ६ |
| १५ | कनिष्ठ सहयोगी | १ | ५ |
| | जम्मा | | ५२ |

### ३३. समीक्षा सम्बन्धमा:

संस्थाको लिएको वार्षिक कार्यक्रम तथा बजेटको लक्ष्यमा संस्थाले हासिल गरेका प्रगतिहरूको समीक्षा एवं आगामी दिनहरूको लागि सहयोगी हुने रणनीतिहरु तय गर्नको लागि आ.व. २०८०/८१ मा हरेक त्रैमासिक अवधिमा समीक्षा कार्यक्रम आयोजना गरिएको थियो । आ.व.को पहिलो त्रैमासिक समीक्षा मिति २०८० मंसिर २ गते र दोश्रो त्रैमासिक वा अर्धवार्षिक समीक्षा मिति २०८० माघ १६ गते तेश्रो त्रैमासिक र वार्षिक समीक्षा मिति २०८१ बैशाख २२ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रमहरु सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार परिषद र कर्मचारी व्यवस्थापनको सहभागितामा सम्पन्न भएका थिए । मिति २०८१ बैशाख २२ गते सम्पन्न वार्षिक समीक्षा तथा बजेट कार्यशाला कार्यक्रममा संघीय सहकारी विभागका उपरजिष्ट्रार टेकराज अर्यालले सहकारीको समसामयिक विषय वस्तुस्थितिको बारेमा एक कार्यपत्र प्रस्तुति गर्दै आवश्यक मार्गदर्शन समेत गर्नुभएको थियो ।

### ३४. DSIK जर्मनीबाट चन्द्रागिरिको भ्रमण:

मिति २०८० मंसिर १२ गते German Sparkassentiftung for Intenational Cooperation (DSIK) बाट ६ जना प्रतिनिधिहरूले यस संस्थाको अवलोकन भ्रमण गर्नुभएको थियो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) मार्फत साकोसहरूसंग सहकार्य गर्नको लागि सम्भाब्यता अध्ययन र अवलोकन गर्ने क्रममा उक्त टोली चन्द्रागिरिको भ्रमणमा आउनु भएको थियो । भ्रमण टोलीलाई चन्द्रागिरि साकोसको असल अभ्यास र विभिन्न गतिविधिहरु साझा गर्ने अवसर प्राप्त भएको थियो । साथै उक्त टोलीले सदस्यको शिप तथा क्षमता विकासका कार्यक्रममा चन्द्रागिरि साकोससंग सहकार्य गर्न इच्छुक रहेको विचार व्यक्त गर्नुभएको थियो ।

### ३५. ACUES को सदस्यता:

एशियाली ऋण महासंघ (ACCU) को The Asian Credit Union Executives Society (ACUES) मा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले सदस्यता प्राप्त गर्नुभएको छ । ACUES एशियाली ऋण महासंघ (ACCU) अन्तर्गतको एक सदस्यतामा आधारित संगठन हो जसले बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यकारीहरूको नेतृत्व कौशल, व्यवसायिक प्रवृत्ति, सञ्जाल अवसरहरु सदुपयोग गर्ने सिप विकास गर्ने लक्ष्य राख्दछ । ACUES एशिया महादेशमा बचत तथा ऋण सहकारी संस्थाहरूको बृद्धि र विकास गर्ने अभियानमा समर्पित छ । वित्तीय स्वतन्त्रता, आपसी सहायता र समुदायको सशक्तिकरण जस्ता मूल्यहरूको प्रवर्द्धन गर्दै यसले आफ्ना सदस्यहरूलाई विभिन्न अवसरहरु प्रदान गर्दछ, जसमा व्यवसायिकता विकास कार्यक्रम, वहस पैरवीका प्रयासहरु, सञ्जालीकृत हुने अवसरहरु र आफ्ना ज्ञानहरु साझा गर्नको लागि स्रोत साधनको समुचित उपयोग जस्ता कुराहरु पर्दछन् ।

**३६. ब्याजदर परिमार्जनः**

आ.व. २०८०/८१ मा वित्तीय बजारमा बैंक तथा वित्तीय संस्थाहरूमा ब्याजदर घट्दो क्रममा रह्यो भने आर्थिक वर्षको अन्तसम्ममा आईपुग्दा तरलताको अनुपात अधिक भएको कारण बचतखाता तथा मुद्दती खाताहरूमा तीब्र रूपमा ब्याजदर गिरावट आयो । यसै परिप्रेक्ष्यमा वित्तीय बजारको यस प्रकारको अवस्थाले संस्थाको बचत र ऋणको अनुपातमा प्रत्यक्ष प्रभाव पर्न जाने भएको हुँदा आ.व. २०८०/८१ को विभिन्न मितिमा ब्याजदर परिमार्जन गरी लागु गरिएको छ । यस आ.व. मा २०८० पौष १६, माघ १७, फाल्गुण २० र २०८१ आषाढ १ गते गरी ४ पटक ब्याजदर परिमार्जन गरी लागु गरिएको छ ।

**३७. सदस्यहरूलाई तालिमः**

आ.व. २०८०/८१ मा बागमती प्रदेश युवा प्रदेशद्वारा १६० र ३९० घण्टे २१ वटा विभिन्न विधाका शिपमुलक व्यवसायिक तालिमहरूमा आपसी सहकार्य गरी यस संस्थाका सदस्यहरूलाई पनि सहभागी गराईएको थियो । उक्त तालिममा यस संस्थाका १६ जना सदस्यहरूले मन्टेश्वरी तालिम, ब्युटी पार्लर तालिम, कुक तालिम र सिलाई बुनाई तालिम गरी जम्मा ४ वटा तालिममा सहभागिता जनाउने अवसर प्राप्त गर्नुभएको थियो ।

**३८. ओमन्स क्रियशन सेवा केन्द्रको उद्घाटनः**

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. र बुढानिलकण्ठ न.पा. ६ स्थित ओमन्स क्रियशन बचत तथा ऋण सहकारी संस्था लि. विच मिति २०८० पौष २५ गते एकीकरण प्रकृया सम्पन्न भए पश्चात यस संस्थाद्वारा निर्मित नयाँ लेआउट सहितको ओमन्स क्रियशन सेवाकेन्द्रको कार्यालय मिति २०८० माघ १३ बिधिबत समुद्घाटन गरी सेवा सञ्चालनमा ल्याईएको छ । उक्त सेवाकेन्द्र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का अध्यक्ष चन्द्रप्रसाद ढकालद्वारा समुद्घाटन गरिएको थियो भने बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारी उक्त समारोहमा विशेष अतिथिको रूपमा रहनु भएको थियो ।

**३९. सेवाकेन्द्र व्यवस्थापन उपसमिति गठनः**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि., ओमन्स क्रियशन बचत तथा ऋण सहकारी संस्था लि र पाटन बहुउद्देश्यीय सहकारी संस्था लि. विच एकीकरण कार्य सम्पन्न भएको हुँदा उक्त सेवाकेन्द्रहरु सञ्चालन तथा व्यवस्थापनको लागि साविकका संस्थाहरूको सञ्चालक तथा व्यवस्थापनका प्रतिनिधिहरु सम्मिलित सेवाकेन्द्र व्यवस्थापन उपसमिति गठन गर्ने कार्य आ.व. २०८०/८१ मा सम्पन्न भएको छ । सो अनुसार ओमन्स क्रियशन सेवाकेन्द्रमा ५ सदस्यीय र पाटन सेवाकेन्द्रमा ३ सदस्यीय सेवाकेन्द्र व्यवस्थापन उपसमिति गठन गरिएको थियो ।

**४०. लघुवित्त कार्यक्रम**

परम्परागत वित्तीय सेवाबाट पछि परेका, न्यून आय भएका र साना तथा मझौला व्यवसाय गर्ने वर्गलाई समावेश गरी आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले वि.स. २०७२ साल देखि संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रम निरन्तर रूपमा अगाडि बढिरहेको छ । आ.व. २०८०/८१ को अन्तसम्ममा १९६ वटा केन्द्रहरु मार्फत ३,१८२ जना महिला सदस्यहरूलाई आवद्ध गरी रु ४,८३,९७,९९५।- बचत संकलन र रु २,९०,४२,०१९।- ऋण लगानी गरिएको छ ।

**४१. राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिताः**

संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनका प्रमुख कर्मचारीहरूबाट आ.व. २०८०/८१ मा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशाला, गोष्ठी तथा कार्यक्रमहरूमा सहभागिता जनाई साकोस अभियानको भूई तहका सवालहरु साझा गर्ने, आवश्यक वहस तथा पैरवीहरु गर्ने कार्य भएको छ । यस क्रममा एशियाली ऋण महासंघ (ACCU) द्वारा आयोजि ACCU Forum 2023 र ACCU Forum 2024 , राष्ट्रिय सहकारी बैंक र नेफ्स्कूनद्वारा विभिन्न मितिमा अलग अलग रूपमा आयोजना गरिएको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी र कास्कुनद्वारा आयोजित दोश्रो काठमाण्डौं साकोस समिटमा सक्रिय रूपमा सहभागिता जनाईएको छ ।

**४२. वर्ष सदस्य तथा कर्मचारी सम्मान/पुरस्कारः**

आ.व. २०८०/८१ मा संस्थामा उत्कृष्ट कारोवार गर्ने सदस्यहरूमध्येबाट सर्वोत्कृष्ट बर्ष सदस्य सम्मानतर्फ स.नं.१२९० का नकुल बस्नेत र स.नं. ५०८४ का इन्दिरा लामा सम्मानित हुनुभएको थियो भने उत्कृष्ट कार्यसम्पादन गरे बापत संस्थाकी कनिष्ठ सहायक एवं हाल ओमन्स क्रियशन सेवाकेन्द्र इन्चार्ज ओसन तण्डुकार वर्ष कर्मचारी पुरस्कार र सुरक्षाकर्मी रामकृष्ण भण्डारी लगनशील कर्मचारी पुरस्कारबाट पुरस्कृत हुनु भएको थियो ।

## ४३. विभिन्न कार्यक्रमहरूको विवरणः

(क) संस्थाद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूः

| क्र.स. | मिति | कार्यक्रमको नाम | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०८०/०४/०१ | चन्द्रागिरि साकोस र विन्दबासिनी साकोस बिच भगिनी सम्बन्धको सम्झौता पत्र हस्ताक्षर कार्यक्रम । | २४ |
| २ | २०८०/०४/१३ | चन्द्रागिरि साकोसको आयोजना र चन्द्रागिरि नगरपालिका वडा नं. ६ को सहकार्यमा सञ्चालित वातावरण संरक्षण कार्यक्रम । | ५८ |
| ३ | २०८०/०५/०८ | नेफ्स्कुनको प्राविधिक सहयोगमा एक्सेस ब्राण्डिङ बागमती क्लस्टर तेश्रो व्याचको ३३ औँ कार्यकुशलता सिकाई कार्यशाला २०८० । | ६१ |
| ४ | २०८०/०५/२४ | ACCU Forum 2023 मा सहभागी हुन आएका १९ वटा मुलुकका सहकारीकर्मीहरूबाट संस्था अवलोकन भ्रमण हुने भएकोले सो दिन आफ्नो व्यवसायबाट भएको उत्पादन प्रदर्शनी गर्ने सम्बन्धमा भएको अभिमुखीकरण कार्यक्रम । | १९ |
| ५ | २०८०/०५/२८ | एशियाली ऋण महासघ (ACCU)को आयोजनामा विभिन्न १९ वटा मुलुकका सहकारीकर्मीहरूबाट संस्था अवलोकन भ्रमण । | ५१ |
| ६ | २०८०/०८/१६ | गरीव तथा जेहेन्दार विद्यार्थीको लागि चन्द्रागिरि उच्च शिक्षा छात्रवृति वितरण तथा दाताहरूलाई सम्मान कार्यक्रम । | १२१ |
| ७ | २०८०/०९/१५ | ओमन्स क्रियसन साकोस र चन्द्रागिरि साकोस बिच निकट भविष्यमा सुरु हुन गईरहेको नयाँ सेवाकेन्द्र सञ्चालन विषयमा छलफल कार्यक्रम । | १९ |
| ८ | २०८०/१०/१३ | ओमन्स क्रियसन सेवाकेन्द्र उद्घाटन कार्यक्रम | ३१२ |
| ९ | २०८०/११/१९ | उपयुक्त र योग्य नेतृत्व विकाश सम्बन्धी अभिमुखीकरण कार्यक्रम । | २४ |
| १० | २०८०/१०/०९ | Global Money Week अवसरमा आयोजित Money Management Mantra Programme (मुख्य कार्यालय) | ११३ |
| ११ | २०८०/१०/०९ | Global Money Week अवसरमा आयोजित Money Management Mantra Programme ओमन्स क्रियशन सेवाकेन्द्र | ८० |
| १२ | २०८०/१२/२० | सहकारी दिवसको अवसरमा आयोजित र्‍याली कार्यक्रम | ९३ |
| १३ | २०८१/०१/०५ | स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रम | १३० |
| १४ | २०८१/०१/२२ | तेश्रो त्रैमासिक समीक्षा बैठक | ५२ |
| १५ | २०८१/०३/२२ | वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा कार्यशाला भिनयार्ड रिसोर्ट, पातलेवन | ६२ |
| | | **जम्मा** | १२१९ |

**(ख) देश तथा विदेशका सहकारी संस्थाहरूबाट चन्द्रागिरि साकोसमा भएको भ्रमणमा सहभागीहरूको विवरण:**

| क्र.स | मिति | भ्रमण आउने संघ संस्था | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०८०/०४/१२ | संगम बचत तथा ऋण सहकारी संस्था लि. नुवाकोट | १५ |
| २ | २०८०/०५/०४ | नेचुरल बचत तथा ऋण सहकारी संस्था लि. काठमाण्डौं | १४ |
| ३ | २०८०/०५/११ | जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., धादिङ | ५ |
| ४ | २०८०/०५/३० | Philippines cooperative movement | १९ |
| ५ | २०८०/०९/०१ | पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि. पोखरा | २७ |
| ६ | २०८०/०९/०८ | प्रेरणा साकोस, युनिक साकोस, म्यानेजर्स क्लव, चितवन | १४ |
| ७ | २०८०/०९/२७ | गुरुगणेश बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर | २९ |
| ८ | २०८०/१०/०५ | सिमल बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुर | १८ |
| ९ | २०८०/१०/२८ | पञ्चशील बहुउदेश्यीय सहकारी संस्था लि., ललितपुर | २२ |
| १० | २०८०/११/०६ | मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., हेटौडा | ४७ |
| ११ | २०८०/११/२८ | बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि., काभ्रे | ३६ |
| १२ | २०८०/१२/०७ | हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.,चरिकोट, दोलखा | ७ |
| १३ | २०८०/१२/१० | जन उत्थान बचत तथा ऋण सहकारी संस्था लि., रुपन्देही | ७१ |
| १४ | २०८०/१२/१६ | सत्यवती बचत तथा ऋण सहकारी संस्था लि., तनहुँ | १६ |
| १५ | २०८०/१२/२३ | प्रोवेसन कार्यक्रममा आवद्ध गौरी शंकर कल्टर साकोसका सहकारीकर्मीहरु | १८ |
| १६ | २०८०/१२/२३ | राष्ट्र बैंकका पुर्व कर्मचारी कल्याणकारी साकोसका सहकारीकर्मीहरु | ११ |
| १७ | २०८१/०१/२० | बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि., हेटौडा | २२ |
| १८ | २०८१/०२/१२ | उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लि.,पनौती | १३ |
| १९ | २०८१/०२/०७ | टेवा कृषि सहकारी, कटुन्जे भक्तपुर | ४ |
| | | **जम्मा** | **४०८** |

**४३. धन्यवाद ज्ञापन:**

यस संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अमूल्य सहयोग तथा सुझाव दिनु हुने र संस्थाप्रति निरन्तर सहयोग तथा अनवरत् विश्वास राख्नु हुने समस्त सदस्य महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय, संघीय सहकारी विभाग, प्रदेश सहकारी महाशाखा लगायत हामीलाई निरन्तर मार्गदर्शन गर्ने एशियाली ऋण महासंघ (ACCU), नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक लगायत जिल्ला, प्रदेश र केन्द्रीय तहका सहकारी संघहरु, सहकारी अभियन्ताहरु, लेखापरीक्षक, विषयविज्ञ र सञ्चार जगत र संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरु, विभिन्न उपसमितिहरु र अहोरात्र मेहनत गर्ने प्रमुख कार्यकारी अधिकृत लगायत सिंगो कर्मचारी व्यस्थापन प्रति धन्यवाद र हार्दिक आभार प्रकट गर्दै आगामी वर्षमा अझ

गुणस्तरीय सेवाहरु उपलब्ध गराई सदस्यहरूलाई सुरक्षित र सबल सहकारी संस्थाको अनुभुतिका साथै उचित प्रतिफल दिलाउनेतर्फ क्रियाशिल रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**आदरणीय सदस्य महानुभावहरू,**

यस २३ औं वार्षिक साधारण सभा संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सहितको साधारण सभा हो । सहकारीको सिद्धान्त र मूल्यभन्दा पर रहेर आफुखुशी ढंगबाट सञ्चालन भएका केही सहकारी संस्थाहरूमा देखिएको समस्याहरूको कारण समग्र सहकारी संस्थाहरूलाई सरोकारवालाहरूले हेर्ने दृष्टिकोण नकारात्मक भईरहेको र सहकारीको छवि पुनर्निर्माण गर्नुपर्ने चुनौतीपूर्ण यस घडीमा सदस्यहरूको बचत र शेयर रकमको सुरक्षित गर्ने प्रकृयालाई निरन्तर अगाडि बढाउन सक्ने, निस्कृय ऋण न्यूनीकरण गरी वित्तीय कार्यसम्पादन अभिबृद्धि मार्फत सदस्यहरूको प्रतिफल सुरक्षित गर्न सक्ने जानकार र संलग्न सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न यस साधारण सभालाई सफलता मिलोस भन्ने कामना गर्न चाहन्छु । वित्तीय सहकारी संस्था भनेको सदस्यहरूको मेहनत परिश्रम र त्याग तपस्याबाट सिर्जित बचत रकम जम्मा हुने संस्था भएको हुँदा त्यसमा कुनै किसिमको जोखिम पैदा गर्ने कृयाकलाप गर्न कसैलाई पनि छुट नहुने हुँदा यस निर्वाचनमा सबै सदस्यहरूबाट सर्वसम्मतिले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति निर्विरोध रूपमा चयन गर्नुहुन पनि म यस सम्मानित २३ औं वार्षिक साधारण सभामा अपिल गर्न चाहन्छु ।

अब म यस सभामा निर्णयार्थ प्रस्तावित कार्यसूचीहरु पेश गर्ने अनुमति चाहन्छु ।

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरू:**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।
६. शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. सहकारी एकीकरण सम्बन्धमा ।
८. आन्तरिक नीति तथा कार्यविधिहरु संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९. विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
१०. कानुनी प्रकृयामा रहेका संस्थाको लेना रकमहरु असुल उपर सम्बन्धमा ।
११. स्थीर सम्पत्ति खरिद सम्बन्धमा ।
१२. संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१३. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१४. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।

**अन्त्यमा,**

यस प्रतिवेदन लगत्तै संस्थाका प्रमुख कार्यकारी अधिकृत मार्फत आ.व. २०८१/८२ को कार्यक्रम तथा बजेट प्रस्तुत हुनेछ । त्यस उपर समेत गहन छलफल तथा विचार विमर्श गरी आवश्यक सल्लाह र मार्गदर्शन प्रदान गर्नुहुन अनुरोध गर्दै यस सभामा निर्णयार्थ पेश भएका कार्यसूचीहरूमा आफ्ना सुझावहरु सहित सर्वसम्मतिले पारित गरीदिनु हुन हार्दिक अनुरोध गर्दै विदा चाहन्छु । धन्यवाद, जय सहकारी जय चन्द्रागिरि !

**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष

# २३ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको निर्णय बमोजिम प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठद्वारा प्रस्तुत आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेट

२३ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, संस्थाका सदस्यज्यूहरु, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, व्यवस्थापनका साथीहरु, सञ्चारजगतका साथीहरु र सरोकारवाला निकायका प्रतिनिधिज्यूहरु,

सर्वप्रथम हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु । म यस गरीमामय वार्षिक साधारण सभामा संस्थाको सञ्चालक समितिको आज्ञा अनुसार आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. विगत ५ वर्षको प्रमुख वित्तीय सूचकहरूको अवस्था:**

आ.व. २०७६/७७ देखी आ.व. २०८०/८१ सम्मको यस संस्थाको प्रमुख वित्तीय सूचकहरूको विवरण तपसिलको तालिकामा प्रस्तुत गरे बमोजिम रहेको छ ।

| विवरण | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०८०/८१ |
|---|---|---|---|---|---|
| कुल आम्दानी | २२,१९,०७,२३३ | २४,१९,९७,७९८ | ३१,९६,१८,०९६ | ३९,१४,९१,७३५ | ४१,३६,६६,४५८ |
| कुल खर्च | १९,१३,९८,४२५ | १९,४८,५२,८०३ | २४,५३,७२,०६४ | ३७,६६,४५,५२६ | ३९,४३,१०,४१३ |
| खुद बचत | ३,०५,०८,८०७ | ४,७१,४४,९९५ | ७,४२,४६,०३२ | १,४८,४६,२०९ | १,९३,५६,०४५ |
| कुल बचत निक्षेप | १,७४,८४,६७,८८९ | २,२१,२४,८१,७२६ | २,४१,६९,५८,६९० | २,६७,६०,३२,००० | २,९७,७८,३५,६५१ |
| कुल ऋण लगानी | १,२८,३९,०४,६८७ | १,७३,८५,४७,७८२ | २,००,६७,७६,४९८ | २,०७,०७,६५,८४४ | २,२०,९९,५८,२४२ |
| कुल शेयर पुँजी | १०,६४,००,००० | १६,१३,८०,००० | १७,४०,४९,५०० | १९,१२,२५,४०० | २१,१६,३५,४०० |
| कुल सम्पत्ति | २,१०,९३,६१,८९५ | २,७२,६९,८१,६७८ | २,९४,२५,५१,२२३ | ३,०५,०५,९०,२७० | ३,३८,१७,१९,६५८ |
| कुल निष्कृय ऋण | ६.७९ | १४.२९ | ६.१३ | ५.६८ | ४.४३ |
| कुल संस्थागत पुँजी | ७,०३,००,६८७ | ८,९५,२५,७६७ | १०,६४,७५,९०४ | १०,६२,८२,६८९ | ११,५२,१०,०१६ |
| कुल संस्थागत पुँजी | ३.३३ | ३.२८ | ३.६२ | ३.४८ | ३.४१ |
| **कुल सदस्य** | **१२,३५६** | **१४,२४२** | **१५,८८४** | **१७,६४०** | **२०,७७४** |

**२. समीक्षा वर्ष २०८०/८१ को उपलब्धि :**

यस संस्थाले आर्थिक वर्ष २०८०/८१ मा आफ्ना सदस्यहरूको वित्तीय आवश्यकतालाई सम्बोधन गर्न तथा संस्थाको दिगोपनालाई सुनिश्चित गर्न केही महत्वाकांक्षी लक्ष्यहरु निर्धारण गरेको थियो । यस अवधिमा संस्थाले सदस्यहरूको आर्थिक सशक्तिकरणलाई थप सबल बनाउने, सदस्यहरूको जीवनस्तर सुधार्ने र समुदायमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ विभिन्न वित्तीय कार्यक्रम र सेवाहरु कार्यान्वयनमा ल्याएको थियो । सहकारीको छवि नकारात्मक बन्दै गईरहेको, सञ्चार माध्यमहरूमा हरेक दिनजसो सहकारीको विषयमा नकारात्मक समाचारहरूले प्राथमिकता पाईरहेको, सामाजिक, आर्थिक र राजनीतिक पृष्ठभूमिका प्रतिष्ठित व्यक्तिहरु सहकारी बचत दुरुपयोग संग जोडिएको कारण बढ्दै गएको सहकारी प्रतिको अविश्वासका बावजुत हामीले सदस्य सेवामा देखाएको समर्पण र सहकारी मूल्य र सिद्धान्तहरु प्रति हाम्रो निष्ठाको कारण यस अवधिमा पनि हामी सदस्यहरूलाई अविचलित रूपमा सेवा प्रवाह गरीरहन सफल भयौं ।

गत वर्षको योजनामा संस्थाको सम्पूर्ण गतिविधिहरूमा गुणात्मक सुधार गर्ने, ऋण व्यवस्थापनमा सुधार ल्याउने, जोखिम व्यवस्थापनमा ध्यान केन्द्रित गर्ने, सदस्यहरूको सन्तुष्टीस्तरलाई बृद्धि गर्ने कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, डिजिटल सेवा विस्तार गर्ने र नियामकीय अनुपालन तथा सुशासन सुनिश्चित गर्ने जस्ता योजनाहरु समावेश थिए । सदस्यहरूबाट प्राप्त उच्च विश्वास, सहकारीको सुदृढ व्यवस्थापन, तथा वित्तीय प्रगति र सामाजिक

उत्तरदायित्वमा हामीले गरेका योगदानको आधारमा संस्थाले हासिल गरेका उपलब्धिहरूलाई उल्लेखनीय मान्नुपर्ने हुन्छ । यस समीक्षा वर्षको उपलब्धिहरूको विश्लेषणले आगामी वर्षका लागि थप सुदृढ र व्यवहारिक योजना बनाउन हामीलाई प्रेरणा समेत प्राप्त भएको छ ।

समीक्षा वर्षमा शेयर पुँजी ९९%, बचत निक्षेप ९१%, ऋण लगानी ८३%, लगानी हिसाब १०७%, ऋणबाट ब्याज आम्दानी ९१%, बचतमा ब्याज खर्च १०७%, कुल आम्दानी ९०%, कुल खर्च ११०% को उपलब्धि तथा अवस्था रहेको छ भने संस्थाले लिएको रणनीतिक उद्देश्य र सम्पन्न भएको कृयाकलापको उपलब्धि समग्रतामा ६४% रहेको छ । बदलिँदो वित्तीय बजार, सहकारी क्षेत्रमा थपिँदै गएको चुनौतीलाई मध्यनजर गरी मिति २०८१/०१/२२ गतेको समीक्षा गोष्ठीको निर्णय अनुसार केही प्रक्षेपित कार्यक्रमहरूलाई स्थगित गरिएको थियो भने बचत र शेयर पुँजी बृद्धि र ठुला ऋण लगानीहरूलाई सीमित गरिएको थियो ।

**(क) सदस्यता लक्ष्य र उपलब्धि :**

| क्र.स. | विवरण | लक्ष्य | उपलब्धि संख्या | उपलब्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | महिला | १३,३२६ | १२,६८२ | ९५% |
| २ | पुरुष | ८,०३४ | ७,९८३ | ९९% |
| ३ | अन्य | ११० | १०९ | ९९% |
| **जम्मा** | | **२१,४७०** | **२०,७७४** | **९७%** |

**(ख) कर्मचारी प्रक्षेपण र वास्तविक अवस्था**

| क्र.स. | विवरण | प्रक्षेपण | वास्तविक संख्या | अवस्था प्रतिशत |
|---|---|---|---|---|
| १. | कर्मचारी संख्या | ५५ | ५२ | ९५% |

**(ग) आ.व. २०८०/०८१ को वित्तीय लक्ष्य तथा उपलब्धि**

| क्र.स. | विवरण | लक्ष्य | उपलब्धि | उपलब्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर पुँजी | २१,४८,२३,९००.०० | २१,१६,३५,४००.०० | ९८.५२% |
| २ | जगेडा कोष | ९,७९,०२,४९५.१५ | ९,४५,१६,१७०.१७ | ९६.५४% |
| ३ | अन्य कोष | ५,०७,८८,२५३.१६ | ६,०१,१२,७१८.५८ | ११८.३६% |
| ४ | ऋण सुरक्षण कोष | ४,८९,६४,१७९.६७ | ९,५९,३९,७२०.२६ | १९५.९४% |
| ५ | निक्षेप हिसाब | ३,२८,२७,८७,७३९.९४ | २,९७,७८,३५,६५०.५० | ९०.७१% |
| ६ | नगद मौज्दात | ८२,५१,३४९.७० | ४४,९०,९६५.०० | ५४.४३% |
| ७ | बैंक मौज्दात | ३९,४४,५०,१६४.३९ | ४२,२८,०१,४८५.६२ | १०७.१९% |
| ८ | लगानी हिसाब | ५५,३१,२४,४०५.१३ | ५९,४५,४५,२२२.९७ | १०७.४९% |
| ९ | ऋण लगानी | २,७३,८१,९३,०२३.२४ | २,२७,६३,४७,६१३.२६ | ८३.१३% |
| १० | कुल सम्पत्ति | ४,०२,९१,९८,२९०.८९ | ३,५७,८९,७३,१४७.५८ | ८८.८३% |
| ११ | ऋणबाट ब्याज आम्दानी | ३६,४४,४७,१२७.५१ | ३३,१६,१७,३९८.४७ | ९०.९९% |
| १२ | ब्याज खर्च | ३०,०४,७५,८९६.६० | ३२,१९,२०,७१७.१२ | १०७.१४% |
| १३ | बैंकबाट ब्याज आम्दानी | ७,२२,०३,९३४.९० | ५,५२,७५,९७९.२५ | ७६.५६% |
| १४ | अन्य सञ्चालन आम्दानी | २,१९,३६,३४३.७५ | २,६७,७३,०८०.०५ | १२२.०५% |
| १५ | कर्मचारी खर्च | ३,१७,५२,३१९.९० | ३,१६,०७,६६०.०० | ९९.५४% |

| | | | | |
|---|---|---|---|---|
| १६ | सञ्चालन खर्च | १,२३,३४,८४५.२४ | १,६२,६६,३७५.८७ | १३१.८७% |
| १७ | ह्रासकट्टी तथा अपलेखन खर्च | २८,६८,२८८.२८ | ६८,३२,७२४.५९ | २३८.२२% |
| १८ | सदस्य सेवा तथा कार्यक्रम खर्च | ७९,४३,७१५.०० | ६९,२६,६२४.०० | ८७.२०% |
| १९ | ऋण जोखिमकोष व्यवस्था खर्च | ५४,४०,४६४.४१ | १,१८,८७,१२३.६६ | २१८.४९% |
| २० | मर्मत सम्भार | ७,२२,७३२.९९ | ७,४०,५५४.०१ | १०२.४७% |

**(घ) संस्थाले लिएको रणनीतिक उद्देश्य र उपलब्धि को अवस्थाः**

| रणनीतिक उद्देश्य | लक्षित कृयाकलापमा उपलब्धि प्रतिशत |
|---|---|
| संस्थाको सेवा लिने सदस्यहरु बृद्धि गर्ने | ८२% |
| वित्तीय सक्षमता अभिबृद्धि गर्ने | ७१% |
| जोखिम व्यवस्थापनलाई मजबुत बनाउने | ४४% |
| वित्तीय समावेशीकरणलाई अभिबृद्धि गर्ने | ६७% |
| सामाजिक उत्तरदायित्व वहन | ४४% |
| डिजिटल रुपान्तरणलाई पोषित गर्ने | ५७% |
| सदस्यहरुको सहभागिता, सक्रिता र सन्तुष्टीस्तरलाई बढाउने | ८६% |
| कर्मचारीहरुको विकास र कार्यसम्पादनलाई बृद्धि गर्ने | ७१% |
| सञ्चालकहरुको क्षमता विकास गर्ने | ७१% |
| नियामकीय अनुपालन र सुशासासन सुनिश्चितता | ६४% |
| साझेदारी र सहकार्यलाई मजबुत बनाउने | ५०% |
| नियमित कृयाकलापहरु | ७५% |
| समग्र | ६४% |

**३. अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको समीक्षाः**

यस संस्थाको २२ औं वार्षिक साधारण सभा मिति २०८०/०६/१८ देखि २०८०/०६/२० गरी विभिन्न ५ वटा ईकाईहरुमा सम्पन्न भई मिति २०८० असोज २७ गते निर्णय प्रमाणित गर्ने सभा आयोजना गरी सम्पन्न भएको थियो । उक्त २२ औं वार्षिक साधारण सभामा पेश भएका कार्यसूची उपर पारित भएका निर्णयहरु कार्यान्वय भएका छन् । दिर्घकालीन प्रभाव रहने र अदालती प्रकृयामा रहेको साविक एच.एण्ड. बि. प्रकरण संग सम्बन्धित लेना रकम असुल उपरको केही प्रकृयाहरु अगाडि बढेका छन् । संस्थाको विनियम पुनर्लेखनको प्रकृया अन्तर्गत विनियम संशोधन सम्मको प्रकृया सम्पन्न भएको र अन्य सबै निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएका छन् । उक्त साधारण सभाको निर्देशन बमोजिम संस्थाको कारोवारहरुलाई प्रविधिमैत्री बनाउँदै लगिएको छ । सदस्यहरुलाई परेका सारो गाह्रो परिस्थितिमा आहतमा राहत महसुस गराउने प्रयास संस्थाले गरेको छ । प्रतिकुल वित्तिय बजार र वातावरणका विच पनि संस्थाको अधिकांश सूचकहरुमा भएको उपलब्धिहरुले संस्था रणनीतिक सुझबुझका साथ कार्यान्वयनमा अगाडि बढेको प्रस्ट हुन्छ ।

**४. आ.व. २०८१/८२ को कार्यक्रम तथा बजेटको उद्देश्यहरूः**

गत आ.व. मा झै यस आ.व.को लागि पनि कार्यक्रम तथा बजेटको उद्देश्यहरु देहाय अनुसार तय गरिएको छन् ।

क) संस्थाको सेवा लिने सदस्यहरु बृद्धि गर्ने ।
ख) संस्थाको आयक्षमता र संस्थागत पुँजीलाई मजबुत बनाउने ।
ग) जोखिम व्यवस्थापनलाई थप सबल बनाउने ।
घ) वित्तीय समावेशीकरणलाई अभिबृद्धी गर्ने ।
ङ) डिजिटल रुपान्तरणलाई पोषित गर्ने ।
च) सदस्यहरुको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई बढाउने ।
छ) नेतृत्व चयन र विकासको कार्य गर्ने ।
ज) कर्मचारीहरुको विकास र कार्यसम्पादनलाई बृद्धि गर्ने ।
झ) नियामकीय अनुपालन र सुशासन सुनिश्चित गर्ने ।

(ञ) साझेदारी र सहकार्यलाई मजबुत बनाउने ।

**५. लक्ष्यहरू:**

आ.व. २०८१/८२ को प्रस्तावित कार्यक्रम तथा बजेटले सदस्यहरूको वित्तीय आवश्यकता परिपूर्ति, समुदायको विकास, संस्थागत सुदृढता, नेतृत्व विकास, जोखिम न्यूनीकरण, समुदायप्रतिको चासो, साझेदारी विस्तार र नियामक अनुपालना जस्ता क्षेत्रलाई प्राथमिकतामा राखेको छ । यस अवधिमा संस्थाले महत्वकांक्षी लक्ष्यहरु लिने भन्दा पनि वित्तीय सुरक्षा र सक्षमता कायम राख्दै नियमित बृद्धिलाई प्राथमिकतामा राखेको छ । सदस्यहरूको बचतको सुरक्षा, ऋणमा हुने सम्भावित जोखिमलाई व्यवस्थापन र सदस्यहरूलाई बजारदर अनुसारको प्रतिफल दिने कुरामा संस्थाका कृयाकलापहरु केन्द्रित हुनेछन् । संस्थाको रणनीतिक उद्देश्य, वित्तीय लक्ष्यहरु र उपलब्ध स्रोतसाधनहरूको समुचित विनियोजनबाट उत्कृष्ट र गुणस्तरीय सदस्य सेवालाई सुनिश्चित गर्न देहायका लक्ष्यहरु निर्धारण गरिएको छन् ।

क) सदस्यता बृद्धि ९% ले गर्ने ।
ख) शेयर पुँजीको बृद्धि ७% ले गर्ने ।
ग) बचत निक्षेप ८% ले बृद्धि गर्ने ।
घ) ऋण लगानी ११% ले बृद्धि गर्ने ।
ङ) भौतिक पूर्वाधार व्यवस्थापनमा रु ३ करोड १९ लाख व्यवस्था गर्ने ।
च) लगानी २८% ले घटाई ऋण लगानी र तरलता व्यवस्थापन गर्ने ।
छ) तरलता १०%-१५% भित्र कायम गर्ने ।
ज) कर अघिको सञ्चालन आय रु ९ करोड १६ लाख आर्जन गर्ने ।
झ) शेयर लाभांश १३% पुऱ्याउने ।
ञ) कुल सम्पत्ति ९.३२% ले बृद्धि गर्ने ।
ट) प्रमुख कार्यसम्पादन सूचकांकको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने ।
ठ) विनियम पुनःलेखन र संशोधन गर्ने ।
ड) कर्मचारी संख्या ५८ जना पुऱ्याउने ।
ढ) सदस्यहरूको सन्तुष्टीदरलाई ९०% भन्दा माथि कायम राख्ने ।
ण) भाखा नाघेको ऋण ५% भित्र सीमित गर्ने ।
त) युवाहरूलाई Startup व्यवसायमा प्रोत्साहित गर्ने ।

**६. प्रमुख कार्यसम्पादन सूचकाङ्क (Key Performance Indicators-KPI):**

आ.व. २०८१/८२ को लागि निर्धारण गरिएको मुख्य कार्यसम्पादन सूचकाङ्क (KPI) ले संस्थाको लक्ष्य र उद्देश्य अनुसार भएको प्रगति मापन गर्नेछ । संस्थाले आगामी आर्थिक वर्षको योजनाबद्ध कार्यक्रम र बजेटका लागि केही महत्वपूर्ण KPI हरु निर्धारण गरेको छ, जसको उद्देश्य संस्थाको दिगोपनालाई सुनिश्चित गर्दै सदस्यहरूको हित र समुदायको विकासलाई प्रवर्द्धन गर्नु हो । आ.व. २०८१/८२ को लागि निर्धारित प्रमुख कार्यसम्पादन सूचकाङ्क (Key Performance Indicators-KPI) देहाय अनुसार तय गरिएको छन् ।

**(क) सदस्यता बृद्धि**

- नयाँ सदस्यता प्राप्त गर्नेको संख्या
- सदस्यता बृद्धि दर
- सदस्यता प्रतिधारण दर
- विद्यमान सदस्यहरूले गरेका सदस्यता सिफारिस

**(ख) सबल र सुरक्षित वित्तीय अवस्था:**

- PEARLS
- Risk Weighted Assets Analysis

**(ग) जोखिम व्यवस्थापन**

- जोखिममा आधारित स्वःसुपरिवेक्षण मापदण्ड
- Disaster Risk Reduction (DRR) पद्दति लागु गर्ने
- Network Attached Storage(NAS) लागु गर्ने
- भाखा नाघेको ऋण व्यवस्थापन
- नियामक अनुपालन
- आन्तरिक नियन्त्रण र सुपरिवेक्षण

**(ग) वित्तीय समावेशीकरणको प्रवर्द्धन**

- समिति उपसमितिमा महिला र युवा सदस्यहरूको यथोचित प्रतिनिधित्व
- समिति उपसमितिमा फिट एण्ड प्रोपर सूचकांकभित्र पर्ने सदस्यहरूको सहभागिता
- मुख्य शहरीक्षेत्रभन्दा बाहिरको कार्यक्षेत्रबाट सदस्यता लिनेको संख्या
- लघुवित्त कार्यक्रमको सदस्य संख्या
- लघुवित्त कार्यक्रमबाट ऋण लगानी

**(घ) डिजिटल रूपान्तरण:**

- मोबाईल बैकिङ सेवाको प्रयोगकर्ताको संख्या
- एटिएम प्रयोगकर्ताको संख्या
- अनलाईन कारोवारको संख्या

**(ङ) सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तर:**

- सदस्यहरूको सन्तुष्टी दर
- सदस्यहरूको सुझाव र गुनासो व्यवस्थापन संयन्त्र
- संस्थाका वस्तु तथा सेवाहरूमा सदस्यहरूको

सहभागिताको दर

**(च) कर्मचारीहरूको विकास र कार्यसम्पादन क्षमता बृद्धी:**

- प्रति कर्मचारी सदस्य संख्या, ऋण लगानी, बचत र कुल सम्पत्तिको अनुपात
- प्रति कर्मचारी तालिम संख्या
- कर्मचारी कार्यसम्पादन मूल्याङ्कन

**(छ) सामाजिक कृयाकलापहरूमा संलग्नता र उत्तरदायित्व:**

- संस्था संलग्न सामुदायिक कृयाकलापहरूको संख्या
- सामाजिक उत्तरदायित्वको लागि निर्धारित कार्यक्रम र बजेट
- समुदायको मान्यता र धारणा
- सामाजिक उत्तरदायित्वहरूको प्रभावको समीक्षा

**(ज) नियामकीय अनुपालन र सुशासन सुनिश्चितता:**

- संघन अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयनको अवस्था
- नियामक अनुपालन र लेखापरीक्षणका परिणामको अवस्था
- अद्यावधिक विनियम
- लागु भएको नीति र कार्यविधिहरूको संख्या र अद्यावधिकको अवस्था
- नियामक प्रतिवेदनहरु समयमै पेश भएको अवस्था

**७. कार्ययोजना:**

चन्द्रागिरि साकोसले आ.व. २०८१/८२ को लागि निर्धारित लक्ष्य प्राप्त गर्नका लागि तय गरिएको विशेष कार्यहरूको रुपमा तपसिल बमोजिमको कार्ययोजनाहरु तयार पारेको छ । यो कार्य योजना संस्थाको रणनीतिक व्यवसायिक योजना, बजेट र नीति अनुसार निर्धारण गरिएको हो, जसमा निर्दिष्ट उद्देश्यहरु पूरा गर्न आवश्यक चरणबद्ध प्रक्रिया र समय सीमा तोकिएका छन् ।

**(क) संस्थाको सेवा लिने सदस्यहरू बृद्धि गर्ने:**

उक्त रणनीतिक उद्देश्य पुरा गर्नको लागि ललितपुर जिल्लाको गोदावरी न.पा. बाडेगाउँ क्षेत्रमा व्यवस्थित सेवाकेन्द्र सञ्चालनमा ल्याउने, नयाँ चन्द्रागिरि साथीहरु मनोनित गर्ने, संस्थाको लघुवित्त कार्यक्रम विस्तार गर्ने र मुख्य कार्यालय र सेवाकेन्द्रहरु मार्फत सम्भावित सदस्य भेला आयोजना गर्ने कार्यक्रम रहेको छ ।

**(ख) वित्तीय सक्षमता अभिवृद्धि गर्ने:**

संस्थाको वित्तीय सक्षमता अभिवृद्धि गर्दै संस्थागत विकास र सदस्य सेवाको गुणस्तर अभिवृद्धि गर्नको लागि लगानीको नयाँ क्षेत्रहरु पहिचान गरी ऋण लगानी वृद्धी गर्ने, सञ्चालन आयमा सुधार ल्याउने, नयाँ बचत र ऋणको प्रोडक्टहरु विकास गर्ने, जगेडाकोष लगायत संस्थागत पुँजीको अनुपात वृद्धि गर्ने, भाखा नाघेको ऋण न्यून गर्ने र संस्थामा रहेको अधिक तरलताको अनुपातलाई लगानीमा रुपान्तरण गरीनेछ ।

**(ग) जोखिम व्यवस्थापनलाई मजबुत बनाउने:**

सम्भावित जोखिम व्यवस्थापनको लागि आ.व. २०८१/८२ मा जोखिममा आधारित स्वःसुपरिवेक्षण मापदण्डबाट जोखिम परीक्षण र व्यवस्थापन गर्ने, Disaster Risk Reduction (DRR) लागु गर्ने, समय समयमा बजार दर अनुसार आवश्यक भएमा ब्याजदर समायोजन गर्ने, आवधिक बचतको अनुपात व्यवस्थापन गर्ने, AML/CFT शंकास्पद कारोवार (STR) ट्रयाकिङको Guideline लागु गर्ने, ऋण तिर्न/बुझाउन ३५ दिने सार्वजनिक सूचना जारी गर्ने, धितो लिलामीको ३५ दिने सार्वजनिक सूचना जारी गर्ने, बजार सर्वेक्षण र आवश्यकता भएमा ब्याजदर संसोधन गर्ने, ऋण फाईलहरु व्यवस्थित गर्न फायरप्रुफ स्पेश बनाउने, ऋणको तमसुक, लालपुर्जा, दृष्टिबन्धकी लगायतको ऋण फाईल स्क्यानिङ गर्ने, सहकारी विभागबाट प्राप्त निर्देशनहरूको कार्यान्वयन गर्ने जस्ता कृयाकलापहरु प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

**(घ) वित्तीय समावेशीकरणलाई अभिवृद्धी गर्ने:**

परम्परागत वित्तीय सेवाबाट बञ्चित, न्यून आए भएका र साना तथा मझौला व्यवसाय गर्ने सदस्यहरूलाई संस्थाको वित्तीय सेवामा जोड्ने अभिप्रायले वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्ने लक्ष्य अनुसार विपन्न तथा न्यून आय भएका महिला तथा युवाहरूलाई लघुवित्त कार्यक्रममा आवद्ध गराउने, लघुवित्त समुह विस्तार गर्ने, समिति तथा उपसमितिहरुमा महिलाहरु तथा युवाहरूको सहभागिता सुनिश्चित गर्ने, ग्लोवल मनीविकमा विशेष कार्यक्रम आयोजना गर्ने, घरधुरीको आधारमा विश्लेषण गर्न सहजता होस भन्ने हेतुले सदस्यहरूको परिवार पहिचान (Family Tree) तयार गर्ने, पूर्वनेतृत्व विकास तालिम संचालन गर्ने, युवा सदस्यहरूलाई विशेष खेलकुद कार्यक्रम संचालन गर्ने र जेष्ठ नागरीक सदस्यहरूको लागि एक दिवसीय कार्यक्रम संचालन कार्यक्रम तय गरिएको छन् ।

**(ङ) सामाजिक उत्तरदायित्व वहनः**

सामाजिक उत्तरदायित्व बहनतर्फ संस्थाले आ.व. २०८१/८२ मा चन्द्रागिरि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम विस्तार गर्ने, १ सदस्य १ बिरुवा अभियान सञ्चालन गर्ने, कार्यक्षेत्रभित्रको कुनै एउटा सहकारी संस्थालाई व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउने र सदस्यहरूको सफलताको कथाहरु सम्बन्धी भिडियो क्लिपहरु तयार गरी प्रचारप्रसार गर्ने जस्ता कार्यहरु गर्ने लक्ष्य लिईएको छ ।

**(च) डिजिटल रूपान्तरणलाई पोषित गर्नेः**

डिजिटल रुपान्तरण तर्फ आ.व. २०८१/८२ मा संस्थाको विभिन्न प्रविधिमा आधारित सेवा सहित संस्थाले अवलम्बन गरेको सूचना प्रविधिको गुणस्तर र सुरक्षाका लागि आई.टि अडिट गर्ने, त्यसैगरी सिस्टम प्रिन्टेट भौचर प्रणाली लागु गर्ने, Network Attached Storage(NAS) लागु गर्ने, मोबाईल बैंकिङ सेवाको प्रयोगकर्ता बृद्धि गर्ने, एटिएम सेवाको प्रयोगकर्ता बृद्धि गर्ने, मोबाईल/ट्याब कलेक्सन सेवा सुरुवात गर्ने, समिति उपसमिति र कर्मचारीहरुमा प्रविधि साक्षरताको कार्यक्रम आयोजना गर्ने, सदस्यहरुमा साक्षरताको कार्यक्रम आयोजना गर्ने, ईटेलर सञ्चालन गर्ने र म्यानेजमेन्ट एप विकास गरी प्रयोगमा ल्याउने जस्ता कार्यक्रमहरु लक्षित गरिएको छन् ।

**(छ) सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई बढाउनेः**

संस्थाका सदस्यहरूको सहभागिता, सक्रियता र सन्तुष्टीस्तरलाई बढाउने उद्देश्यले चालु आ.व.मा संस्थाले सदस्यहरूको उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने, सदस्य राहत प्राप्त गर्ने सदस्यहरूको रेफरेन्स लिने कार्यलाई प्राथमिकता दिने, मुख्य कार्यालय र सेवाकेन्द्रगत रुपमा सदस्य सन्तुष्टी सर्वेक्षण गर्ने, कर्मचारी शिष्टाचार सम्बन्धी कोचिङ सञ्चालन गर्ने, धार्मिक, पर्यटकीय भ्रमण तथा ट्रेकिङ कार्यक्रम सञ्चालन गर्ने, नियमित किस्ता बुझाउने सदस्यहरूको लागि ब्याज रिवेटको प्रावधान लागु गर्ने, भाईबर, फेसबुक तथा वेवसाईट आदिबाट सदस्यहरूलाई सूचना जानकारी र अन्तरक्रिया गर्ने अवसर प्रदान गर्ने, बि.डि.एस् कक्ष स्थापना गर्ने र निष्कृय सदस्यहरूलाई सक्रिय बनाउन पहल गर्ने जस्ता कृयाकलापहरु सञ्चालन गर्ने योजना राखिएको छ ।

**(ज) कर्मचारीहरूको विकास, कार्यसम्पादन र सन्तुष्टीस्तरलाई वृद्धि गर्नेः**

कर्मचारी व्यवस्थापनको क्षमता विकास, कार्यसम्पादन र सन्तुष्टीस्तरलाई वृद्धि गर्न चालु आ.व.मा एक कर्मचारी एक तालिमको अनिवार्य व्यवस्था गरीनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, रिफ्रेसर तथा कार्यशालाहरुमा सहभागी हुने अवसर प्रदान गरीनेछ भने कर्मचारीको सेवासम्बन्धी ज्ञानको परीक्षणको लागि लघु हाजिरी जवाफ प्रतियोगिता जस्ता कार्यक्रम र कर्मचारीहरूको नियुक्ति मितिको दिन Appointment Day Celebration कार्यक्रम, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा दण्ड र पदोन्नति तथा नियमित प्रकृतिको सेवामा प्रवेश गराउने जस्ता कृयाकलापहरु सञ्चालन गरीनेछ ।

**(झ) नेतृत्व चयन तथा क्षमता विकासः**

आ.व. २०८१/८२ मा संस्थामा नयाँ नेतृत्व समेत चयन हुनेछ । नवनिर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सञ्चालक समितिले गठन गरेका विभिन्न उपसमितिको क्षमता विकासका लागि प्रिलिडरसिप कार्यक्रमको आयोजना, लिडर सिप बुटक्याम्प तालिम र अध्ययन/अवलोकन भ्रमण कार्यक्रम आयोजना गरीनेछ ।

**(ञ) नियामकीय अनुपालन र सुशासन सुनिश्चितताः**

संस्थाले नियामकीय अनुपालन गरेको र सुशासन सुनिश्चित भएको यकिन गर्नको लागि सहकारी विभागबाट भएको संघन अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयन, संस्थाको विनियम संशोधन तथा पुनर्लेखन, तेश्रो रणनीतिक व्यवसायिक योजना तर्जुमा, नीति तथा कार्यविधिहरूको नियमित पुनरावलोकन तथा अद्यावधिकरण र आई.एस.ओ. सर्टिफिकेसन प्राप्त गर्ने जस्ता कार्यक्रमहरु तय गरिएको छन् ।

**(ट) साझेदारी र सहकार्यलाई मजबुत बनाउनेः**

संस्थाको साझेदारी र सहकार्यको अवस्था मजबुत बनाउने उद्देश्यका साथ विगतका वर्षहरुमा जस्तै लायन्स क्लव अफ चन्द्रागिरिसँगको सहकार्यमा गर्दै आइरहेको सामाजिक कृयाकलापहरूलाई निरन्तरता दिने तथा थप कृयाकलापहरु विस्तार गर्ने, एशियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोगमा संस्थागत विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) सँग सहकार्य गरी सदस्य शिक्षाको कार्यक्रमहरुमा साझेदारी र सहयोग, भगिनी सम्बन्ध स्थापना भएका संस्थाहरूसँग सहकार्य गरी नेतृत्व विकास कार्यक्रम, चार्जिङ स्टेशनहरूसँग समन्वय

गरी हरित सवारी ऋण लगानीको कार्यक्रमलाई अगाडि बढाउने र चन्द्रागिरि नगरपालिकासँगको सहकार्यको सम्भावना खोजी गरी विशेष कार्यक्रम संचालन गर्ने प्रयास गरीनेछ ।

**(ठ) भौतिक पूर्वाधारको व्यवस्थाः**

आ.व. २०८१/८२ मा भौतिक पूर्वाधारतर्फ मुख्य कार्यालयको आन्तरिक कार्यालय बनावट पुनर संरचना, पाटन सेवाकेन्द्र र गोदावरी सेवाकेन्द्रको कार्यालय ईन्टेरीयर, निर्माण तथा सञ्चालन, पार्किङ व्यवस्थापनको लागि थप जग्गा खरिद, आवश्यक कार्यालय फर्निचर तथा फिक्सचर, कम्प्युटर तथा एक्सेसरीज र सफ्टवेयर एवं वेभसाईट अद्यावधिक गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

## ८. वित्तीय लक्ष्य तथा बजेटः

आ.व. २०८१/८२ को लागि देहाय अनुसारको वासलात वित्तीय लक्ष्यको रुपमा र आयविवरण बजेटको रुपमा प्रक्षेपण गरिएको छ । वार्षिक कार्यक्रम तथा बजेट कार्याशालामा समीक्षा मिति २०८१ असार १५ लाई आधार मानिएको हुँदा सो तथ्याङ् आधार मितिको रुपमा समावेश गरिएको छ ।

**(क) आ.व. २०८१/८२ को लागि अनुमानित वासलातः**

**पुँजी तथा दायित्व**

| विवरण | आषाढ ३१, २०८० (वास्तविक) | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|---|
| शेयर पुँजी | १९,१२,२५,४००.०० | २०,४३,२४,७००.०० | २१,८६,२७,०००.०० |
| जगेडाकोष | ८,४७,०१,४९८.६१ | ८,४९,३१,७९९.०८ | १०,५५,४७,६०१.०८ |
| अन्यकोष | ३,१७,७४,२२५.२४ | २,४३,९३,३६४.४६ | ८,६२,४०,७७२.१२ |
| बचत तथा निक्षेप | २,६७,६०,३२,०००.२० | २,८९,३६,८१,८८८.९४ | ३,११,०८,९१,४१८.२७ |
| वाह्य ऋण | १,२१,००,०००.०० | - | - |
| धरौटी हिसाव खाता | १,७१,९१२.०० | २,४५,९१२.०० | २,४६,९१२.०० |
| भुक्तानी दिनुपर्ने | १,०३,९२,२२१.१४ | ४०,०९,६३०.५८ | ३२,५६,३७४.४१ |
| अन्य दायित्व | ४,४१,९३,०१३.१८ | ३५,१४,३१,६६५.१७ | ३७,०४,३१,३९८.२२ |
| **जम्मा** | **३,०५,०५,९०,२७०.३७** | **३,५६,३०,१८,९६०.२३** | **३,८९,५२,४१,४७६.१०** |

**सम्पत्ति**

| बिवरण | आषाढ ३१, २०८० (वास्तविक) | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|---|
| नगद तथा नगद समान | ४८,०४,२१२.०० | १,०१,०७,९६४.०० | ६५,००,०००.०० |
| बैकं हिसाव | ५१,८७,०४,८५८.२३ | ३५,२२,०१,६६४.७३ | ४६,०१,३३,७१२.७८ |
| लगानी हिसाव | ३१,३६,२०,१४०.२९ | ५७,४५,४४,७२३.५२ | ४१,३८,४८,७६३.५९ |
| सदस्यलाई ऋण लगानी | २,०७,०७,६५,८४३.९३ | २,२५,८२,७१,५२६.२० | २,६९,३१,२५,८११.४४ |
| पाउनुपर्ने हिसाव | १,९१,३३,९०१.६२ | २५,७६,८८,७०७.९४ | १७,९५,२४,६४६.७९ |
| स्थीर तथा अन्य सम्पत्ति | १२,३५,६१,३१४.३१ | ११,०२,०४,३७३.८४ | १४,२१,०८,५४१.५० |
| **जम्मा** | **३,०५,०५,९०,२७०.३७** | **३,५६,३०,१८,९६०.२३** | **३,८९,५२,४१,४७६.१०** |

(ख) आ.व. २०८१/०८२ को लागि प्रक्षेपित आय विवरण (बजेट)

आम्दानी

| विवरण | आषाढ ३१, २०८० (वास्तविक) | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|---|
| ऋणबाट व्याज आम्दानी | ३०,५१,०२,९९६।७७ | २६,९४,११,०७९।६२ | ३५,७९,८२,६४३।०३ |
| व्यवसायिक आम्दानी | ६,०१,२१,२६३।६३ | ३५,४१,१९५।०० | ३५,७४,७३५।०० |
| अन्य आम्दानी | २,६५,५२,४५०।३९ | ६,१७,१२,६३०।३५ | ६,१६,५७,८७६।६६ |
| **जम्मा** | **३९,१७,७६,७१०.७९** | **३३,४६,६४,९०४.९७** | **४२,३२,१५,२५४.६९** |

खर्च

| विवरण | आषाढ ३१, २०८० (वास्तविक) | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|---|
| बचतमा व्याज खर्च | २८,४८,२९,६४१.०१ | २९,६४,७५,६०८.०४ | २६,२७,३९,६५०.८७ |
| कर्मचारी खर्च | २,७९,३८,४३६.४९ | २,९१,७५,८८२.०० | ३,४९,०६,५३३.३० |
| समिति उपसमिति खर्च | ६,२०,०००.०० | ७,७०,५६५.०० | १४,८२,८००.०० |
| अन्य प्रशासनिक खर्च | ६५,१७,५५५.०० | ८९,१५,९७०.०० | १,१३,९५,८४५.०० |
| अन्य कार्यालय सञ्चालन खर्च | १,६८,४१,८२०.९८ | ९६,६२,५६६.६५ | १,०३,३८,०६२.०० |
| अन्य खर्च | ३,९४,८५,९१३.४७ | १५,१०,०६७.४७ | १,०७,२६,५७५.०० |
| बाह्य ऋणमा व्याज खर्च | ६,९७,१३४.८६ | ६,९७,१३४.८६ | - |
| **जम्मा खर्च** | **३७,६९,३०,५०१.८१** | **३४,७२,०७,७९४.०२** | **३३,१५,८९,४६६.१७** |
| **सञ्चालन बचत** | **१,४८,४६,२०८.९८** | **(१,२५,४२,८८९.०५)** | **९,१६,२५,७८८.५२** |

९. सदस्यता पूर्वानुमानः

| विवरण | आषाढ ३१, २०८० (वास्तविक) | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|---|
| महिला | १०,९८२ | १२,७०९ | १३,९०० |
| पुरूष | ६,५७१ | ७,७७६ | ८,४७६ |
| अन्य | ८७ | १२४ | १२४ |
| **जम्मा** | **१७,६४०** | **२०,६०९** | **२२,५००** |

१०. लघुवित्त सदस्य पूर्वानुमानः

| विवरण | आषाढ १५, २०८१ (वास्तविक) | आषाढ ३२, २०८२ (अनुमानित) |
|---|---|---|
| सदस्य संख्या | २,९४० | ३,४९१ |
| समुह संख्या | १९० | २०७ |
| **जम्मा** | **३,१३०** | **३,६९८** |

## ११. कर्मचारी दरबन्दीको प्रक्षेपण

| क्र.सं | पद | तह | २०८०/०८१ (वास्तविक) | २०८१/०८२ (अनुमानित) |
|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | १० | १ | १ |
| २. | ना. प्रमुख कार्यकारी अधिकृत | ९ | १ | १ |
| ३. | व्यवस्थापक | ८ | १ | १ |
| ४. | बरिष्ठ अधिकृत | ७ | १ | १ |
| ५. | शाखा अधिकृत | ६ | ३ | ३ |
| ६. | स शाखा अधिकृत | ५ | ९ | ९ |
| ७. | सहायक | ४ | २ | २ |
| ८. | चालक ईञ्चार्ज | ४ | १ | १ |
| ९. | कनिष्ठ सहायक | ३ | १४ | १५ |
| १०. | सुरक्षा गार्ड | ३ | ३ | ३ |
| ११. | चालक | ३ | २ | १ |
| १२. | व्यवस्थापन प्रशिक्षार्थी | २ | १ | १ |
| १३. | सुरक्षा गार्ड | २ | २ | ४ |
| १४. | सहयोगी | २ | ६ | १० |
| १५. | कनिष्ठ सहयोगी | १ | ५ | ५ |
| | जम्मा | | **५२** | **५८** |

## १२. चन्द्रागिरि साथीहरूको पूर्वानुमानः

| क्र.स. | विवरण | हालको संख्या | प्रक्षेपित संख्या |
|---|---|---|---|
| १. | मुख्य कार्यालय | ३ | ३ |
| २. | दहचोक सेवाकेन्द्र | ० | १ |
| ३. | बुढानिलकण्ठ सेवाकेन्द्र | २ | २ |
| ४. | शुभतारा सेवाकेन्द्र | ० | २ |
| ५. | पाटन सेवाकेन्द्र | ० | १ |

## १३. जोखिम मूल्याङ्कन र व्यवस्थापनः

### क) कर्जा जोखिम न्यूनीकरणः

- ऋण परामर्श र विस्तृत ऋण विश्लेषणमा अनिवार्य सहभागी गराएर मात्र ऋण लगानी गर्ने ।
- ऋणको नियमित परीक्षण र ऋणी सदस्यहरूको अवस्थाको विश्लेषण गरीरहने ।
- ऋण लगानीको क्षेत्र विविधिकरणमा जोड दिने ।
- ऋण जोखिमको पूर्व जानकारी प्राप्त हुने प्रणालीको अभ्यास गर्ने, जोखिममा पर्नु अघि तत्काल कार्यान्वयन गर्ने ।

### ख) ब्याजदर जोखिम न्यूनीकरण गर्ने

- बचत समिश्रणमा आवधिक बचतको अनुपात घटाउने ।
- आधार ब्याजदरको अभ्यास सुरु गर्ने ।
- बचत र ऋणको ब्याजदर तथा स्प्रेडको नियमित परीक्षण गर्ने ।
- नियमित रूपमा बजार ब्याजदरको जानकारी संकलन गरीरहने ।

**ग) तरलता जोखिम न्यूनीकरण गर्ने**

- अनपेक्षित रकम फिर्ता र सदस्यहरूको आवश्यकता पुरा गर्नको लागि पर्याप्त तरलताको व्यवस्था गर्ने ।
- तरलता चापको विश्लेषण गर्दै फरक फरक समयमा तरलता व्यवस्थापनको लागि तरलता व्यवस्थापन कार्यविधि लागु गर्ने ।
- नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, अन्य छातासंघहरु र बैंक वित्तीय संस्थासंग तरलता व्यवस्थापनको लागि पूर्व तयारी सहमति गर्ने ।

**घ) बजार जोखिम न्यूनीकरण गर्ने**

- नियमित रुपमा बजारको विश्लेषण गर्ने ।
- बजारमा सिर्जना भएको जोखिम विश्लेषणको आधारमा पोर्टफोलियो व्यवस्थापन गर्ने ।

**ङ) नियामकीय अनुपालन जोखिम न्यूनीकरण गर्नेः**

- संघन अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्ने ।
- नियामकीय दायित्व परिपालना गर्ने र नयाँ कानून, निर्देशन र परिपत्रहरुमा अद्यावधिक रहने ।
- संस्थाभित्र स्थापित नीति, नियम र निर्णयहरूको परिधिभित्र रही सञ्चालित हुने अभ्यासलाई थप पोषित गर्ने ।
- नियामकीय दायित्व परिपालना सम्बन्धी सञ्चालक र कर्मचारीहरु विच अभिमुखकीरण गर्ने

**च) सञ्चालन जोखिम न्यूनिकरण गर्ने :**

- आन्तरिक नियन्त्रण प्रणाली, मेकर र चेकरको पूर्ण कार्यान्वयन र कार्यसम्पादन अनुगमन प्रणाली सक्रिय राख्ने ।
- Cybersecurity जोखिमबाट जोगिन सोको नियन्त्रण गर्ने पूर्वाधारहरु थप गर्ने **Digital Well being** मा सदस्य सेवाग्राहीहरूलाई सचेत बनाउने ।

**आदरणीय सदस्य महानुभावहरू,**

अन्त्यमा आ.व. २०८०/८१ को लागि लक्षित विभिन्न कृयाकलापहरु सम्पन्न गर्न र सदस्यहरूलाई उत्कृष्ट सेवा प्रवाह गर्नको लागि अहोरात्र मेहनत गर्ने कर्मचारी व्यवस्थापन, सही समयमा सही निर्णय गरी अवसरहरूको सदुपयोग गर्न सदा प्रेरित गर्ने सञ्चालक समिति, नियमित रुपमा संस्थाका कृयाकलापहरूको अनुगमन र सुपरिवेक्षण गरी यथासमयमै मार्गदर्शन गर्ने संस्थाको लेखा सुपरिवेक्षण समिति, सल्लाकार परिषद तथा विभिन्न उपसमितिहरु, संघीय सहकारी विभाग, प्रदेश सहकारी महाशाखा, एशियाली ऋण महासंघ, राष्ट्रिय सहकारी महासंघ लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक, प्रदेश तथा जिल्ला स्तरीय विषयगत तथा सहकारी संघहरु, सञ्चारजगत तथा विभिन्न सरोकारवाला निकायहरु प्रति धन्यवाद र कृतज्ञता ज्ञापन गर्दै प्रस्तुत अनुमानित कार्यक्रम तथा बजेट यस गरीमामय साधारण सभामा छलफल भई आवश्यक सल्लाह सुझाव र पृष्ठपोषण सहित सर्वसम्मतिबाट पारित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै विदा चाहन्छु । धन्यवाद जय सहकारी, जय चन्द्रागिरि !

..............................................

**कृष्णकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

# अनुसूची - २
# दफा ११ (क) सँग सम्बन्धित
# २३ औं वार्षिक साधारण सभाको लागि
# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

यस चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडका आदरणीय अध्यक्ष एवं यस २३ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकार परिषद्का संयोजकज्यू तथा सदस्यज्यूहरु, संचालक समतिकि अन्य पदाधिकारीज्यूहरु तथा सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजकज्यू तथा सदस्यज्यूहरु र यस साधारण सभामा गरीमामय उपस्थिति जनाउनुहुने सम्पूर्ण आदरणीय सदस्यज्यूहरु एवम् कर्मचारी मित्रहरुका साथै यस सभामा समुपस्थित सम्पूर्णमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ।

**आदरणीय सदस्यज्यूहरू,**

सहकारी ऐनद्वारा निर्देशित तथा यस संस्थाको विनियममा उल्लेख भए अनुरुप लेखा सुपरिवेक्षण समितिले गत २२ औं वार्षिक साधारण सभाबाट निर्देशित विषयमा संचालक समितिको निर्णय प्रकृया र व्यवस्थापनवाट गरिएको कार्यान्वयन पक्षको अनुगमनका साथै आ.व. २०८०/८१ मा लेखा सुपरिवेक्षण समितिको आवधिक बैठक बसी विभिन्न समयमा भएका निर्णय, कार्यान्वयन तथा अभिलेखहरुको अध्ययन गरी त्रैमासिक रुपमा प्रतिवेदनका साथै सुझाव समेत दिईएको छ । गत वार्षिक साधारण सभाबाट पारित निर्णयहरुको कार्यान्वयनको लागि संचालक समितिद्वारा गरेका निर्णय प्रकृया र व्यवस्थापन पक्षवाट त्यसको कार्यान्वयन तथा संस्थाको मुख्य वित्तीय कारोवार (बचत तथा ऋण), सामाजिक सुरक्षाका सेवाहरु एवं अन्य कृयाकलापहरुको प्रगति र उपलब्धिका बारेमा यस समितिले समय समयमा गरेको अनुगमन र सुपरिवेक्षणबाट देखिएका तथा सदस्यहरुबाट औपचारिक-अनौपचारिक रुपमा प्राप्त जानकारीहरु समेतका आधारमा तयार पारिएको प्रतिवेदन यस २३ औं गरीमामय वार्षिक साधारण सभामा प्रस्तुत गर्न पाएकोमा हामी गौरवान्वित भएका छौं ।

यस समितिले सहकारी ऐन, नियमावली तथा सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्डको पालना र संस्थाको विनियममा उल्लेखित उद्देश्य अनुरुप बचत तथा ऋण सहकारी सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय सिद्धान्तहरुको पालना, एक्सेस ब्राण्डिङ कार्यक्रम कार्यान्वयन जस्ता संस्थागत सुशासन, वित्तीय अनुशासन, पर्ल्स अनुगमन प्रणाली, आवधिक रणनीति, नीति, नियम र सम्वन्धित निकायको निर्देशन समेतको निरन्तर पालना गर्दै सदस्य हितलाई दृष्टिगत गरी संस्थाको निर्धारित लक्ष्य प्राप्ति गर्न कार्यक्रम तयार गरी नीति, विधि र प्रविधिमा आधारित भै संस्थागत स्थायित्वको लागि सुशासन पालना गर्दै निर्णय र कार्यान्वयन गर्न निरन्तर ध्यानाकर्षण समेत गरेको छ ।

यद्यपि विविध कारणले विगत बर्षदेखि नै विश्व बजारमा आएको आर्थिक मन्दीसँगै नेपाली अर्थ बजारमा देखिएको उतार चढावको प्रभाव हालसम्म पनि रहेको छ । फलतः यस संस्थाको वित्तीय कारोवार (बचत तथा ऋण), सामाजिक सुरक्षणका सेवाहरु तथा अन्य सामाजिक दायित्वका गतिविधिहरुमा पनि प्रभाव पर्न गएको देखिन्छ । साथै देशमा रहेका कतिपय सहकारीहरुबाट सहकारी ऐन, नियमावली सम्बन्धी सिद्धान्तहरुको पालना नगर्नाले सहकारी संस्थाहरु प्रति जनमानसको आस्था र विश्वास घटिरहेको अवस्थामा पनि यस संस्थालाई वित्तीय बजारको एक सशक्त र सवल सहकारीको रुपमा स्थापित गर्दै जान सकेको छ । एकातर्फ लगानीको क्षेत्र शिथिल भएको अवस्था छ भने अर्को तर्फ संचित तरलता लगानी गर्न बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरु बिच तीव्र प्रतिस्पर्धा भईरहेको छ । त्यसै गरी बजारमा छोटो अन्तरालमा बचत तथा ऋणको ब्याजदरमा उतार चढाव, लगानीयोग्य कोष बृद्धिको लागि बचत आकर्षित गर्ने प्रतिस्पर्धा, समान उद्देश्य भएका सहकारीहरु बिच अस्वस्थ प्रतिस्पर्धा तथा राजनैतिक उतार चढावका र अन्यौल आर्थिक अवस्थाका कारण कतिपय सहकारी संस्थाहरु एकीकरणमा जानुपर्ने अवस्था समेत सृजना भएको छ । उपरोक्त विविध विषम अवस्थाका अतिरिक्त साविक एच.एण्ड बी बैंक हाल लुम्बिनी विकास बैंकद्वारा भएको यस संस्थाको बैंक खातामा भएको रकम (GFP) चेकको

माध्यमबाट भएको हिनामिनाले पारेको असरका बावजुद पनि संस्थाप्रति समुदायको प्रगाढ विश्वास र भरोसाको कारणले नै प्रत्येक बर्ष शेयर सदस्य संख्यामा निरन्तर वृद्धि भई यस आ. व. २०८०/८१ को अन्त्य सम्ममा  सदस्य संख्या २०,७७४ पुगेको देखिन्छ । यस संस्थाको कार्यक्रमलाई समय सापेक्ष रणनैतिक योजनामा ढाली सदस्य हितमा निरन्तर काम गरी प्रतिकूल वित्तीय अवस्थामा पनि व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा संस्थाका सदस्यहरूको सेवामा निरन्तर प्रयासरत रहेको कारण यस सहकारीको शेयर पुँजी, बचत, ऋण लगानी र कुल सम्पत्तिमा वृद्धिका सथै अन्य सामजिक दायित्वका कृयाकलापमा समेत वृद्धि भएको छ ।

संस्थागत सुशासन र स्थायित्वको लागि सहकारीताको मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्दै संचालक समितिवाट समय सापेक्ष निर्णय र व्यवस्थापन पक्षवाट उचित कार्यान्वयन गरेको कारणले हाल यस संस्थाको कारोवारका हरेक पक्षमा निरन्तर बृद्धि भएको देखिन्छ ।। फलतः आ.व. २०५७/०५८ मा शेयर पुँजी रु ३,५८,०००।-, बचत रु ३६,१२ ९।-, ऋण लगानी रु ३४,१२५।- र कुल सम्पत्ति रु ३,९६,६८४।- रहेकोमा यो संस्था संचालनको २२ औं वर्षमा अर्थात आ.व.२०८०/०८१ मा शेयर पुँजी रु २१,१६,३५,४००।- बचत रु २,९७,७८,३५,६५०।५० ऋण लगानी रु २,२७,७१,९८,९३२।६० पुगेकोले पनि सदस्यहरूमाझ यस संस्था प्रतिको आस्था, विश्वास र भरोसा अझ प्रगाढ भैरहेको हामीले महसुस गरेका छौं । साथै अन्य सहकारीहरूको विश्वासको आधार वन्दै ललितपुरका ३ वटा काठमाण्डौका २ वटा  गरी ५ वटा सहकारी संस्थासंग एकीकरण भै कार्यसंचालन समेत भएको छ । त्यसै गरी सेवा विस्तार गर्ने धादिङ जिल्लाको धुनिवेसी नगरपालिका र थाक्रे गाउँपालिकामा पनि सेवाकेन्द्र स्थापना गरी कार्य संचालन गर्ने योजना वनाइएको छ । समान उद्देश्य भएका अन्य  सहकारीहरु संग पनि सहकार्य गरीनु पर्छ भन्ने मान्यता अनुरूप ३ वटा सहकारी संस्था संग भगिनी सम्बन्ध स्थापित गरी कतिपय विषयमा सहकार्यको थालनी समेत भएको छ । फलतः एकीकरणका साथै कार्य क्षेत्र विस्तार गर्दै शेयर सदस्यहरूको विश्वासले बचत र ऋणको माध्यमबाट आर्थिक क्रियाकलाप गर्न, सानातिना उद्योग व्यवसाय मार्फत स्वरोजगार बन्न साथै बचतको पैसाबाट गर्जो टार्ने तथा अन्य सामाजिक काममा सघाउ पुर्‍याउन सहयोगी बनेको कारणले पनि यस संस्थाले काठमाण्डौ जिल्लामा मात्र नभै प्रदेश र राष्ट्रमा नै सफल बचत तथा ऋण सहकारी संस्थाको परिचय बनाउन सफल भएको छ ।

**आदरणीय सदस्यज्यूहरू,**

अव म संस्थाले आ.व. २०८०/०८१ को लागि लक्षित तथा सम्पन्न कार्यक्रमको वित्तीय कारोवार, संस्थाको भौतिक तथा जनशक्ति, सदस्यहरूका लागि प्रदान गरेका सेवा सुविधाहरु एवं अन्य क्रियाकलापबारे तयार पारिएको विवरण र अभिलेखहरूको अध्ययन तथा लेखा सुपरिवेक्षणको सन्दर्भमा औंल्याईएका विषयवस्तुहरूको सन्दर्भमा बागमती प्रदेश संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, सहकारी महाशाखाद्वारा जारी गरिएको सहकारी मापदण्ड,२०७७ को अनुसूची -२ (दफा ११ (क) सँग सम्बन्धित ढाँचामा लेखा सुपरिवेक्षण प्रतिवेदन यस गरीमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको अवस्था :**

१.१. यस संस्थाको अघिल्लो २२ औं वार्षिक साधारण सभावाट आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम  अन्तर्गत आ.व. २०७९/८० को कार्य सम्पादन, सदस्यता र कर्मचारी लक्ष्य र उपलब्धिको र समीक्षा गर्दै आ.व. २०८०/८१ कार्यक्रम तथा बजेटका उद्धेश्य एवं लक्ष्यहरु समेतको आधारमा स्पष्ट मुख्य १३ वटा कार्यसूचीहरूमा निर्णय भएका थिए । जसमा, सदस्यता वृद्धि गर्ने, वित्तिय सामाजिक उत्तरदायित्व वहन गर्ने, वित्तीय क्षमता अभिवृद्धि गर्ने, जोखिम व्यवस्थापन गर्ने, वित्तीय समावेशीकरण अभिवृद्धि गर्ने, सामाजिक उत्तरदायित्व वहन गर्ने, डिजिटल रूपान्तरणलाई प्राथमिकता दिने, सदस्य सहभागिता र सन्तुष्टिस्तर वृद्धि गर्ने, मानवस्रोत विकास तथा संचालक एवं कर्मचारीहरूको कार्यसम्पादन क्षमता वृद्धि, नियामकीय अनुपालन र सुशासन सुनिश्चितता, साझेदारी र सहकार्य सवल वनाउने, निर्धारित वित्तिय लक्ष्य हासिल गर्ने तथा नियमित क्रियाकलाप संचालन गर्ने रहेका छन् ।

**१.२ आ.व. २०८०/८१ मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्थाः**

आ.व. २०८०/८१ मा संचालक समितिको कुल १५ पटक बैठक बसी विभिन्न विषयहरु माथि निर्णय भै कार्यान्वयन भएको पाईयो :

**१.३. वित्तीय (बचत तथा ऋण), सामाजिक सुरक्षणका सेवाहरू तथा सामाजिक दायित्वका गतिविधिहरूः**

सदस्यहरूको बचत/निक्षेप, ऋण लगानी, रेमिट्यान्स कारोवार, कर/राजश्वको भुक्तानी, तरलता व्यवस्थापन, संस्थागत पुँजीमा वृद्धि, भाखा नाघेको ऋण असुली तथा कानुनी प्रकृया, लघुवित्त कार्यक्रम सम्बन्धी संक्षिप्त अवस्थाः

**सदस्यता बृद्धि :**

आ. व. २०७९/०८० मा संस्थामा कुल १७६४० सदस्य रहेकोमा आ. व. २०८०/ ०८१ मा १७.७६% प्रतिशतले वृद्धि भई कुल संख्या २०,७७४ रहेको छ ।

**शेयर पुँजी :**

आ.व. २०७९/०८० मा संस्थामा शेयर पुँजी रु १९,१२,२५,४००।- बाट १०.६७% ले वृद्धि भई रु २१,१६,३५,४००।- रहेको छ ।

**सदस्यहरूको बचत/निक्षेप :**

यस आ.व. मा गत बर्षको तुलनामा बचत निक्षेप रु २,६७,६०,३२,०००।- रहेकोमा ११.२८% ले वृद्धि भई रु २,९७,७८,३५,६५०।- भएको देखिन्छ ।

**ऋण लगानी :**

विभिन्न शीर्षकहरुमा संस्थाले कुल ऋण लगानी गत आ.व. मा रु २,०७,०७,६५,८४३।- रहेकोमा ४.४३% प्रतिशत वृद्धि भई रु२,२०,९९,५८,२४१।- रहेको छ ।

**अन्य लगानी हिसावः**

आ.व. २०७९/८० मा अन्य लगानी हिसाव रु ३२,३६,२०,१४०।- बाट ४३.६४% ले वृद्धि भई रु ४६,४८,६२,३२८।-रहेको छ ।

**तरलता :**

आ.व. २०८०/८१ को अन्तमा कुल बचतको अनुपातमा तरलता २२.५८% रहेको पाइयो ।

**संस्थागत पुँजीमा वृद्धि :**

आ.व. ०७९/८० मा रु १० करोड ५० लाख ७४ हजार ३ रहेकोमा आ.व. ८०/८१ मा सो रकम वृद्धि भइ रु ११ करोड ४४ लाख ९२ हजार ३२५ पुँजी रहेको देखिन्छ ।

**रेमिट्यान्स कारोवार :**

मुख्य कार्यालय र सेवाकेन्द्रहरुबाट रेमिट्यान्स सेवा उपलब्ध गराए वापत रु ७,९७,४३६।- प्राप्त भएको देखिन्छ ।

**लघुवित्त कार्यक्रम :**

संस्थाले विगत २०७२ सालदेखि वित्तीय सेवाबाट बन्चित रहेका, न्यून आय भएका साना तथा मझौला व्यवसाय गर्ने महिलाहरुको लागि संचालन गर्दै आएको लघुवित्त कार्यक्रममा विगत वर्षमा १७० समुह मार्फत बचत तथा ऋण कारोवार गर्दै आएकोमा सो मा वृद्धि भई यस आ.व. सम्ममा कुल १९६ समुह मार्फत रु ४ करोड ८३ लाख ९७ हजार ९९५ रुपैंया बचत संकलन तथा रु २ करोड ९० लाख ४२ हजार १९ ऋण लगानी गरेको देखिन्छ ।

**कर/राजश्वको भुक्तानी :**

संस्थाले बचत, ऋण तथा अन्य क्रियाकलाप गरे बापत सोमा लाग्ने कर राजश्वको रु ३ करोड ८ लाख २८ हजार ४ सय ६१ नेपाल सरकारलाई राजश्व बापत बुझाएको पाइयो ।

**भाखा नाघेको ऋण असुली तथा कानुनी प्रकृयाः**

भाखा नाघेको ऋण न्यूनीकरण गर्न र जोखिम व्यवस्थापन गर्नको लागि ऋण नीति अनुरुप प्रकया संचालन गरिएको र सो सम्बन्धमा आवश्यक ऋण असुल उपर गर्न कानुनी प्रक्रिया समेत अवलम्बन गरिएको पाइयो ।

**२. नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको टोलीले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरूः**

आ. व. २०८०/८१ मा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहितको टोलीबाट ५ दिनको सघन अनुगमन गरेको पाईयो । सो टोलीले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझाव सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको पाईएको छ ।

**३. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

**पारिश्रमिक :**

यस संस्थाका कुनै पनि पदाधिकारीहरुले आ-आफ्नो दायित्व र भूमिका निर्वाह गर्ने सिलसिलमा पारिश्रमिक लिएको देखिदैन ।

**भत्ता :**

सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विषयगत उपसमितिहरुको तोकिए बमोजिमको बैठक बस्दा उपस्थित पदाधिकारीलाई बैठक भत्ता प्रदान गर्ने गरेको छ ।

**अन्य सुविधाहरू:**

अन्य सुविधाहरूमा संचालक समिति, लेखा समिति पदाधिकारीहरूलाई संस्थागत आन्तरिक निर्णय प्रकृया र व्यवस्थापन पक्षवाट त्यसको कार्यान्वयन संस्थागत कारोवारका हरेक पक्षमा निरन्तर सुपरिवेक्षण, अनुगमनका साथै अन्तरसम्बन्ध स्थापित गर्न तथा सदस्यहरूसंग सहसम्बन्ध स्थापित गर्न निर्धारित यातायात तथा संचार खर्चको सोधभर्ना उपलब्ध गराएको देखिन्छ ।

**४. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

**४.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :**

यस संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली रहेको र साधारण सभाबाट पारित भएको छ ।

**४.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :**

यस संस्थाको कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको छ ।

**४.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिष्पर्धी भएको/नभएको :**

कर्मचारी प्रशासन आन्तरिक कार्यविधिमा कर्मचारी भर्ना सम्बन्धी व्यवस्था रहेको । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रकृयाबाट विधि सम्मत रूपमा कर्मचारी भर्ना गरेको तथा कार्य सम्पादन मूल्याङ्कनको आधारमा पदोन्नति समेत गरेको देखिन्छ ।

**४.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बिच तादम्यता रहेको/नरहेको :**

यस संस्थामा कुल २०,७७४ जना सदस्य रहेको र कार्यरत कुल ५२ जना कर्मचारीहरु रहेका छन् । जसमा १ जना कर्मचारीले औसत ४०० जना सदस्यलाई सेवा उपलब्ध गराएको देखिन्छ । तसर्थ संस्थामा कार्यरत कर्मचारीहरु र उनीहरूलाई दिईएको भूमिका दायित्वका साथै वार्षिक कार्य विवरण बिच तादम्यता अनुरूप कार्यभार रहेको पाईन्छ ।

**४.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :**

हाल यस संस्थाका व्यवस्थापन प्रमुखको रूपमा वाणिज्य विषयमा स्नातक र ग्रामीण विकास विषयमा स्नातकोत्तर गरी सहकारिताको क्षेत्रमा २५ वर्ष लामो अनुभव हासिल गर्नुभएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बचत तथा ऋण सहकारी सम्बन्धी विभिन्न कार्यशालाहरूमा कार्यपत्र प्रस्तुत गर्नु भएको र विकास सम्बन्धी प्रशिक्षक (Development Educator) को रूपमा भूमिका निर्वाह गरीरहनु भएको व्यक्ति रहनु भएको छ । नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. बाट हालसम्म दुई पटक नेपाल भरीमै उत्कृष्ट साकोस व्यवस्थापकको रूपमा पुरस्कृत भईसकेको व्यक्ति रहनु भएको छ । यस संस्थालाई समय सापेक्ष रणनीतिक योजनामा ढाली संस्थागत विकासमा निरन्तर योगदान पुऱ्याईरहेको प्रतिकुल वित्तीय अवस्थामा पनि व्यवस्थापकीय कुशलता र दक्षताका आधारमा संस्थाका सदस्यहरूको सेवामा निरन्तर प्रयास गरी रहने, नीतिगत सर्वोच्चता र संस्थागत सुशासनलाई कायम गर्दै दिगो सहकारी बनाउन सक्षम र सदस्यको लगानी सुरक्षण गर्ने मान्यता अनुरूप कार्यक्रम संचालन गर्ने साथै व्यवसाय निरन्तरता योजना समेत तर्जुमा गरी Result oriented भै कार्यान्वयन गर्न योग्य व्यवस्थापन प्रमुख कार्यरत रहनु भएको छ ।

**४.६ कर्मचारीहरूको भर्ना प्रकृया र संख्या :**

संस्थाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली विगत वर्षहरूदेखि नै साधारण सभावाट पारित भै कार्यान्वयनमा रहेको र कर्मचारी प्रशासन नियमावलीमा पनि कर्मचारी भर्ना सम्बन्धी प्रावधान उल्लेख रहेको छ । कर्मचारी पदपूर्ति उपसमितिबाट पारदर्शी र प्रतिस्पर्धी प्रकृयाबाट कर्मचारी छनौट हुने गरेको तथा कार्य सम्पादन मुल्याङ्कनको आधारमा पदोन्नति गरेको देखिन्छ । गत वर्ष नियमित १६ जना समयगत सेवामा २८ जना गरी ४४ जना कर्मचारी रहेकोमा यस वर्ष मुख्य कार्यालय र सेवाकेन्द्रहरु मार्फत दैनिक नियमित सेवा सञ्चालन गर्नको लागि ५२ जना निम्न कर्मचारीहरु कार्यरत रहेका छन् ।

नियमित : १५ जना ।

समयगत : ३७ जना ।

**५. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

यस संस्थाको गत २२ औं वार्षिक साधारण सभावाट अनुमोदित कार्यक्रमहरु सहकारी ऐन, सहकारी मापदण्ड तथा संस्थाको विनियमद्वारा निर्देशित मान्यता अनुसार संस्थाबाट भएका निर्णय र कार्यान्वयन पक्षको अनुगमनका साथै अभिलेखहरूको अध्ययन गरी लेखा सुपरिवेक्षण समितिको ४ पटक बैठक बसी यस समितिले

त्रैमासिक प्रतिवेदनको आधारमा दिईएका सुझावहरूको कार्यान्वयनको अवस्था निम्न पाईयो ।

५.१ ऋणीहरूबाट व्यवसायिक ऋणको उपयोग उद्देश्य अनुरूप भएको छ कि छैन भन्ने विषयमा ऋण अनुगमन योजना मुताबिक प्रभावकारी रूपमा सम्पन्न गर्न कमी भएको ।

५.२. समिति तथा उपसमितिका पदाधिकारीहरूका नेतृत्व विकासका साथै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम, अन्तरक्रियाहरु समय सापेक्ष गरिएको ।

५.३. केही उपसमितिहरूलाई अझ जिम्मेवारी पूर्वक सक्रियरूपमा कार्य गर्ने वातावरण बनाउन कमी भएको ।

५.४. संस्थाका पुराना सदस्यहरूलाई नयाँ सहकारी ऐनमा सामञ्जस्यता हुने गरी संस्थाका नीतिहरूमा आवश्यक परिमार्जन गरिएको र सदस्यहरूलाई सो सम्बन्धमा अनुशिक्षण हुने गरेको तथा सदस्यहरूलाई निरन्तर परिचयपत्र उपलब्ध गराएको ।

५.५. भाखा नाघेका सबै प्रकारका ऋणहरु असुल उपर गर्न अझ प्रभावकारी पहल गर्ने र खराव ऋणीहरूको विवरण फेहरिस्त गरी त्यस्ता ऋण असुल उपर गर्न कानुनी प्रकृया अपनाउनुको साथै लामो समयसम्म ऋण तिर्न अटेर गर्ने ऋणी सदस्यहरूलाई कानुनी प्रकृयाबाट ऋण असुलउपर गर्न तदारूकता दिईएको ।

५.६. संस्थागत सुशासन पालना, जोखिम न्यूनीकरण र संस्थाको सवलीकरण जस्ता सुधारात्मक पक्षमा सम्बन्धित निकाय, बाह्य लेखापरीक्षक तथा समितिले दिएका सुझावहरु पालना भएको ।

५.७. संस्थाको तरलताको अवस्था अनुसार सदस्यहरूको दिगो जीविकोपार्जनमा सघाउ पुग्ने र लगानी सुरक्षित हुने नयाँ कार्यक्रम खोजी भएको ।

५.८ सबै सदस्यहरूमा संस्थाप्रति उत्तरदायित्वको भावना जागृत गर्न नेपाल सरकारबाट उपलब्ध सेवामा सहज पहुँच होस भन्ने उद्देश्य अनुरूप सेवामुखी कार्यहरूमा सरकारी निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गरिएको ।

५.९ तत्कालीन एच.एण्ड.बि. बैंक हाल लुम्बिनी विकास बैंक लि.बाट आ.व. २०६८/६९ देखि नै प्राप्त हुन बाँकी रकम ८ करोड ४० लाख पनि यथासक्य छिटो असुल गराउनको लागि आवश्यक भएमा विशेषज्ञहरूको समेत परामर्श लिई अझ प्रभावकारी प्रकृया चलाउन पुनः सुझाव दिईएकोमा यस वर्ष उक्त प्रकृया अदालती फैसलाको चरणमा पुगेको जानकारी प्राप्त भएको ।

५.१० पर्ल्स मापदण्डभित्र ल्याउनु पर्ने र ऋण नोक्सानी कोषको आवश्यक मापदण्ड अनुरूप शंकास्पद र खराब ऋणको पूर्ण जोखिम व्यवस्था गरिएको र असल ऋणमा मात्र ऋण जोखिम कोषको व्यवस्था गर्न बाँकी रहेको ।

५.११ देशमा नयाँ सहकारी ऐन र नियमावली कार्यान्वयन भई सकेको अवस्थामा राष्ट्रिय र अन्तर्राष्ट्रिय सिद्धान्त अनुरूप र एक्सेस ब्राण्डिङ प्रमाण पत्र प्राप्त गरी संस्थागत छवि उच्च पार्ने हेतुले यस संस्थाका कार्यक्रमहरु समय सापेक्ष कार्यान्वयन गर्न संस्थाको विनियममा विधि सम्मत रूपले परिमार्जन या पुःनर्लेखन का साथै नीतिहरूमा आवश्यक परिमार्जन तथा निर्माण गरिएको देखिन्छ ।

**६. लेखा समितिको सुझावहरू :**

६.१ सहकारी ऐन, नियमावली, सहकारी मापदण्ड, बचत तथा ऋण सहकारी सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सिद्धान्तहरूको पालना, संस्थागत सुशासन, वित्तीय अनुशासन, निर्धारित रणनीति, नीति नियम र सम्बन्धित निकायको निर्देशनहरु समेतको पालनामा निरन्तर जोड दिंदै संस्थाको परिकल्पना दिगो साकोस, सुखी र समृद्ध सदस्य लाई साकार पार्न निर्धारित लक्ष्य प्राप्तीका लागि लिईएका उद्देश्य अनुरूप योजना र कार्यक्रमहरु तयार गरी सर्वोच्च निकाय साधारणसभाबाट अनुमोदित कार्यहरूमा प्राथमिकता दिई कार्य गर्न गराउन निरन्तर संचालक समिति र व्यवस्थापन पक्षको ध्यानाकर्षण हुनु पर्ने देखिन्छ ।

**६.२ आगामी दिनमा प्राथमिकता दिनुपर्ने बिषयहरू:**

क) ऋणीहरूबाट व्यवसायिक ऋणको उपयोग उद्देश्य अनुरूप भएको छ कि छैन भन्ने विषयमा ऋण उपयोगिता अनुगमन कार्यविधि तयार पारी ऋणी अनुगमनमा प्रभावकारिता ल्याउन कार्य गर्नुपर्ने ।

ख) उपसमितिहरूलाई अझ जिम्मेवारी बनाउन कार्यविधि बनाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

ग) संस्थाका पुराना सदस्यहरूलाई वर्तमान सहकारी ऐनमा सामञ्जस्यता हुने गरी संस्थाका नीतिहरूमा अझ आवश्यक परिमार्जन गर्ने र विस्तारित मञ्च कार्यनीति वनाई सबै सदस्यहरूलाई सो सम्बन्धमा अनुशिक्षण गराउनु पर्ने तथा सदस्यहरूलाई

निरन्तर परिचयपत्र उपलब्ध गराउँदै जानुपर्ने ।

घ) संस्थालाई दिगो र सशक्त बनाउन रणनैतिक योजनामा पुनरावलोकन गरी सो अनुरूप कार्य गर्नु/गराउनु पर्ने ।

ङ) संस्थाको अनुत्पादक खर्चमा मितव्ययिता अपनाउन निरन्तर प्रयास गर्नुपर्ने ।

च) द्वन्द निरूपण नीति बनाई कार्यान्वयन ।

छ) संस्थामा रहेका र भाडामा लिईएका भौतिक संरचनाहरूको पूर्ण उपयोग गरीनु पर्ने ।

ज) संस्थाबाट प्रतिनिधित्व गर्दै सहभागिता जनाउने पदाधिकारी, समिति उपसमितिकका सदस्य तथा कर्मचारीहरूबाट गरीने भ्रमणलाई व्यवस्थित र उपलब्धि बनाउन **"संस्थागत भ्रमण निर्देशिका"** बनाइ लागु गर्ने ।

**आदरणीय सदस्यज्यूहरू,**

उल्लेखित विषय वस्तुहरूमा सञ्चालक समितिले गहन रूपमा मनन् गरी समीक्षा गर्दै संस्थाको सवलता, सफलता र प्रगतिको लागि व्यवस्थापन पक्षवाट यथोचित कार्यान्वयन गर्दै लैजाने कुरामा यस समिति विश्वस्त रहेको छ । यस संस्थाको विगत १९ औं वार्षिक साधारण सभाबाट संस्थाको लेखा सुपरिवेक्षण समितिमा रही जिम्मेवारी वहन गर्ने अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण शेयर सदस्यज्यूहरूप्रति सादर आभार व्यक्त गर्दछौं । साथै हालसम्म यस समितिलाई सुम्पिएको जिम्मेवारी प्रति सबै सदस्यज्यहरु, वर्तमान सञ्चालक समिति, सल्लाहकार परिषद, उपसमिति तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत समेत व्यवस्थापनका सम्पूर्ण कर्मचारी मित्रहरु प्रति हार्दिक कृतज्ञता समेत व्यक्त गर्दछौं । संस्थाको साखमा अझ बृद्धि गर्न सञ्चालक समिति, सल्लाहकार परिषद्, उपसमितिहरु र व्यवस्थापनबाट निरन्तर सहयोग, सहकार्य र सद्भाव प्राप्त भएकोमा वहाँहरु सबैलाई धन्यवाद व्यक्त गर्दछौं । नव निर्वाचित सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समितिले सबै सदस्यहरूको सर्वाङ्गिण विकासकालागि **"वहुजन हिताय, वहुजन सुखाय"** लाई दृष्टिगत गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा संस्थाको छवि उच्च राख्ने कार्यमा अझ अग्रसर भै कार्य गर्न प्रेरणा मिलोस् भनी अग्रिम शुभकामना व्यक्त गर्दछौं ।

यस संस्थाका व्यवस्थापन प्रमुखको कार्यकुशलताको प्रभावले पनि संस्था अझ सदस्य हितमुखी भै राष्ट्रमा नै उत्कृष्ट वचत तथा ऋण सहकारी संस्थाको रूपमा स्थापित हुने आधार देखिन्छ । तथापि प्रतिवेदनमा उल्लेख भएका आर्थिक भौतिक प्रगति र लक्षित कार्यक्रमहरु यस समितिले उल्लेख गरेका विषयवस्तुहरूमा सवै सदस्यज्यूहरूबाट निरन्तर चासो र छलफल हुनुपर्दछ भन्ने कुरा पनि अनुरोध छ ।

**अन्त्यमा,**

संस्थाका कार्यक्रमहरूको आन्तरिक सुपरिवेक्षणको क्रममा आवश्यक सूचना, जानकारी तथा अभिलेखहरु समयमा नै उपलब्ध गराई सहयोग गर्नु भएकोमा संचालक समिति, उपसमिति र सम्पूर्ण कर्मचारीहरु प्रति कृतज्ञता सहित धन्यवाद दिन चाहन्छौं । साथै यस संस्थाका कृयाकलापमा **"सहकार्यले नै सहकारीलाई सवल र सक्षम बनाउछ"** भन्ने भावनावाट अभिप्रेरित भै संस्थाको प्रगतिका लागि सद्भाव चाहने सबै व्यक्ति तथा संघसंस्था र सरोकारवाला निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं । धन्यवाद । जय सहकारी । जय चन्द्रागिरि ।

**लेखा सुपरिवेक्षण समितिको तर्फवाट**

| | | |
|---|---|---|
| **भानुप्रकाश ढकाल** | **ईन्द्रबहादुर महर्जन** | **सुष्मा कुँवर** |
| संयोजक | सदस्य | सदस्य |

CA Binaya Phuyal
Membership No.1689, COP. 1135.
Firm No .1015
PAN No. 115560136
+977 -9863394685
P.Binaya & Associates
Chartered Accountants

## चन्द्रागिरि वचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चन्द्रागिरि नगरपालिका वडा नं ०७, थानकोट महादेवस्थान काठमाण्डौको ३१ आषाढ २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगदप्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**कैफियत सहितको राय,**

हाम्रो रायमा, हामीले गरेको लेखापरीक्षणबाट यस प्रतिवेदनको कैफियत सहितको रायका आधारहरु खण्डमा उल्लिखित बुँदाहरु र संस्थालाई लागु हुने ऐन, नियमावली तथा निर्देशन एवं नीति नियमहरूको परिपालनाको स्थितिमा उल्लेख गरेका बुँदाहरु तथा सो बुँदाहरूले वित्तीय विवरणमा पार्ने असरहरु बाहेक संलग्न रहेका वित्तीय विवरणले ३१ आषाढ २०८१ को वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह र इक्विटीमा भएको परिर्वतन प्रचलित कानुनको अधिनमा रही लेखाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम यर्थाथ चित्रण गर्दछ ।

**कैफियत सहितको रायका आधारहरू,**

- सहकारी विभागले जारी गरेको एकीकृत निर्देशन, २०७९ को बुँदा नं २० बमोजिम कर्जा जोखिम व्यवस्था गर्नुपर्नेमा आ.व. २०८०/८१ मा संस्थाले शंकास्पद र खराब ऋणको पूर्ण रूपमा ऋण जोखिम व्यवस्था गरेको र असल ऋणमा गर्नुपर्ने ऋण जोखिम व्यवस्था नगरिएको कारण संस्थाको नाफा नोक्सान विवरणमा रु २,१७,६६,५२७।८४ ले प्रभाव परेको छ ।
- अन्य सम्पत्ति अन्तर्गत दहचोक सेवाकेन्द्रमा प्रस्तुत गरिएको रु ११,९२,००३।- विगतको वर्ष देखि अन्य सम्पत्तिमा राखिएको र उक्त रकमको सम्भावित नोक्सानी व्यवस्थामा लेखाङ्कन नगरिएको हुँदा संस्थाको नाफा र अन्य सम्पत्ति सोही रकमले बढी प्रस्तुत भएको छ ।
- संस्थाले रु ३७,७६,११०।५१ बराबरको रकम बिगत बर्षहरूमा पाउनु पर्ने ब्याजलाई आम्दानी जनाई सकिएको तर उक्त रकमलाई पाउनु पर्ने ब्याजको रूपमा यस वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । उक्त रकम असुल उपर गर्ने स्पस्ट आधार नरहेकोले सो रकमलाई खर्चको रूपमा लेखाङ्कन गर्नुपर्नेमा पाउनु पर्ने व्याजकै रूपमा प्रस्तुत गरेको हुँदा संस्थाको नाफा र पाउनु पर्ने हिसाब सोही रकमले बढी प्रस्तुत भएको छ ।
- अन्य पाउनुपर्ने हिसाब (एच.एण्ड.बी) मा प्रस्तुत गरिएको रु ४१,२९,६५९।८९ र व्यवसाय परियोजना लगानीमा देखाईएको न्याचुरोप्याथी प्रोजेक्ट हिसाब रु १३,७२,८९४।४० विगतको वर्ष देखि नै अन्य पाउनुपर्ने तथा लगानी हिसाबमा देखाईएको र उक्त रकमलाई सम्भावित नोक्सानी व्यवस्थामा लेखाङ्कन नगरिएको हुँदा संस्थाको नाफा र अन्य पाउनुपर्ने तथा लगानी हिसाब सोहि रकमले बढी प्रस्तुत भएको छ ।
- हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गर्‍यौं । हामीले वहन गर्नुपर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुनः अर्को परिच्छेद "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरेका छौं । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुक अन्तर्गत आचारसंहिता बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरु आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिका अनुसार पुरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

**मुख्य लेखापरीक्षण व्यहोराहरू:**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित विषयहरु तथा सोको निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति यहाँहरूको ध्यानाकर्षण गर्दछौं । साथै मुख्य लेखापरीक्षण व्यहोराहरु निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ । यस विषय उपर माथि उल्लेख गरिए अतिरिक्त हाम्रो रायको सन्दर्भमा कुनै परिमार्जन भएको छैन ।

- तत्कालीन एच.एण्ड.बि (हाल लुम्बिनी विकास बैंक लि.) ले जारी गरेको गुडफर पेमेन्ट वापतको रु २१,००,००,०००।- रकम मध्ये रु १२,६०,००,०००।- मिति २०७१/०९/१७ गते सम्म संस्थाले प्राप्त गरीसकेको देखिन्छ । सो रकम ऋणीहरूबाट असुल गर्नु पर्ने रू. २१,००,००,०००।- बैंक ब्यालेन्स ऋण मध्येबाट घटाइ बाँकी रकम रु ८,४०,००,०००।- ऋणीहरु कै नाममा यथावत रहेको देखिन्छ ।
- लुम्बिनी विकास बैंक लि. (साविकको एच.एण्ड बि. विकास बैंक) विरुद्धको मुद्दा अदालतमा विचाराधिन अवस्थामा रहेको छ । सो वापत अदालतमा रु १९,०४,४३०।- धरौटी रहेको छ ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्वः**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने सम्बन्धी नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छिन्नता (Going Concern) कायम गर्न सक्ने/नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उद्देश्यहरु सम्पूर्ण वित्तीय विवरणहरु सारभुत त्रुटिरहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश भएको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो तर यसले लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ भन्ने प्रत्याभुत गर्दैन । त्रुटिहरु ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले एकल वा समग्रमा प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रूपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छिन्नताको आधारमा उपयुक्तताको साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छिन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरु रहे नरहेको यकिन गर्दछ । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक हुन्छ । यदि त्यस्ता खुलासाहरु अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य,**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरु सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरु वाहेक प्रचलित ऐन बमोजिम ठिकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब(आय विवरण), नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा माथि कैफियत सहितको रायका आधार सम्बन्धी खण्डमा उल्लिखित बुँदाहरु र व्यवस्थापन प्रतिवेदनमा उल्लेख गरिएको टिप्पणीहरु बाहेक सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र बचतकर्ताहरूको हित संरक्षण विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा र माथि रायको आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थाको कारोबार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारी भित्र रहेको पायौ ।

(च) माथिको रायका आधारमा उल्लेख गरिएको विषय बाहेक संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

**अन्य कानूनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिवेदनः**

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

क) हामीलाई लेखापरीक्षणको लागि आवश्यक सूचना तथा स्पष्टीकरणहरु माथि मन्तव्यको बुदाँ नं (क) मा उल्लेख गरे अनुसार यथाशीघ्र पायौं ।

ख) हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले

१) यवस्थापन पत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको विषयहरूमा बाहेक सहकारी सिद्धान्त, मूल्यमान्यता अनुरूप काम गरेको पायौं ।

१.१ संस्थाले विगतका वर्षहरूमा तेश्रो पक्षको धितो राखेर प्रवाह गरिएको कर्जाहरु हाल सम्म पनि बाँकी रहेको देखिन्छ ।

१.२. संस्थाले सहकारी विभागले जारी गरेको निर्देशन अनुसार असल ऋणमा पनि कर्जा जोखिम कोषको व्यवस्था गर्नुपर्नेमा संस्थाले हाल भाखा नाघेको ऋणमा मात्र कर्जा जोखिम कोषको व्यवस्था गरेको छ ।

- लेखापालनमा माथिको रायको आधारमा जनाइएको कैफियतबाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
- ऐनको दफा ६८, ६९ र ७० मा व्यवस्था गरे बमोजिमको कोषहरूमा बचत रकम जम्मा गरेको पायौं ।

मिति : २०८१/०६/२५ गते

स्थान : चन्द्रागिरि-०७, काठमाण्डौं, नेपाल ।

P. Binaya & Associates, Chartered Accountants, Kathmandu Nepal

सिए. विनय फुयाल
प्रोपाईटर
पि.विनय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
UDIN Number : 241112CA01689TL4aS

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ

२०८१ साल आषाढ मसान्तको

## वित्तीय स्थितिको विवरण पत्र (वासलात)

| सम्पत्ति | अनुसूची | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ४४,९०,९६५.०० | ४८,०४,२१२.०० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ५५,१३,९४,९५४.९७ | ५१,८७,०४,८५८.२३ |
| ऋण लगानी | ४.३ | २,२०,९९,५८,२४१.५१ | २,०७,०७,६५,८४३.९३ |
| वित्तीय लगानी हिसाव | ४.४ | ४६,४८,७२,३२८.५७ | ३१,३६,२०,१४०.२९ |
| चालु कर सम्पत्ति | ४.५ | २,५९,७८,६२८.७७ | १,९१,३३,९०१.६२ |
| लगानी सम्पत्तिह | ४.६ | १,०१,४८,२९५.५६ | - |
| सम्पत्ति तथा उपकरण | ४.७ | ९,४४,८४,०९३.४३ | ९,४१,३२,३२२.८१ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.८ | ६,९७,६१३.३६ | ६,२७,७१३.९८ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - |
| अन्य सम्पत्ति | ४.१० | १,९६,९४,५३७.२३ | २,८८,०१,२७७.५१ |
| **कुल सम्पत्ति** | | **३,३८,१७,१९,६५८.४१** | **३,०५,०५,९०,२७०.३७** |

| पुँजी तथा दायित्व | अनुसूची | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|---|
| दायित्वहरु | | | |
| तिर्न बाँकि कर्जा सापट | ४.११ | - | १,२१,००,०००.०० |
| सदस्यबाट बचत/निक्षेप दायित्व | ४.१२ | २,९७,७८,३५,६५०.५१ | २,६७,६०,३२,०००.२० |
| चालु कर दायित्व | ४.५ | | |
| व्यवस्था | ४.१३ | | |
| स्थगन कर दायित्व | ४.९ | १३,७७,६६६.६७ | १३,१०,०२०.३४ |
| पट्टा दायित्व | ४.१४ | ९४,६२,२८१.९५ | ९२,५४,११२.८० |
| अन्य दायित्व | ४.१५ | ५,०८,०७,५०३.६६ | ४,१७,७१,१८९.२३ |
| कुल दायित्व | | ३,०३,९४,८३,१०२.८० | २,७४,०४,६७,३२२.५७ |
| पुँजी | | | |
| शेयर पुँजी | ४.१६ | २१,१६,३५,४००.०० | १९,१२,२५,४००.०० |
| साधारण जगेडा कोष | | ९,४५,१६,१७०.१५ | ८,४७,०१,४९८.६१ |
| अन्य कोषहरू | ४.१७ | ३,६०,८४,९८५.४६ | ३,४१,९६,०४९.१९ |
| कुल ईक्विटी | | ३४,२२,३६,५५५.६१ | ३१,०१,२२,९४७.८० |
| गैर नियन्त्रण स्वार्थ | | | |
| **कुल पुँजी तथा दायित्व** | | **३,३८,१७,१९,६५८.४१** | **३,०५,०५,९०,२७०.३७** |
| सम्भावित दायित्व र प्रतिवद्धता | ४.१८ | | |
| प्रति शेयर खुद सम्पत्ति मुल्य | रू. | १६२ | १६२ |

| सुमित्रा त्रिपाठी | कृष्णकुमार श्रेष्ठ | मीनाकुमारी पाठक | योगेन्द्रकुमार कुँवर | सि.ए. विनय फुँयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | पि.विनय एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट |

P. Binaya & Associates Chartered Accountants Kathmandu Nepal

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ

२०८१ साल आषाढ मसान्तको

## नाफा नोक्सान (आय व्यय) विवरण

| विवरण | अनूसूची | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ३८,६५,३९,५७३.६९ | ३६,५२,२४,२६०.४० |
| हर्जना न्यून छुट खर्च | | ३,००,३६५.०० | ५९,८२८.०० |
| ब्याज खर्च | ४.२० | ३२,३५,७७,९१२.६८ | २८,४७,६९,८१३.०१ |
| **खुद ब्याज आम्दानी** | | **६,२६,६१,२९६.०१** | **८,०३,९४,६१९.३९** |
| शुल्क तथा कमिशन आम्दानी | ४.२१ | २,२५,९५,९६८.५७ | १,८४,७९,२२१.८३ |
| शुल्क तथा कमिशन खर्च | ४.२२ | ३,३६,६८५.०० | २,८४,९७६.०० |
| **खुद शुल्क र कमिशन आम्दानी** | | **२,२२,५९,२८३.५७** | **१,८१,९४,२४५.८३** |
| **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | | **८,४९,२०,५७९.५८** | **९,८५,८८,८६५.२२** |
| खुद व्यापार आम्दानी | ४.२३ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२४ | ८,१०,४५६.५१ | ३४,६७,४३२.५६ |
| जम्मा सञ्चालन आम्दानी | | ८,५७,३१,०३६.०९ | १०,२०,५६,२९७.७८ |
| कर्जाको क्षति प्रभार/विपयर्य तथा अन्य हानी | ४.२५ | १,१८,८७,१२३.६६ | ४,०४,७६,३८४.७४ |
| **खुद सञ्चालन आम्दानी** | | **७,३८,४३,९१२.४३** | **६,१५,७९,९१३.०४** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२६ | ३,१८,५२,५१७.०८ | २,७९,३८,४३६.४९ |
| अन्य सञ्चालन खर्च | ४.२७ | १,९५,२३,०८५.०१ | १,६८,४१,८२०.९८ |
| ह्रास कट्टी र परिशोधन खर्च | ४.२८ | ६८,३२,७२४.५९ | ६२,१२,९५६.१० |
| सञ्चालन नाफा | | १,५६,३५,५८५.७५ | १,०५,८६,६९९.४७ |
| गैर संचालन आम्दानी | ४.२९ | ३७,२०,४५९.०० | ४३,२०,८२०.०० |
| गैर संचालन खर्च | ४.३० | - | ६१,३१०.४९ |
| **आयकर अघिको नाफा** | | **१,९३,५६,०४४.७५** | **१,४८,४६,२०८.९८** |
| आयकर खर्च | ४.३१ | १८,७१,३६६.२३ | १२,८७,९४३.३९ |
| चालु कर | | १८,०३,७१९.९० | १३,८४,१३५.३८ |
| स्थगन कर खर्च/आम्दानी | | ६७,६४६.३३ | (९६,१९१.९९) |
| **यस अवधिको नाफा** | | **१,७४,८४,६७८.५२** | **१,३५,५८,२६५.५९** |
| नाफा बाँडफाँड | | | |
| संस्थाको शेयर सदस्य | | १,७४,८४,६७८.५२ | १,३५,५८,२६५.५९ |
| गैर नियन्त्रण स्वार्थ (Non Controlling Interest) | | | |
| **यस अवधिको नाफा** | | **१,७४,८४,६७८.५२** | **१,३५,५८,२६५.५९** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी (Basic EPS) | | ८.२६ | ७.०९ |
| डाइलूटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | ८.२६ | ७.०९ |

| सुमित्रा त्रिपाठी | कृष्णकुमार श्रेष्ठ | मीनाकुमारी पाठक | योगेन्द्रकुमार कुँवर | सि.ए. विनय फुँयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | पि.विनय एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट |

P. Binaya & Associates Chartered Accountants Kathmandu Nepal

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ

२०८१ साल आषाढ मसान्तको

## अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|
| **यस वर्षको नाफा** | **१,३५,५८,२६५.५९** | **१,३०,१३,०४१.५६** |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरीने** | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/(नोक्सान) | | - |
| पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरीने खुद अन्य विस्तृत आम्दानी** | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएको वा गर्न लायक** | | |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | | - |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | - |
| नाफा/(नोक्सान) पुनः वर्गिकरण | | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएको वा गर्न लायक अन्य विस्तृत आम्दानी** | - | - |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | | - |
| **यस वर्षको आयकरपछिको अन्य विस्तृत आम्दानी** | - | - |
| जम्मा विस्तृत आम्दानी | **१,३५,५८,२६५.५९** | **१,३०,१३,०४१.५६** |

| सुमित्रा त्रिपाठी | कृष्णकुमार श्रेष्ठ | मीनाकुमारी पाठक | योगेन्द्रकुमार कुँवर | सि.ए. विनय फुँयाल |
|---|---|---|---|---|
| व्यवस्थापक | प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | पि.विनय एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट |

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ

२०८१ साल आषाढ मसान्तको

## बचत (नाफा नोक्सान) बाँडफाँड हिसाब

| विवरण | प्रतिशत | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|---|
| **नाफा नोक्सान विवरण बमोजिमको नाफा/(नोक्सान)** | | **१,७४,८४,६७८.५२** | **१,३५,५८,२६५.५९** |
| **बाँडफाँडः** | | | |
| **अघिल्लो वर्षसम्मको सञ्चित नोक्सानी** | | **-** | **(३९,१६,३०८.२२)** |
| **NFRS समायोजन कोष अघिको नाफा/नोक्सान** | | **१,७४,८४,६७८.५२** | **९६,४१,९५७.३७** |
| क) व्याज वक्यौता/अघिल्लो व्याज वक्यौता प्राप्ति घट/बढ | | ८२,०४,४६८.०० | (५३,१५,५६८.००) |
| ख) स्थगन कर सम्पत्ति घट/बढ | | - | - |
| ग) विमाङ्किक कोषको घट/बढ | | - | - |
| घ) मोलतोल खरिदमा नाफाको घट/बढ | | - | - |
| ङ) गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्थामा घट/बढ | | - | - |
| च) ख्यातिको (Goodwill) घट/बढ | | | - |
| **NFRS समायोजन कोष पछिको नाफा/नोक्सान** | | **२,५६,८९,१४६.५२** | **४३,२६,३८९.३७** |
| क) साधारण जगेडा कोष | २५ | ६४,२२,२८६.६३ | १०,८१,५९७.३४ |
| **संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडिको नाफा** | | **१,९२,६६,८५९.८९** | **३२,४४,७९२.०३** |
| ख) संरक्षित पुँजी फिर्ता कोष | २५ | ४८,१६,७१४.९७ | ८,११,१९८.०१ |
| ग) सहकारी प्रवर्द्धन कोष | ०.५ | ९६,३३४.३० | १६,२२३.९६ |
| **अन्य कोषमा बाँडफाँड अगाडिको नाफा** | | **१,४३,५३,८१०.६२** | **२४,१७,३७०.०६** |
| शेयर लाभांस कोष | ५० | ७१,७६,९०५.३१ | १२,०८,६८५.०३ |
| घाटा पुर्ति कोष | ५ | ७,१७,६९०.५३ | १,२०,८६८.५० |
| कर्मचारी बोनस कोष | १५ | २१,५३,०७१.५९ | ४,८३,४७४.०१ |
| सहकारी शिक्षा कोष | १० | १४,३५,३८१.०६ | १,२०,८६८.५० |
| सहकारी विकास कोष | ५ | ७,१७,६९०.५३ | १,२०,८६८.५० |
| सामुदायिक विकास कोष | ५ | ७,१७,६९०.५३ | १,२०,८६८.५० |
| सहकारी स्थिरीकरण कोष | ५ | ७,१७,६९०.५३ | १,२०,८६८.५० |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | ७,१७,६९०.५३ | १,२०,८६८.५० |
| बाँडफाँड पछिको नाफा | | - | - |
| सञ्चित मुनाफा | | - | - |

| सुमित्रा त्रिपाठी<br>व्यवस्थापक | कृष्णकुमार श्रेष्ठ<br>प्रमुख कार्यकारी अधिकृत | मीनाकुमारी पाठक<br>कोषाध्यक्ष | योगेन्द्रकुमार कुँवर<br>अध्यक्ष | सि.ए. विनय फुँयाल<br>पि.विनय एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |
|---|---|---|---|---|

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ

२०८१ साल आषाढ मसान्तको

## नगद प्रवाह विवरण

| विवरण | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | **१८,२९,३६,२८६.५७** | **१५,६३,३५,९५९.१५** |
| **१. नगद प्राप्ति** | **४१,२४,७८,०५८.३१** | **३७,११,३७,३५८.२८** |
| **ब्याज आम्दानी** | **३८,९८,०२,०५७.६१** | **३५,२४,३६,५००.९१** |
| अन्य कारोबार संचालनबाट प्राप्ति | | |
| शुल्क तथा कमिशन प्राप्ति | २,२५,९५,९६८.५७ | १,८४,७९,२२१.८३ |
| अपलेखित कर्जाको असुली | - | - |
| अन्य आम्दानी | ८०,०३२.१३ | २,२१,६३५.५४ |
| **२. नगद भुक्तानी** | **(३७,४०,८५,२८१.९९)** | **(३२,८८,५६,६८०.९९)** |
| व्याज खर्च | (३२,२६,१७,८५१.९८) | (२८,३८,५४,६३१.०१) |
| कर्मचारी खर्च | (३,१६,०७,६६०.००) | (२,७८,७५,२५३.००) |
| कार्यालय सञ्चालन खर्च | (१,९५,२३,०८५.०१) | (१,६८,४१,८२०.९८) |
| कमिशन तथा शुल्क भुक्तानी | (३,३६,६८५.००) | (२,८४,९७६.००) |
| अन्य खर्च | - | |
| **सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह** | **३,८३,९२,७७६.३२** | **४,२२,८०,६७७.२९** |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(१६,२८,२६,००६.२७)** | **(१२,७४,८४,९०५.०७)** |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - | - |
| अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| कर्जा तथा सापट खरिद कमी/(वृद्धि) | (१५,४९,३९,७२३.८४) | (११,५१,०९,०९५.६८) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (७८,८६,२८२.४३) | (१,२३,७५,८०९.३९) |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि | ३०,९१,७३,२३६.४२ | २४,२९,२४,३२२.३१ |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | ३०,१८,०३,६५०.३१ | २५,९०,७३,३०९.७३ |
| सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| अल्पकालिन सापटीमा (कमी) /वृद्धि | | - |
| अन्य दायित्वमा (कमी)/ वृद्धि | ७३,६९,५८६.११ | (१,६१,४८,९८७.४२) |
| **आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | | |
| **आयकर भुक्तानी** | **(१८,०३,७१९.९०)** | **(१३,८४,१३५.३८)** |

| | | |
|---|---|---|
| **कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | | |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(१५,२२,४१,२७३.८५)** | **(१३,८४,३२,६७४.११)** |
| दिर्घकालीन लगानीमा कमी/(वृद्धि) | (१५,१२,५२,१८८.२८) | (१४,५०,५२,३१७.१३) |
| स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (५२,९२,१६८.९५) | (९,४६,९७४.००) |
| स्थीर सम्पत्तिको विक्री | - | - |
| अमुर्त सम्पत्तिको खरिद | (१,४७,८००.००) | - |
| अमुर्त सम्पत्तिको विक्रीबाट प्राप्ति | | |
| लगानी सम्पत्ति खरिद | - | - |
| **लगानी सम्पत्ति विक्रीबाट प्राप्ति** | | |
| व्यापार संयोजन लगानीबाट प्राप्त नगद | | - |
| लाभांश प्राप्ति | ७,३०,४२४.३८ | ३२,४५,७९७.०२ |
| अन्य गैर सञ्चालन कारोबारबाट प्राप्ति | १७,२१,४५९.०० | २०,४२,६९०.०० |
| घर भाडाबाट प्राप्ति | १९,९९,०००.०० | २२,७८,१३०.०० |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **१६,८१,८३८.२२** | **(१,९७,६४,६२५.९८)** |
| दिर्घकालीन ऋण (बण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | (१,२१,००,०००.००) | (१,४५,६१,८१२.७८) |
| जोड्नेः करको निम्ति घटाउन नमिल्ने खर्चहरुले करमा पर्ने असर | ७,७९,२७८.५३ | ३,६२,४२६.९१ |
| घटाउनेः करको निम्ति घटाउन मिल्ने खर्चहरुले करमा पर्ने असर | (८,४६,९२४.८६) | (४,०३,०५५.८७) |
| घटाउनेः छुट आम्दानीमा करको असर | (६४,२३८.२४) | (१,६२,२८९.८५) |
| जोड्नेः छुट नहुने आम्दानीमा करको असर | | ७,९४,७८५.६० |
| घटाउनेः अ.ल्या. गरिएको नोक्सानीमा करको असर | | |
| **जम्मा आयकर खर्च** | **१८,०३,७१९.९०** | **१३,३४,१७७.२३** |
| **प्रभावकारी कर दर** | **९.३२%** | **८.९९%** |

**नियमित बचत किन ?**



- कुनै पनि ऋण सुविधा लिँदा थप अतिरिक्त शुल्क नलाग्ने ।
- सदस्य राहत नीतिबाट पाउने कुनै पनि सुविधा (प्रसुति, स्वास्थ्य उपचार, एम्बुलेन्स, शव वाहन सेवा, काजकिरिया, घातक रोग सहयोग आदि) मा कटौती नहुने ।
- कुनै पनि ऋणको लागि व्यक्तिगत धन जमानीबाट बन्चित हुन नपर्ने ।
- भविष्यको लागि जम्मा पुँजीको रुपमा काम गर्ने ।
- आवश्यकता अनुसार ७०% सम्म भुक्तानी लिन सकिने ।

**नियमित रुपमा रु. ३००/- देखि रु. ५०००/- सम्म मासिक बचत गरौं ।**

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. वडा नं ७, काठमाण्डौ
२०८१ साल आषाढ मसान्तको

## वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू

**१. सामान्य जानकारीः**

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. वि.स. २०५८ साल वैशाख ६ गते सहकारी ऐन २०४८ अनुसार साविक डिभिजन सहकारी कार्यालय, काठमाण्डौमा दर्ता भएको संस्था हो । काठमाण्डौको पश्चिम तर्फ रहेको चन्द्रागिरि पहाडको उत्तरी काखमा अवस्थित यस संस्था तत्कालीन महादेवस्थान गा.वि.स तथा यसका आसपासका २५ जना सामाजिक अभियन्ताहरु मिली स्थापना गरिएको थियो । स्थापना गर्दा यसको नाम चन्द्रागिरि ग्रामीण विकास सहकारी संस्था लि. रहेको थियो । यसले मिति २०५८ बैशाख १३ गतेदेखि औपचारिक रूपमा कारोवार प्रारम्भ गरेको थियो । सुरूदेखि नै समुदायमा आधारित रहेर सञ्चालन भएको यस संस्थाको मुख्य कार्यालय काठमाण्डौं जिल्ला चन्द्रागिरि न.पा. वडा नं ७ थानकोट महादेवस्थानमा अवस्थित छ भने चन्द्रागिरि न.पा. वडा नं. १२, सृजनाचोकमा दहचोक सेवा केन्द्र, बुढानीलकण्ठ न.पा. वडा नं ६, काठमाण्डौंमा ओमन्स क्रियसन सेवा केन्द्र, ललितपुर जिल्लाको ललितपुर म.न.पा. वडा नं १४, खुमलटारमा शुभतारा सेवा केन्द्र, ललितपुर म.न.पा. वडा नं ३ पुल्चोकमा पाटन सेवा केन्द्र र गोदावरी न.पा. वडा नं १४, ठैवमा गोदावरी सेवा केन्द्र रहेका छन् । संस्थाले सदस्यहरूलाई बचत, ऋण, सामाजिक सुरक्षा, डिजिटल बैंकिङ सेवा र अन्य सेवाहरूको साथमा विभिन्न सुविधाहरु प्रदान गर्दै आईरहेको छ । गरी

**१.१ आवद्धताः**

यस संस्था सहकारी अभियानको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूमा आवद्ध रहेको छ । संस्था आवद्ध रहेको संघ संस्थाको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.स. | आवद्ध रहेको संघ/संस्था | कैफियत |
|---|---|---|
| १. | एशियाली ऋण महासंघ (ACCU) | सहयोगी सदस्य |
| २. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) | शेयर सदस्य |
| ३. | राष्ट्रिय सहकारी बैंक लि. | शेयर सदस्य |
| ४. | बागमती प्रदेश सहकारी संघ लि. | शेयर सदस्य |
| ५. | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. | शेयर सदस्य |
| ६. | जिल्ला सहकारी संघ लि. काठमाण्डौ लि. | शेयर सदस्य |
| ७. | काठमाण्डौं बचत तथा ऋण सहकारी संघ लि. | शेयर सदस्य |
| ८. | समृद्धि आवास विशिष्टीकृत सहकारी संघ लि. | शेयर सदस्य |
| ९. | महामञ्जूश्री आवास तथा हाउजिङ विशिष्टीकृत सहकारी संघ लि. | शेयर सदस्य |

**१.२ सम्मान तथा पुरस्कार**

यस संस्थाले हालसम्म विभिन्न निकायहरूबाट तपसिल अनुसारका पुरस्कार तथा सम्मान प्राप्त गरेको छ ।

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान/पुरस्कार प्रदान गर्ने संघ संस्था/निकाय |
|---|---|---|
| १. | उत्कृष्ट व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत) पुरस्कार,२०८० | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि(नेफ्स्कून) |

| | | |
|---|---|---|
| २. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७६ | राष्ट्रिय सहकारी महासंघ |
| ३. | नेफ्स्कून प्रशंसा पुरस्कार,२०७८ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि(नेफ्स्कून) |
| ४. | उत्कृष्ट साकोस सम्मान, २०७७ | काठमाण्डौं बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (कास्कुन) |
| ५. | सर्वोत्कृष्ट बचत र नवीकरण शुल्क सम्मान, २०७६ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ संस्था लि(नेफ्स्कून) |
| ६. | शाखा स्तरीय उत्कृष्ट कारोबार सम्मान २०७९ | राष्ट्रिय सहकारी बैंक |
| ७. | उत्कृष्ट संस्था सम्मान, २०७२ | ५९ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |
| ८. | उत्कृष्ट संस्था सम्मान, २०६७ | ५४ औं राष्ट्रिय सहकारी दिवस आयोजक समिति |

### १.३. सक्रिय सदस्य विवरणः

| विवरण | २०८१ असार मसान्त | २०८० असार मसान्त |
|---|---|---|
| महिला सदस्य | १२,६८२ | १०,९८२ |
| पुरूष सदस्य | ७,९८३ | ६,५७१ |
| संस्थागत सदस्य | १०९ | ८७ |
| **जम्मा** | **२०,७७४** | **१७,६४०** |

## २. लेखाङ्कनका आधारः

### २.१. अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN) बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal- ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard-NFRS) भएका व्यवस्था अनुसार तयार गरिएको छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६, सहकारी विभाग/महाशाखाबाट जारी गरिएको निर्देशनहरूका अधिनमा रही तयार पारिएका छन् ।

**उक्त वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरू बुँदा नं ३ मा प्रस्तुत गरिएको छन् ।**

### २.१.१ Reporting Pronouncement:

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएको छन् ।

### २.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्थाः

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरूको लागि मात्र

व्यवस्था गरिएता पनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**(क) NFRS 9- वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**
NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्थामध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी एकीकृत निर्देशनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**(ख) NFRS 9- वित्तीय उपकरणः पहिचान तथा मापन (समायोजित ब्याज दर-Effective Interest rate सम्बन्धी):**
NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Ratio) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृतिः**
संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०८० श्रावण १ गते र अन्त्य २०८१ असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण २०८१/०६/२५ गतेका दिन पारित गरेको साथै शेयर सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिस गरिएको छ ।

**२.२. वित्तीय विवरणको उत्तरदायित्वः**
संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएको छन् ।

क) संस्थाको आषाढ मसान्त, २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)
ख) संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)
ग) संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),
घ) संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा
ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

**२.३. कार्यात्मक तथा प्रस्तुतिकरण मुद्राः**

वित्तीय विवरणहरु संस्थाको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अंकहरु निकटतम रुपैंयामा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेक अङ्कहरुको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरुलाई Rounding off गरी प्रस्तुत गरिएको छ ।

**२.४. महत्वपूर्ण लेखाङ्कन निर्णय र अनुमानः**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

**वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :**

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Assets and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएको,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मूल्याङ्कनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरूमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ :

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रूपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरूलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको

नोक्सानी व्यवस्थाको मूल्याङ्नको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्नको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

सहकारीको वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैह्र वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्थाः**

सहकारीले आवधिक रूपमा गैह्र वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई “Value in Use" मापन गर्नुपर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधिः**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**(क) चालु आयकर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागु भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**(ख) स्थगन कर**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वंसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरीँदैन ।

**२.४.७ सम्भावित दायित्वको लागि व्यवस्थाः**

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रणभन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरु पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वंसनीय आधार नभएको ।
- यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

**२.४.८ लगानी सम्पत्तिको वर्गीकरणः**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मूल्य वृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गीकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तनः**

NFRS ले लेखाङ्कनले निर्धारण गरेको आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRS ले अवलम्बन गरेको सम्पत्ति र दायित्वको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा NFRS को मापन लागु गर्दै सहकारीले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ ।

यो वर्षको लेखा नीतिमा कुनै परिर्वतन गरिएको छैन ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरूः**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन, मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटीकरण लागु गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषणपछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्या जारी भएको छ । IASB नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी प्रावधानहरु लागु गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागु गरेको छ ।

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern):**

सहकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाइएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था ल्याएको पाइएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरु तयार पारिएको छ ।

**२.८ तुलनात्मक जानकारीः**

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पुर्नवर्गीकरण गरिएको छन् ।

**२.९ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरूः**

आर्थिक वर्षको अन्त्यदेखि वार्षिक वित्तीय विवरण (मिति असाढ ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

## ३ प्रमुख लेखा नीतिहरू:

### ३.१ मापनको आधार:

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याज दरको आधारमा मापन गरिएको छ ।

### ३.२ व्यवसाय प्राप्ति र साख:

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम “Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ :

**उक्त** Acquisition Method **को लागि:**

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधानहरु सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, सहकारीले प्रस्तुत वित्तीय विवरणहरु बनाउनुभन्दा पहिले गरिएको कुनै पनि व्यवसाय प्राप्तिका कारोबारहरुमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखाङ्कन गरेको छैन ।

### ३.३ नगद र नगद समान:

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

### ३.४ वित्तीय सम्पत्ति तथा दायित्व:

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अर्न्तगत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएको ऋणपत्र आदि पर्दछन् ।

#### ३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति:

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

#### ३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन:

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार

मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

**३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापनः**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएको वित्तीय सम्पत्ति ।
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएको वित्तीय सम्पत्ति ।
- उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :
- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model) .
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति ।

**३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएको वित्तीय सम्पत्तिः**

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

**१. Business Model परीक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधिसम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षणः**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएको वित्तीय सम्पत्तिः**

Amortized Cost मा मापन गरिएको बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेका छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएको बाहेक ईक्विटी शेयरमा गरिएको लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ । यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनर्मूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकमान्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व.सँग सम्बन्धित नाफालाई उक्त आ.व.को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ । तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ नं. मा प्रस्तुत गरिएको छ ।

**३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापनः**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व ।
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व ।

**३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वः**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**३.४.४.२ Amortized Cost मा मापन गरिएको वित्तीय दायित्वः**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । शुरूवाती मापन पश्चात परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनर्वर्गीकरणः**

वित्तीय सम्पत्ति तथा दायित्वको पुनर्वर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनर्वर्गीकरण गर्न बन्देज लगाएको छ । व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनर्वर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुनर्वर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पुनर्वर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागु हुन्छ । सो मिति अधिका कुनै पनि वित्तीय विवरणलाई पुनर्लेखन गरींदैन । कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पुनर्वर्गीकरण गरींदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण हुनु अघिको किताबी मूल्य र पुनर्वर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्गः**

**३.४.६.१ वित्तीय सम्पत्तिको निसर्गः**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्थाको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सोसँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सोसँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.४.६.२ वित्तीय दायित्वको निसर्गः**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारणः**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासलातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रूपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

**स्तर–१ः–** समान उपकरणका लागि सक्रिय बजारमा उद्‌धृत बजार मूल्यहरु (Unadjusted) ।

**स्तर–२ः–** अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरूको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ –

क) समान उपकरणका लागि सक्रिय बजारमा उद्‌धृत बजार मूल्य वा

ख) सक्रिय बजारभन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्‌धृत मूल्य वा

ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर–३ः–** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरीने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरूको उद्‌धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरीने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी:**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था ।
- सम्झौताका शर्तहरूको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता ।
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका ।
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहभन्दा हाल गरिएको आंकलन कम भएमा ।

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन:**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ । नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था:**

एकल रूपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्ने निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छ:

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम ।
- सदस्यको व्यापार व्यवसायको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता ।
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति ।
- धितोबाट उठ्न सक्ने अनुमानित रकम ।

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था:**

उस्तै प्रकृतिका ऋणहरूलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन सांख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई “Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरूलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रूपमा पनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पुनरसंरचना र पुनर्तालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था:**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पुनर्तालिकीकरण अथवा पुनरसंरचना गरिएको हुन्छ । यसरी पुनर्तालिकीकरण वा पुनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याजदरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रूपमा गणना गरींदैन । यस्ता ऋणलाई एकल रूपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS 9 (वित्तीय उपकरण–पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी):**
प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरूप, संस्थाले कर्जा लगानीमा रु ९,५९,३९,७२०.२६ कर्जा नोक्सानी व्यवस्था गरेको छ ।

**३.४.९ प्रचलित ब्याजदरभन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी:**
संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नीतिको प्रावधानभित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको सुरूवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रूपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रूपमा Amortized Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याजदर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रूपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

**३.४.१० Amortized Cost को मापन:**
कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को सुरूवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरेपछिको रकमलाई जनाईन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.५ लगानी सम्पत्ति (Investment Properties):**
NFRS 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS 5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । हाल संस्थामा कुनै प्रकारको लगानी सम्पत्ति रहेको छैन ।

**३.६ सम्पत्ति तथा उपकरण:**
सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**३.६.१ पहिचानको आधार:**
संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रु ३,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरूलाई पुँजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू. सम्पत्तिलाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.६.२ मापनको आधारः**

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

**३.६.३ लागत मोडल (Cost Model):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "लागत Model" मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

**३.६.४ पुनरमूल्याङ्कन मोडल (Revaluation Model):**

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनरमूल्याङ्कन Model अपनाएको छैन ।

**३.६.५ निसर्ग (Derecognition):**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गर्दा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.६.६ पुँजीकृत नगरिएको स्थिर सम्पत्तिः**

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरूलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रूपमा रकमान्तर गरी पुँजीकृत गरिन्छ ।

**३.६.७ ह्रासकट्टीः**

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कम्प्युटर तथा अन्य सामग्री | ५ वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| सवारी साधन | २० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी

राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.७ साख तथा अभौतिक सम्पत्ति लेखाङ्कनः

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रूपमा पुँजीकरण गरीदैन ।

### ३.७.१ साख (Goodwill)

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्वको योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ । साखलाई सोको लागत मूल्यबाट सोमा भएको सञ्चित क्षयिकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ ।

साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ ।

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयिकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसँग इकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ । यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मूल्य भन्दाबढि भएको अवस्थामा साखमा क्षयीकरणको पहिचान गरीछ । प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मुल्य रहित लागतको निपटान (Fair Value less cost to sell) र उपयोगको मूल्य मध्ये जुन बढी हुन्छ त्यसलाई मान्ने गरिन्छ । प्रस्तुत वित्तीय विवरणमा कुनै प्रकारको साखको लेखाङ्कन गरिएको छैन ।

### ३.७.२ अभौतिक सम्पत्तिः

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छ :

- लागतको मापन गर्न सकिने भएको ।
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा ।
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा ।

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयर र वेभसाईटलाई अमुर्त सम्पत्तिको रूपमा लेखाङ्कन गरिएको छ ।

### ३.७.३ कम्प्युटर सफ्टवेयर तथा वेभसाईटः

कम्प्युटर सफ्टवेयर तथा वेभसाईटलाई सोको लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रूपमा बनाइएका कम्प्युटर सफ्टवेयर र वेभसाईटको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

### ३.७.४ अभौतिक सम्पत्तिको निसर्गः

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन

नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७.५ अमूर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी:**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पुनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर तथा वेभसाईट | ५ वर्ष |

**३.८ आयकर:**

संस्थाले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धी विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.९ मा प्रस्तुत गरिएको छ ।

**३.८.१ वित्तीय विवरण अवधिको कर:**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ । आ.व २०८०/८१ देखि संस्थाले आयकर ऐनमा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रमा संचालित आफ्नो कारोबारको आम्दानीमा नगरपालिका क्षेत्रमा संचालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गर्ने र महानगरपालिकमा संचालित आफ्नो कारोबारको आम्दानीमा महानगरपालिका क्षेत्रमा संचालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गरिएको छ ।

**३.८.२ स्थगन कर:**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागु हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण आर्थिक वर्ष २०८०/८१ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागु हुने परिर्वतित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ ।

### ३.९ पट्टा दायित्वः

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तरनिहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधिभर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

#### पहिचान

पट्टाको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधिभरि आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

**छुटको सुविधा लिन सकिने पट्टाहरू :**

- छोटो अवधि (१२ महिना भन्दा कम), वा
- अन्तर्निहित सम्पत्तिको मूल्य कम भएको ।

संस्थाले आर्थिक वर्ष २०८०/८१ मा रु ७०,००२.८० बराबरको छोटो अवधि (१२ महिनाभन्दा कम) को पट्टामा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरेको छ ।

#### प्रारम्भिक मापन

#### पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधिभरि भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारको वृद्धिशील उधार दर १० प्रतिशतको दरले पट्टा दायित्वको मापन गरेको छ ।

#### आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति=प्रारम्भिक प्रत्यक्ष लागत + NAS घठ अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्टा प्रोत्साहन

#### पछिको मापन (Subsequent Measurement)

#### आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कंन मोडल लागु नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ । लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टी र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टीको लेखाङ्कन गर्ने गरिएको छ ।

#### पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्दि गर्ने ।
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने, र
- कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम ।

**खर्चको पहिचान र मापन**
पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरूको पहिचान गर्ने गर्दछ ।
- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी ।
- पट्टा दायित्वमा ब्याज खर्च ।
- आर.ओ.यू सम्पत्तिको हानी ।
- परिवर्तनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टी खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रासकट्टी र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.१० सम्भावित दायित्वहरू**
संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरु समावेश गरिएको छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रणभन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दाबढी अनिश्चित घटनाक्रमहरूले निर्क्याेल गर्दछ ।

**३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएको दायित्वहरू ।**
- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको ।
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको पहिचान**
अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – “Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

**३.११.१ ब्याज आम्दानी:**
ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको “खुद प्राप्ति मूल्य“ जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिनाभन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०८०/८१ मा रु ८,६४,०७,०४५ र आ.व २०७९/८० मा रु ७,६४,७९,७९९।- ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

**३.११.२ शुल्क तथा कमिशन आय:**
ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरीने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख) मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

### ३.११.३ लाभांश आम्दानी:

- संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।
- बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।
- संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

### ३.११.४ खुद व्यापारिक आम्दानी:

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्थाको कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

### ३.११.५ अन्य सञ्चालन आम्दानी:

विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, संरक्षित पुँजी फिर्ता कोष बापत प्राप्त आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

### ३.११.६ गैर सञ्चालन आम्दानी:

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी, व्यापारिक आम्दानी तथा अन्य सञ्चालन आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । घर भाडा आम्दानी, एम्बुलेन्स सञ्चालनबाट आम्दानी, भ्यान सञ्चालनबाट आम्दानी, शव वाहन सञ्चालनबाट आम्दानी तथा सामान विक्रीबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२९ मा प्रस्तुत गरिएको छ ।

#### ३.११.६.१ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान):

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ ।

### ३.१२ ब्याज खर्च

सदस्यहरूको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.२० मा प्रस्तुत गरिएको छ ।

### ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 – “Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नुपर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्:

**३.१३.१ अल्पकालीन कर्मचारी खर्चहरू**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिनाभित्र भुक्तानी गरीने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरूमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

**३.१३.२ रोजगारपछिको सुविधा जस्तैः**

- अवकास लाभ (सामाजिक सुरक्षा, अवकाश हुँदा एकमुष्ठ भुक्तानी) ।
- अन्य रोजगारपछिको लाभ जस्तै रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा ।

**३.१३.२.१ परिभाषित योगदान योजनाः**

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारपछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले ३ महिना परीक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको आधारभूत तलबमानको २० प्रतिशतका दरले नियुक्ति पाएकै मितिदेखि सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

**३.१३.२.२ परिभाषित लाभ योजनाः**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गराई सकेको हुनाले कर्मचारी उपदान बापतको सेवा सुविधा रहेको छैन ।

**३.१३.३ अन्य दिर्घकालीन कर्मचारी सुविधा**

**कर्मचारी बिदा वापतको खर्च**

क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरूलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरीने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्ः

- सञ्चित हुने, र
- सञ्चित नहुने ।

ग) संस्थाले हाल आफ्नो कर्मचारीहरूको कुनै पनि बिदा सञ्चित नहुने नीति लिएको छ र सोही अनुरूप कर्मचारीको बाँकी रहेको बिदा सोही आर्थिक वर्षमा नै भुक्तानी गरी वा दायित्व सिर्जना गरी राफसाफ गर्ने गरेको छ । उक्त बिदा बापतको खर्च अल्पकालीन कर्मचारी खर्च अन्तर्गत वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

**३.१४ पट्टाः**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिनाभन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधिभर समदर गणना विधि (Straight Line Basis) अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा

दायित्वको रूपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**३.१५ विदेशी विनिमय कारोबार:**

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रूपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रूपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.१६. शेयर पुँजी र जगेडा कोषहरू:**

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने १६ वर्ष उमेर पुरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको एक सदस्य एक मतको आधारमा साधारण सभामा भाग लिने अधिकार प्राप्त गर्दछन् भने शेयर पुँजीको आधारमा वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संस्थाले ३.१७ मा उल्लेख गरे अनुसार कोष तथा जगेडाकोष कायम गरेको छ ।

**३.१७. कोषहरू:**

कोष अन्तर्गत साधारण जगेडा कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, घाटापुर्ति कोष, सामूदायिक विकास तथा सदस्य सुरक्षण कोष, अन्य जोखिम व्यवस्थापन कोष, NFRS समायोजन कोष आदि पर्दछन् ।

**३.१७.१ NFRS समायोजन कोष:**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण बाँडफाँड योग्य नभएको मुनाफा सिर्जना भएको खण्डमा यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत ब्याज मुल्तवीबाट जनाईएको ब्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

**३.१७.२ संचित नोक्सानी कोष**

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोको कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस संचित नोक्सानी कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

**३.१७.३ साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडाफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

**३.१७.४ संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँडपछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने कोष हो ।

### ३.१७.५ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँडपछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्न कोषमा सार्ने नीति लिएको छ ।

### ३.१७.६ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्न कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरु: शेयर लाभांश कोस, घाटापूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष, सामुदायिक विकास कोष, सहकारी स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खुद मुनाफाबाट संचित नोक्सानी, NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्न कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँडपछिको रकमलाई निम्न प्रतिशतको आधारले प्रत्येक माथि उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ ।

| कोष | यस आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| शेयर लाभांश कोष | ५०% | ५०% |
| घाटापूर्ति कोष | ५% | ५% |
| कर्मचारी बोनस कोष | १५% | २०% |
| सहकारी शिक्षा कोष | १०% | ५% |
| सहकारी विकास कोष | ५% | ५% |
| सामुदायिक विकास कोष | ५% | ५% |
| सहकारी स्थिरीकरण कोष | ५% | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | ५% |
| **जम्मा** | **१००%** | **१००%** |

### ३.१७.७ अन्य कोष :

संस्थाको नीति अनुसार विभिन्न उद्देश्य हासिल गर्न निम्न स्वतन्त्र कोषहरु खडा गरिएको छ ।

#### ३.१७.७.१ घातक रोग उपचार कोष:

सदस्यहरुलाई विभिन्न प्राण घातक रोगहरु लागेको अवस्थामा संस्थाको तर्फबाट वित्तीय सहायता उपलब्ध गराउने उद्देश्यले सदस्यहरुको योगदानमा आधारित रहने गरी संस्थाले घातक रोग उपचार कोष खडा गरी सञ्चालन गरेको छ । उक्त कोष सम्बन्धी संस्थाको नीति बमोजिम १८ विभिन्न घातक रोगहरुमा कारोवारको आधारमा अधिकतम रु ५,००,०००।– सम्म सुविधा प्रदान गर्ने व्यवस्था गरिएको छ । सम्पूर्ण सुविधाहरु सदस्यहरुले वर्षभरि गरेको कारोवार तथा नियमित रुपमा जम्मा गरिएको मासिक बचतको आधारमा गणना गरी भुक्तानी गर्ने नीति लिईएको छ ।

#### ३.१७.७.२ उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कोष:

संस्थाले वि.स. २०७६ सालमा राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त गर्ने क्रममा भुक्तानी प्राप्त भएको नगद रकम उक्त कोषमा जम्मा गरी वित्तीय प्रतिवेदनमा प्रस्तुत गर्ने नीति लिईएको छ ।

### ३.१८ प्रतिशेयर आम्दानी:

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति शेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयर सदस्यहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयर सदस्यका संख्याले विभाजन गरी गणना गरिन्छ तर

संस्थाले भारित औसत शेयर सदस्यको संख्याको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयर सदस्यको संख्याको प्रयोग गरेको छ । Diluted EPS साधारण शेयर सदस्यहरूका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयर सदस्यको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

### ३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था:

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको कितावी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढी हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ ।

### ३.२० नगद प्रवाह विवरण:

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement या Cash Flows को Direct Method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ :

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

### ३.२१ प्रस्तावित लाभांश:

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणापछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मितिपछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

### ३.२२ तुलनात्मक रकम:

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुन:वर्गीकरण गरिएको छन् ।

### ३.२३ अन्तरिम वित्तीय रिपोर्टिङ्ग:

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ। ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरूका तथ्याङ्कहरूलाई NFRS अनुसार लेखाङ्कन गरी प्रस्तुत गर्ने गरेको छैन ।

## ४. वित्तीय विवरण:

वित्तीय विवरणहरु ४.१ देखि ४.३१ सम्म संलग्न गरिएको छ ।

## ५. प्रकटीकरण तथा थप जानकारी:

### ५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य:

#### ५.१.१ बजार मूल्य मापनको श्रेणीकरण:

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ :

**श्रेणी १**

- यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मुल्यलाई कुनै समायोजन विना लिइन्छ ।
- यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद विक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृित बजार मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत बजार मूल्य ।
- वित्तीय उपकरणहरुको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्नको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई बजार मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सोको निर्धारण मूल्याङ्नका विभिन्न पद्धति अपनाएर गरिन्छ र सोमध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value र Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

**५.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरण:**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखाङ्कन र प्रस्तुत गर्ने गरेको छ:

- अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

**संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरू निम्न प्रकार रहेका छन् :**

| विवरण | २०८१ आषाढ मसान्त | २०८० आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|
| इक्विटी उपकरणहरु | | | |
| सूचीकृत शेयर | - | - | श्रेणी १ |
| सूचीकृत नगरिएको शेयर | २,४३,४५,४००.०० | २,३१,४९,५००.०० | श्रेणी ३ |
| **कुल लगानी** | **२,४३,४५,४००.००** | **२,३१,४९,५००.००** | |

**५.२ सम्बन्धित पक्षहरूको विवरण:**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा संचालन सम्बन्धी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरु सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरुमा सहायक कम्पनीहरु, सम्बद्ध कम्पनीहरु, संस्थाका मुख्य शेयरधारकहरु, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरु र उनीहरुका नजिकका पारिवारिक सदस्यहरु पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरु भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरुहरूसँग त्यस्तै शर्तहरुमा कारोवार गर्दछ ।

### ५.२.१ संस्थाका संचालकहरू र प्रमुख कार्यकारी अधिकृत

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ ।

**आषाढ मसान्त २०८१ मा संस्थाको संचालक समितिका पदाधिकारी र सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन् :**

| क्र.स. | सदस्य नं. | नाम थर | पद |
|---|---|---|---|
| १. | ६ | योगेन्द्रकुमार कुँवर | अध्यक्ष |
| २. | २६२ | हरिहर सिग्देल | उपाध्यक्ष |
| ३. | ९ | अच्युतकुमार कार्की | सचिव |
| ४. | ६३ | मीनाकुमारी पाठक | कोषाध्यक्ष |
| ५. | ४० | शरद कुँवर | सह-सचिव |
| ६. | ५ | शिवशंकर मानन्धर | सदस्य |
| ७. | १५२०९ | ऋषिराम घिमिरे | सदस्य |
| ८. | ४५ | लक्ष्मीबहादुर महर्जन | सदस्य |
| ९. | २५१ | दिलकुमारी महर्जन | सदस्य |
| १०. | १२१ | गोविन्द बस्नेत | सदस्य |
| ११. | ५९५२ | रबिना महर्जन | सदस्य |
| १२. | ११६० | सुबास श्रेष्ठ | सदस्य |
| १३. | १०७६९ | कृष्णकुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

**(क) संचालक समितिका सदस्यहरुको भत्ता तथा सुविधाहरू:**

संचालक समितिका सबै सदस्यहरु गैह्र कार्यकारी संचालक हुन् । आ.व. २०८०/८१ मा गैह्र कार्यकारी संचालकहरुलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन्:

**प्रति बैठक भत्ता:**

- संचालक समिति लेखा सुपरिवेक्षण समितिको भत्ता प्रति बैठक रु २,०००/-
- ऋण उपसमितिको भत्ता प्रति बैठक रु १,०००/-
- अन्य उपसमितिहरु भत्ता प्रति बैठक रु १,०००/-
- आ.व. २०८०/०८१ को जम्मा बैठक भत्ता खर्च रु ७,७२,०००/-

**(ख) ईन्धन तथा अथिति सत्कार खर्च:**

- मासिक रु १०,०००/- (अध्यक्ष)
- मासिक. रु ५,०००/- (निवर्तमान अध्यक्ष)

**(ङ) संस्थाका मुख्य व्यवस्थापकहरूलाई प्रदान गरिएको तलव तथा सुविधाहरू:**

आ.व. २०८०/८१ मा मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

| तलब तथा सुविधाको प्रकृति | कुल रकम रू | कैफियत |
|---|---|---|
| अल्पकालिन सुविधा | ५२,४१,७४३/- | व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा व्यवस्थाप पद आठौं तह र सो भन्दा माथिका कर्मचारीहरु पर्दछन् । |
| सेवा अवधि पश्चातको सुविधा | ६५,०६६/- | |
| अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु | | |
| अवकाश सुविधा | | |

**अन्य जानकारीः**

क) मुख्य व्यवस्थापकहरूले संस्थाको कर्मचारी प्रशासन आन्तरिक कार्यविधि, २०७९ अनुसार नै अन्य सुविधाहरु प्राप्त गरेका छन् ।

ख) मुख्य व्यवस्थापकहरूले कर्मचारी बोनस कोष अन्तर्गत छुट्टाइएको रकम प्राप्त गरेका छन् ।

**हाल मुख्य व्यवस्थापनमा निम्न कर्मचारीहरू समावेश छन् ।**

१) कृष्णकुमार श्रेष्ठ — प्रमुख कार्यकारी अधिकृत
२) कविन्द्र धौबञ्जार — नायव प्रमुख कार्यकारी अधिकृत
३) सुमित्रा त्रिपाठी — व्यवस्थापक

### ५.३ मर्जर तथा एक्विजिसनः

सहकारीले आर्थिक वर्ष २०८०/८१ मा ओमन्स क्रियसन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुढानीलकण्ठ न.पा. ६, काठमाण्डौं र पाटन बहुउद्देश्यीय सहकारी संस्था लि. पुल्चोक ललितपुरसँग एकीकरण गरी ओमन्स क्रियसन सँग २०८० माघ ६ गते देखि र पाटन बहुउद्देश्यीय सहकारी संस्था लि. सँग २०८० चैत्र १ गते देखि एकीकृत कारोबार सुरु गरेको हो ।

### ५.४ रिपोर्टिङ अवधिपछिका घटनाहरूः

- रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरीने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधिपछिका घटनाहरु भनिन्छ ।
- रिपोर्टिङ अवधिपछिका घटनाहरूको लेखाङ्कन र रिपोर्टिङको लागि NAS-10 “Events after the Reporting Period" को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधिपछिका समायोजन हुने घटनाहरूः**

- रिपोर्टिङ अवधिपछि समायोजन गर्नुपर्ने घटनाहरु कुनै रहेको छैन ।

### ५.५ भारित औसत व्याजदरको अन्तरः

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औसत ब्याजदर | १४.२५% |
| निक्षेप तथा ऋणमा भारित औसत ब्याजदर | ९.७३% |
| खुद भारित औसत व्याज दर अन्तर | ४.५२% |

६. पर्ल्स (PEARLS) प्रतिवेदन:

| तुलनात्मक पर्ल्स विश्लेषण प्रतिवेदन, २०८१ आषाढ मसान्त | | | | | | |
|---|---|---|---|---|---|---|
| सूचाङ्क | | लक्ष्य | अनुपात | | २०८१ आषाढ | २०८० आषाढ |
| P= Protection: (सुरक्षण) | | | | | | |
| P1 | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ९,३२,१७,०९७.२१ | ९,३२,१७,०९७.२१ | १००.००% | ७९.७% |
| P2 | १२ महिनाभन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | २७,२२,६२३.०५ | ७७,७८,९२३.०० | ३५.००% | ३५.००% |
| P2X | असल ऋणको लगि व्यवस्था(ने.रा.बैंकको निर्देशन तथा संस्थाको निर्णयानूसार) | १% | - | २,१७,६६,५२,७८३.९४ | ०.००% | ०% |
| E=Effective Financial structure: (प्रभावकारी वित्तीय संरचना) | | | | | | |
| E1 | कुल सम्पत्तिमा खुद ऋणको अनुपात | ७०-८०% | २,१८,१७,०९,०८३.८९ | ३,३८,१७,१९,६५८.४३ | ६४.५१% | ६७.८८% |
| E5 | कुल सम्पत्तिको अनुपातमा बचत हिसाव | ७०-८०% | २,९७,७८,३५,६५०.५१ | ३,३८,१७,१९,६५८.४३ | ८८.०६% | ८७.७२% |
| E6 | कुल सम्पत्तिको अनुपातमा बाह्य ऋण | ५% भन्दा कम | - | ३,३८,१७,१९,६५८.४३ | ०.००% | ०.४०% |
| E7 | कुल सम्पत्तिको अनुपातमा शेयर पुँजी | १०-२०% | २१,१६,३५,४००.०० | ३,३८,१७,१९,६५८.४३ | ६.२६% | ६.२७% |
| E8 | कुल सम्पत्तिको अनुपातमा संस्थागत पुँजी | कम्तिमा १०% | ११,५२,३१,६९९.७० | ३,३८,१७,१९,६५८.४३ | ३.४१% | ३.४८% |
| A= Assets Quality: (सम्पत्तिको गुणस्तर) | | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाका नाघेको ऋण | ५% भन्दा कम | १०,०९,९६,०२०.२१ | २,२७,७६,४८,८०४.१५ | ४.४३% | ५.६८% |
| A2 | कुल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्ति | ५% भन्दा कम | १२,९५,१५,५०४.५९ | ३,३८,१७,१९,६५८.४३ | ३.८३% | ५.००% |
| R=Rate of Return: (लगानीमा प्रतिफल) | | | | | | |
| R1 | औसत कुल शुद्ध ऋणको अनुपातमा ऋणबाट प्राप्त व्याज | व्याज दर | ३३,०९,६३,२२९.४४ | २,१९,९५,२८,३४६.७९ | १५.०५% | १५.०३% |
| R5 | औसत बचतको अनुपातमा बचतमा तिरेको व्याज | बजार दर | ३२,३५,७७,९१२.६८ | २,८२,६९,३३,८२५.३६ | ११.४५% | ११.०३% |
| R7 | औसत शेयरपूजीको अनुपातमा लाभांश वितरण | बजार दर भन्दा बढि | ७१,७६,९०५.३१ | २०,१४,३०,४००.०० | ३.५६% | ०.६६% |
| R8 | औसत सम्पत्तिको अनुपातमा कुल आम्दानी | पुँजी बृद्धि गर्ने | ४१,३६,६६,४५७.७७ | ३,२१,६१,५४,९६४.४२ | १२.८६% | १३.३५% |
| R9 | सम्पत्तिको अनुपातमा संचालन खर्च | ५% भन्दा कम | ५,१३,७५,६०२.०९ | ३,२१,६१,५४,९६४.४२ | १.६०% | १.७४% |
| R12 | खुद आय÷ औसत सम्पत्ति | कम्तिमा १० | १,७४,८४,६७८.५२ | ३,२१,६१,५४,९६४.४२ | ०.५४% | ०.४६% |
| L=Liquidity: (तरलता) | | | | | | |
| L1 | कुल बचतको अनुपातमा तरलता | कम्तिमा १५% | ६७,२२,९२,४५०.६२ | २,९७,७८,३५,६५०.५१ | २२.५८% | २०.५२% |
| L3 | कुल सम्पत्तिको अनुपातमा आय आर्जन नगर्ने तरल सम्पत्ति | १% भन्दा कम | ४४,९०,९६५.०० | ३,३८,१७,१९,६५८.४३ | ०.१३% | ०.१६% |
| S= Sign Of Growth: (बृद्धि) | | | | | | |
| S10 | सदस्यता बृद्धिदर | १५% भन्दा बढि | ३१३४ | १७६४० | १७.७७% | ११.०६% |
| S11 | सम्पत्तिमा बृद्धिदर | मुद्रास्फितिदर भन्दा बढि | ३३,११,२९,३८८.०२ | ३,०५,०५,९०,२७०.४१ | १०.८५% | ८.३१% |

# हार्दिक समवेदना

आ.व. २०८०/८१ मा दिवंगत हुनु भएका यस संस्थाका सदस्यहरूको आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजन तथा आफन्तहरूमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

| स.नं. | सदस्यको नाम |
|---|---|
| १५५ | सूर्यबहादुर नकर्मी |
| ६०८ | श्रीभाइ महर्जन |
| ८४१ | नमकला खराल |
| ११२४ | हरिबहादुर खड्का |
| ११९७ | सुमन कार्की |
| १२४५ | ईन्द्रकुमारी गड्तौला |
| १६३० | भाइराम श्रेष्ठ |
| १७६५ | बिष्णु श्रेष्ठ |
| २०६१ | कृष्णशरण महत |
| २०९४ | ईन्द्रदेवी महर्जन |
| ३०१५ | राजेश बानियां |
| ३०३६ | सिताकुमारी भारती |
| ३०९९ | मानबहादुर घलान |
| ३४५८ | टेकप्रसाद पुडासैनी |
| ३४८४ | बिष्णुप्रसाद पौडेल |
| ४५१८ | बबीमानसिंह बस्नेत |
| ४८९५ | लक्ष्मी रानामगर |
| ५०७४ | बिमल न्यौपाने |
| ६१६८ | ठूली लामा (तामाङ) |
| ६३७१ | सुमित्रा दवाडी |
| ६५४६ | मिठाई बज्राचार्य |
| ६९८९ | रेसु गौतम |

| स.नं. | सदस्यको नाम |
|---|---|
| ७४५५ | बिष्णु श्रेष्ठ |
| ७८४२ | गोपीराज पाठक |
| ७८८२ | बसन्तमाया श्रेष्ठ |
| ७९५६ | देवी खत्री |
| ८५४० | कृष्णदेवी श्रेष्ठ |
| ९१४५ | लिलाबहादुर थापा क्षेत्री |
| ९२८९ | धर्मराज खत्री |
| १०३९४ | माहिला महर्जन |
| १०४९८ | सुवर्ण उदास |
| ११४२९ | गणेशबहादुर कडेल |
| ११६१४ | रामेश्वर बोहोरा क्षेत्री |
| ११९३२ | शान्तकुमार थापा |
| १२००९ | अमृतबहादुर राई |
| १२२७२ | अश्मिता भण्डारी |
| १३४१४ | प्रविण श्रेष्ठ |
| १७८४१ | पुरूषोत्तमप्रसाद शर्मा |
| १८६२७ | रामकुमारी श्रेष्ठ |
| १८९२८ | नन्दबहादुर महर्जन |
| १९१२९ | जीतेश कुश्ले |
| २०३२८ | सरु महर्जन |
| २१३३७ | ज्ञानीमाया श्रेष्ठ |

**योगेन्द्रकुमार कुँवर**
अध्यक्ष तथा

**चन्द्रागिरि**
"दिगो सहकारी, सुखी र समृद्ध सदस्य"
**बचत तथा ऋण सहकारी संस्था लि.**
**परिवार**

# चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका वडा नं. ७, थानकोट, महादेवस्थान, काठमाण्डौं

## सल्लाहकार परिषद तथा विभिन्न उपसमितिहरू

| सल्लाहकार परिषद | |
|---|---|
| संयोजक | प्रा.डा. आनन्दकुमार शर्मा |
| सदस्य | प्रा.डा. रामशरण पाठक |
| सदस्य | माधवप्रसाद ढकाल |
| सदस्य | घनश्याम गिरी |
| सदस्य | श्रीराम थापा |
| सदस्य | डा.रामजी न्यौपाने |
| सदस्य | मोदनाथ प्रश्रित पौडेल |
| सदस्य | विष्णुगोपाल खत्री |
| सदस्य | डा. सुमन सुवेदी भट्टराई |

| ऋण उपसमिति | |
|---|---|
| संयोजक | शरद कुँवर |
| सदस्य | रमेशकुमार कार्की |
| सदस्य | बिना रोकाय |

| शिक्षा उपसमिति | |
|---|---|
| संयोजक | हरिहर सिग्देल |
| सदस्य | नवराज श्रेष्ठ |
| सदस्य | |

| सेवा विस्तार तथा सेवा केन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | शिवशंकर मानन्धर |
| सदस्य | हरि महर्जन |
| सदस्य | समिता के.सी. सिलवाल |

| लघुवित्त व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | दिलकुमारी महर्जन |
| सदस्य | गोपी थापा |
| सदस्य | अञ्जु के.सी. |

| सदस्य विस्तार तथा व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | मीनाकुमारी पाठक |
| सदस्य | धर्मप्रसाद खनाल |
| सदस्य | पृथ्वीबहादुर लामा |

| एम्बुलेन्स तथा शव बाहान व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | लक्ष्मीबहादुर महर्जन |
| सदस्य | विनोद थापा |
| सदस्य | मीरा पोते |

| सामाजिक सुरक्षा तथा सदस्य राहत उपसमिति | |
|---|---|
| संयोजक | गोविन्द बस्नेत |
| सदस्य | रेशमबहादुर भण्डारी |
| सदस्य | मिथुला रेग्मी कोईराला |

| महिला सशक्तिकरण उपसमिति | |
|---|---|
| संयोजक | रबिना महर्जन |
| सदस्य | यसोदा गौतम |
| सदस्य | |

| युवा तथा उद्यमशीलता प्रवर्द्धन उपसमिति | |
|---|---|
| संयोजक | सुबास श्रेष्ठ |
| सदस्य | जीवन नेपाल |
| सदस्य | रिजु मानन्धर |

| दहचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | हरिहर सिग्देल |
| सदस्य | ललिता बखती |
| सदस्य | |

| शुभतारा सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | ऋषिराम घिमिरे |
| सदस्य | मिनराज दुलाल |
| सदस्य | अञ्जना कुँवर |

| ओमन्स क्रियशन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | मीना श्रेष्ठ |
| सदस्य | प्रभा पाण्डे |
| सदस्य | मन वाग्ले |
| सदस्य | देवना राणा |
| सदस्य | रेखा तुलाचन |

| पाटन सेवाकेन्द्र व्यवस्थापन उपसमिति | |
|---|---|
| संयोजक | निर्मला श्रेष्ठ हाडा |
| सदस्य | त्रिपुरालक्ष्मी जोशी |
| सदस्य | ललिता श्रेष्ठ |

| एक्सेस ब्राण्डिङ कार्यक्रम उपसमिति | |
|---|---|
| संयोजक | शिवशंकर मानन्धर |
| सदस्य | सजना कुँवर |
| सदस्य | कृष्णकुमार श्रेष्ठ |

| पदपूर्ति उपसमिति | |
|---|---|
| संयोजक | अच्युतकुमार कार्की |
| सदस्य | उमेश्वरनाथ गोंगल |
| सदस्य | कृष्णकुमार श्रेष्ठ |

| पदपूर्ति कार्यदल | |
|---|---|
| संयोजक | कृष्णकुमार श्रेष्ठ |
| सदस्य | कविन्द्र धौबन्जार |
| सदस्य | सुमित्रा त्रिपाठी |

# कर्मचारी व्यवस्थापन



मुख्य कार्यालय



दहचोक सेवा केन्द्र



शुभतारा सेवा केन्द्र



ओमन्स क्रियशन सेवा केन्द्र



पाटन सेवा केन्द्र

# आहतमा राहत:

२०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाको कारणबाट बाढी पहिरो लगायतबाट भएको क्षतिमा चन्द्रागिरि साकोसका सदस्यहरूको लागि देहाय अनुसारको राहतको व्यवस्था रहेको छ ।

- सदस्यको मृत्यु भएकोमा रू. २ लाख रूपैयाँसम्म ।
- सदस्यको परिवारमा मृत्यु भएकोमा रू. २५ हजार रूपैयाँसम्म ।
- सदस्य घाईते भई अस्पताल भर्ना भएर उपचार गराएकोमा रू. ३० हजारसम्म ।
- घरको क्षति, धितोको क्षति, सदस्यको व्यवसाय/परियोजनाको क्षति, कृषि चौपाया आदिको क्षतिमा धन जमानीमा रू. ३ लाखसम्म र धितोमा रू. १५ लाखसम्म ७.५% ब्याजदरमा सहुलियत ऋण सुविधा ।

- **उल्लेखित राहत तोकिएको अवधिभित्र क्षति दर्ता गराउने सदस्यहरूका लागि मात्र लागु हुनेछ ।**
- **सहुलियत ऋणको लागि नीति बमोजिमका शर्तहरू लागु हुनेछ ।**

**विस्तृत जानकारीको लागि:**
**९८०२०२३५९२, ९८०१०४२९४१**

**चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.**

"दिगो साकोस, सुखी र समृद्ध सदस्य"


**Head Office:**
Chandragiri Municipality-7, Thankot, Mahadevsthan, Kathmandu
Tel.: 01-4313058, 01-4313059, 01-4312777, 01-4316777
Ambulance Tel.: 01 4312109, Mob.: 9810198440, 9741263773
Email: info@chandragiri.coop.np, saccoschandragiri@gmail.com

**Service Center:**
Dahachowk Service Center, Tel.: 01-5131135
Shubhatara Service Center, Tel.: 01-5231021, 01-5230422
Woman's Creation Service Center, Tel.: 01-4376306
Patan Service Center, Tel.: 01-5448280